साउन – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३३, अङ्क ७ | २०८१ साउन १-१५ | पूर्णाङ्क ७६९



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री ठगिन्द्र कट्टेल, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री कृष्णबहादुर तामाङ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | १ |
| इजलास नं. १ | ६ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ४ | ९ |
| **जम्मा** | **१९** |

| | |
|---|---|
| इजलास नं. ५ | ८ |
| इजलास नं. ८ | ८ |
| इजलास नं. १० | ७ |
| इजलास नं. ११ | ५ |
| इजलास नं. | |
| **जम्मा** | **२८** |

**कूल जम्मा १९ + २८ = ४७**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, साउन – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

## सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.१५०** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१** |
| **१.** | लिखत बदर, दर्ता बदर, दर्ता कायम | भोलादेवी चौधरीसमेत वि. रामचरित्र चौधरीसमेत | **१** |
| **इजलास नं. १** | | | **१ - ४** |
| **२.** | खोटा चलन | बसिर मियाँ धोवी वि. नेपाल सरकार | **१** |
| **३.** | करकाप | संगमित्रा श्रेष्ठसमेत वि. कन्चन श्रेष्ठ | **२** |
| **४.** | नागरिकता किर्ते | मेखबहादुर राई वि. नेपाल सरकार | **२** |
| **५.** | उत्प्रेषण | देवकी बस्ताकोटी वि. उच्च अदालत पाटन, ललितपुरसमेत | **३** |
| **६.** | निषेधाज्ञा | सरिता सिंह वि. जगदम्बा इन्टरप्राइजेज प्रा.लि.समेत | **३** |
| **७.** | उत्प्रेषण | ललितकुमार यादव वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालयसमेत | **३** |
| **इजलास नं. २** | | | **४ - ७** |
| **८.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुर्जा भन्ने सूर्यनारायण यादवसमेत | **४** |
| **९.** | कर्तव्य ज्यान र जबरजस्ती चोरी | नेपाल सरकार वि. हस्तबहादुर शाही | **५** |
| **१०.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. चनबल घर्ती भन्ने चन्द्रबल घर्तीसमेत | **६** |
| **इजलास नं. ४** | | | **७ – १६** |
| **११.** | लागु औषध ब्राउन सुगर | नेपाल सरकार वि. अर्जुन गौतमसमेत | **७** |
| **१२.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. सौरभ दास | **९** |
| **१३.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. कृष्णप्रसाद पराजुलीसमेत | **९** |
| **१४.** | चेक अनादर | बाबुराम शर्मा वि. माया तिवारी | **११** |
| **१५.** | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. लेखनाथ तामाङ | **११** |
| **१६.** | उत्प्रेषणयुक्त परमादेशसमेत | सुमन साहसमेत वि. जिल्ला प्रशासन कार्यालय, पर्सासमेत | **१२** |
| **१७.** | लिखत बदर | मेघना राईसमेत वि. कुन्ता गिरीसमेत | **१३** |
| **१८.** | जबरजस्ती करणी | नेपाल सरकार वि. प्रमोद भन्ने भगिश्वर लिम्बु | **१४** |
| **१९.** | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. अम्मर नेपाली (दमाई) | **१५** |
| **इजलास नं. ५** | | | **१६ – २६** |
| **२०.** | बन्दी प्रत्यक्षीकरण | सुशन भन्ने राजेश्वर लिम्बु वि. झापा जिल्ला अदालत, भद्रपुर, झापासमेत | **१६** |
| **२१.** | बन्दी प्रत्यक्षीकरण | कविता लुइटेल वि. जिल्ला प्रहरी कार्यालय, दार्चुलासमेत | **१७** |
| **२२.** | निषेधाज्ञा | भोगेन्द्रलाल कर्णसमेत वि. रामबल्लभलाल कर्णसमेत | **१८** |

| | | | |
|---|---|---|---|
| २३. | उत्प्रेषण / परमादेशसमेत | शोभा पौडेलसमेत वि. श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत | १९ |
| २४. | अदालतको अवहेलना | आसामायाँ गोर्खाली श्रेष्ठ वि. जगदम्बे गुरूङसमेत | २० |
| २५. | जालसाजी | आसामायाँ गोर्खाली श्रेष्ठ वि. नेमलाल श्रेष्ठ गोर्खालीसमेत | २१ |
| २६. | लिखत बदर, दर्ता बदर दर्ता हक कायम | टुङ्गलाल शर्मा समेत वि. हरिप्रसाद अधिकारी | २२ |
| २७. | जबरजस्ती करणी | रईस खान वि. नेपाल सरकार | २४ |
| **इजलास नं. ८** | | | **२६ – ३५** |
| २८. | वैदेशिक रोजगार कसुर | वीरबहादुर मगर वि. नेपाल सरकार | २६ |
| २९. | उत्प्रेषण / परमादेश | दिपक विश्वकर्मा वि. काठमाडौं जिल्ला अदालतसमेत | २७ |
| ३०. | उत्प्रेषण / परमादेशसमेत | मोतिप्रसाद शर्मा वि. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, बुटवलसमेत | २८ |
| ३१. | उत्प्रेषण / परमादेशसमेत | ललिता गुरूङ वि. नेपाल फाइनान्स लिमिटेड, मुख्य कार्यालय, कमलादीसमेत | २९ |
| ३२. | उत्प्रेषणयुक्त परमादेश | सरोज भण्डारी वि. भक्तपुर जिल्ला अदालत, भक्तपुरसमेत | ३० |
| ३३. | उत्प्रेषणयुक्त परमादेश | रेणुका कार्की (भण्डारी) वि. श्री भक्तपुर जिल्ला अदालत, भक्तपुरसमेत | ३१ |
| ३४. | जबरजस्ती करणी | नेपाल सरकार वि. शशिधर बास्तोला | ३२ |
| ३५. | लागु औषध हिरोइन | संजय तामाङ वि. नेपाल सरकार | ३३ |
| **इजलास नं. १०** | | | **३५ – ४०** |
| ३६. | बैंकिङ कसुर | नेपाल सरकार वि. मधु थापा के.सी. | ३५ |
| ३७. | बैंकिङ कसुर | जीवन गुरूङ वि. नेपाल सरकार | ३६ |
| ३८. | उत्प्रेषण / परमादेश | बिन्दा ढुङ्गेल वि. काठमाडौं जिल्ला अदालत, बबरमहल | ३७ |
| ३९. | बैंकिङ कसुर | नेपाल सरकार वि. बिमकला राई | ३७ |
| ४०. | बैंकिङ कसुर | नेपाल सरकार वि. सरस्वतिदेवी चन्द | ३८ |
| ४१. | मानव बेचबिखन तथा ओसारपसार | देवेन्द्र वि.क. भन्ने दिपककुमार वि.क. वि. नेपाल सरकार | ३८ |
| ४२. | खोटा चलन | नेपाल सरकार वि. रामानन्दप्रसाद राउत कुर्मीसमेत | ४० |
| **इजलास नं. ११** | | | **४० – ४६** |
| ४३. | उत्प्रेषण / परमादेश | विकासकुमार अग्रवाल वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ४० |
| ४४. | उत्प्रेषण | सोनुकुमार वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ४१ |
| ४५. | हक कायम दर्ता | चन्द्रबहादुर मल्ल वि. सुनैयना श्रेष्ठसमेत | ४२ |
| ४६. | लेनदेन | रामसेवक महतो कोइरी वि. सुनिलकुमार चौधरी | ४४ |
| ४७. | बहुविवाह | नेपाल सरकार वि. जयराम छत्कुली | ४५ |

## पूर्ण इजलास

**१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री विनोद शर्मा**, *०८०-DF-०००१, लिखत बदर, दर्ता बदर, दर्ता कायम, भोलादेवी चौधरीसमेत वि. रामचरित्र चौधरीसमेत*

विवादित कि.नं. कि.नं. ५०७ र कि.नं. ६४१ का जग्गाहरू प्रतिवादी भगवानलाल चौधरीले प्रतिवादीमध्येकै रामचरित्र चौधरीबाट २०५९ सालमा खरिद गरी लिएको आफूखुस गर्न पाउने अवस्थाको जग्गा भन्ने देखिन आएको, घर व्यवहारकै क्रममा र.नं. २७९६ बाट मिति २०६४।६।२४ मा रामचरित्र चौधरीलाई मुलुकी ऐन, अंशबन्डाका महलको १९ नं. बमोजिम राजीनामा गरिदिएको देखिएको हुँदा वादी दाबीबमोजिम लिखत बदर गर्न मिलेन। लिखत बदर हुने ठहऱ्याएको सुरू सप्तरी जिल्ला अदालतको मिति २०६७।१२।२३ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०६९।१०।३ मा भएको फैसला मनासिब देखियो। तसर्थ, सो फैसला सदर हुने ठहर गरेको माननीय न्यायाधीश श्री नहकुल सुवेदीको मिति २०७९।९।१९ को राय मनासिब देखिँदा सोही राय सदर हुने।

इजलास अधिकृत : कुबेर पाण्डे

इति संवत् २०८० साल मङ्सिर ७ गते रोज ५ शुभम्।

## इजलास नं. १

**२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७६-CR-०२११, ०७६-CR-०९७७, खोटा चलन, बसिर मियाँ धोवी वि. नेपाल सरकार, नेपाल सरकार वि. दिल महमद मियाँ अन्सारीसमेत*

फौजदारी कसुरको स्पष्ट पुष्टिबिना कसुरदार कायम गरिनु कानूनी सिद्धान्तको विपरीतसमेत हुन जाने देखिँदा सम्बद्ध प्रमाण कागजातको अभावमा प्रतिवादीलाई सफाइ दिने गरी सुरू सदर गरेको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न मिलेन।

प्रतिवादी वसिरमियाँ धोवीलाई सहअभियुक्तले गरेको पोलबमोजिम खोटाचलनको कारोबारमा प्रत्यक्ष संलग्नता देखिएको हुँदा निजलाई अभियोग दाबीबमोजिम ३ वर्ष कैद ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७३/४/२५ को फैसला सदर हुन्छ। जरिवाना रू. ४,६८,८००/- हुने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला सम्बन्धमा हेर्दा, मुलुकी फौजदारी संहिता, २०७४ को दफा २५७ को उपदफा २ मा खोटा मुद्रा चलन गर्न नहुने कसुर गर्ने वा गराउने व्यक्तिलाई जरिवानाको हकमा सत्तरी हजार रुपियाँसम्म जरिवाना हुने भन्ने देखिन्छ। साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) को ग बमोजिम कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम कार्यान्वयन हुने तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र कार्यान्वयन हुने व्यवस्थाबमोजिम जरिवानाको हकमा पुनरावेदन अदालत हेटौंडाको फैसला केही उल्टी भई रू.७०,०००/- (सत्तरी हजार मात्र) जरिवाना हुने ठहर्छ। साथै दिल महमद मियाँ अन्सारीसमेत १० जना प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई सुरू सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला सदर हुने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

इति संवत् २०७९ साल चैत २८ गते रोज ३ शुभम्।

**३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१४८२, करकाप, संगमित्रा श्रेष्ठसमेत वि. कन्चन श्रेष्ठ

मुलुकी ऐन, अ.बं. ३८ नं. मा "जोर जुलुम करकाप गरी कागज गरे गराएमा" भन्ने वाक्यांश उल्लेख भएको देखिन्छ । प्रस्तुत मुद्दाको सन्दर्भमा जोर जुलुम गरिएको भन्ने तथ्यगत बेहोरा खुलाउन सकेको देखिँदैन । पद्मसिंह आंगदम्बेको मुद्दामा यस अदालतबाट "जबरजस्ती तवरले कागज गरे गराए होलान् भन्न केवल वादी समर्थित साक्षीकै बकपत्रको आधारमा मिल्ने नदेखिने । करकापको वारदातमा देखी जान्ने साक्षीको रहन हुन जाने भूमिकालाई विशेष मनन गरी मात्र तिनीहरूको भनाइलाई प्रामाणिक रूपमा ग्रहण गर्नुपर्ने"; "करकापजस्तो सूक्ष्म र जटिल फौजदारी प्रकृतिको अपराधजन्य कार्यको पुष्टि गर्नेजति साक्षी सबुद प्रमाणहरूको भूमिका अपरिहार्य हुन्छ, त्यति नै भूमिका वारदातको स्थिति अवस्था या परिस्थितिहरूले पनि निर्वाह गर्ने हुँदा वारदातको स्थिति परिस्थितिका अवस्थालगायत दाबी पुष्टि गर्ने साक्षी सबुद प्रमाणसमेतको एकरूपतामा मात्र करकापको अपराध प्रमाणित हुन सक्ने" भनी व्याख्या भएको देखिन्छ । यस अदालतबाट विगतमा गरिएका व्याख्या तथा प्रतिपादित सिध्दान्तका दृष्टिले हेर्दासमेत प्रस्तुत मुद्दामा करकाप भनी वादीले गरेको दाबी ठहर हुन सक्ने अवस्था देखिँदैन।

विवादित लिखत करकापबाट तयार गरिएको भन्ने तथ्य वादीले भरपर्दो र निश्चयात्मक प्रमाणद्वारा पुष्टि गर्न सकेको नदेखिएको हुँदा करकापबाट लिखत गराइएको भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबीबमोजिम विवादित लिखतहरू करकापबाट गराएको भनी ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१/११/२५ को फैसला त्रुटिपूर्ण देखिएकाले सो फैसला उल्टी भई वादी कन्चन श्रेष्ठको फिरादपत्र दाबी पुग्न नसक्ने ।

इजलास अधिकृत : प्रदीपकुमार उपाध्याय

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७८ साल फाल्गुण ६ गते रोज ६ शुभम् ।

**४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७४-CR-०९३३, नागरिकता किर्ते, मेखबहादुर राई वि. नेपाल सरकार*

यी पुनरावेदक प्रतिवादीसमेतउपर परेको किटानी जाहेरी, सहअभियुक्तहरूले आफूहरूसमेत कसुरमा साबित भई म मेखबहादुर राई हुँ भनी जिकिर लिएका यी पुनरावेदक प्रतिवादी मेघनाथ राईलाई गरेको किटानी पोल एवं किर्ते नागरिकता बरामद भएको अवस्थासमेतका आधार, कारण र प्रमाणबाट यी पुनरावेदक प्रतिवादीले अभियोग दाबी अनुसार कसुर गरेको ठहऱ्याई दाबी अनुसार सजाय गर्ने गरेको पुनरावेदन अदालत इलामको फैसलालाई अन्यथा भन्न मिलेन।

अतः प्रतिवादी मेघनाथ भन्ने मेखबहादुर राईलाई नागरिकता ऐन, २०६३ को दफा २१(३) को कसुरमा ऐ. २१(३) ले रू. २०,०००।– (बिस हजार रुपियाँ) जरिवाना हुने र सरकारी छाप दस्तखत किर्तेतर्फ तत्काल प्रचलित मुलुकी ऐन, किर्ते कागजको १ नं. को कसुरमा ऐ. ९ र १२ नं. बमोजिम सजाय गर्ने गरी सुरू पाँचथर जिल्ला अदालतबाट भएको मिति २०६९।१२।२५ को फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, इलामको मिति २०७०।१२।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - भेषराज कोइराला

कम्प्युटर अपरेटर - मन्दिरा रानाभाट

इति संवत् २०७९ साल भदौ १६ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७४-WO-०३८९, उत्प्रेषण, देवकी बस्ताकोटी वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

कुनै व्यक्ति विरूद्ध लगाइएको आरोपको कानूनबमोजिम प्रतिरक्षा गर्न पाउने संवैधानिक अधिकार रहेको छ । कसैलाई पनि स्वच्छ सुनुवाइको हकबाट वञ्चित गर्न मिल्ने देखिँदैन । सुनुवाइको मनासिब मौका नदिई सजाय हुने ठहर गर्दा स्वच्छ सुनुवाइसम्बन्धी हकमा आघात पर्न जाने हुन्छ । पुनरावेदन अदालत पाटनबाट म्याद जारी र तामेल गर्दा स्थायी ठेगाना उल्लेख हुँदाहुँदै अर्को स्थानमा बेपत्ते म्याद तामेल गरी सोको आधारमा फैसला भएको देखिँदा रीतपूर्वक सुनुवाइको अवसर प्रदान गरेको भनी सम्झन मिलेन ।

अत: पुनरावेदन अदालत पाटनबाट ०७०-CB-००७० को बैंकिङ कसुर मुद्दामा जारी गरिएको मिति २०७०/१०/१२ मा तामेल गरिएको सुरू म्याद र सो आधारमा मिति २०७३/२/१३ मा भएको पुनरावेदन अदालत पाटनको फैसलासमेत निज देवकी वस्ताकोटीको हकमा उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब निज निवेदक देवकी बस्ताकोटीलाई तत्काल सम्बन्धित कारागारबाट उच्च अदालत पाटनमा उपस्थित गराई निजको बयान लिने, थुनछेक आदेश गर्ने, प्रमाण बुझ्नेलगायत अरू जे जो प्रक्रिया पूरा गर्नुपर्छ पूरा गरी निजका हकमा पुनः कानूनबमोजिम फैसला गर्नु भनी उच्च अदालत पाटनसमेतका प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत :- शारदा फुयाल

इति संवत् २०७९ साल माघ ६ रोज ६ शुभम् ।

६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CI-०५४३,* निषेधाज्ञा, *सरिता सिंह वि. जगदम्बा इन्टरप्राइजेज प्रा.लि.समेत*

लगभग छ वर्षअगाडि परेको निषेधाज्ञाको निवेदनमा उठाइएका विवादित विषयवस्तुको सान्दर्भिकता अहिले लगभग नरहेको वा स्थितिमा परिवर्तन आएको कुरा प्रथम दृष्टिमा नै विचारणीय बन्न आएको छ । यसका अतिरिक्त, यिनै पक्ष विपक्षबिच यही जग्गाको मोही हकसम्बन्धी विषयमा चलेका मुद्दाहरूमध्ये कुनै मुद्दा भूमिसुधार कार्यालयमा र कुनै मुद्दा उच्च अदालतमा निरूपण गर्न बाँकी रहेको अवस्थामा रहेको देखियो । यसरी मुद्दा हेर्ने निकायहरूमा विचाराधीन रहेका मुद्दाहरूबाट नै मोही हकसम्बन्धी विवादको निरूपण गर्नु मनासिब हुने देखिन्छ । उल्लिखित मुद्दाहरूको निरूपण नहुँदै विवादास्पद हकको विषयमा अहिले यथास्थितिमा निवेदिका/पुनरावेदिकाको माग दाबी अनुसार निषेधाज्ञाको आदेश जारी गर्नु मनासिब र सान्दर्भिकसमेत देखिएन ।

अत: निवेदिका/पुनरावेदिका सरिता सिंहको मागबमोजिम विवादित मोही हकको विषयमा अहिले निषेधाज्ञाको आदेश जारी गर्नु मनासिब नदेखिएको हुँदा पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७३/५/१ मा भएको फैसला (आदेश) लाई अन्यथा परिवर्तन गरिरहन परेन ।

इजलास अधिकृत - शैलेन्द्र खड्का

कम्प्युटर - विजय खड्का

इति संवत् २०७८ साल फागुन ८ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७५-WO-०९७०, उत्प्रेषण, ललितकुमार यादव वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय, काठमाडौंसमेत*

निवेदक ललितकुमार यादवको नाउँमा सुरू जिल्ला अदालतबाट जारी भएको समाह्वान मिति २०६७।१०।८ मा निजको घरदैलोमा रीतपूर्वक तामेल भएकोमा उक्त म्यादभित्र निजले उपस्थित भई प्रतिवाद

गरी निवेदन दिएको देखिँदैन। मुलुकी ऐन, अ.व. २०८ नं. मा अड्डाबाट जारी भएको समाह्वान म्यादमा प्रतिवाद नगरी म्याद गुजारी बसेको झगडियाले ऐनबमोजिम एकतर्फी प्रमाण बुझी भएको फैसलाउपर पुनरावेदन लाग्न सक्दैन भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। सुरू अदालतबाट मिति २०७१।११।२५ मा भएको फैसला अनुसार यी निवेदकलाई अ.व.१९३ नं. बमोजिम जारी गरिएको पुनरावेदन म्याद मिति २०७३।०१।०८ मा यी निवेदककी आमा लक्ष्मीनियादेवी यादवलाई बुझाइएकोमा सो म्यादभित्रसमेत पुनरावेदन गरेको वा सो म्याद बदर गरिपाउँ भनी सुरू समाह्वान बेरितसँग तामेल भएको भनी अ.व. २०८ नं. बमोजिमसमेतको कुनै कारबाही गरेको देखिँदैन । म्याद तामेल गर्दा रोहबरमा उक्त वडाका सचिवसमेतको हस्ताक्षर रही भएको रीतपूर्वक जारी गरिएको म्यादलाई आमाको नाम नमिलेको भनी उल्लेख गरी आधारहीन तर्क अगाडि सारेर अदालतबाट कानूनबमोजिम जारी भएको र एकाघरको आमाले बुझेको म्यादलाई बेरितको भन्न मिल्ने देखिएन।

अत: रिट निवेदकको नाममा अदालतबाट जारी भएको म्याद रीतपूर्वकको देखिएको, निवेदकले शरीर बन्धक तथा हात हतियार खरखजाना मुद्दामा सुरू सिराहा जिल्ला अदालतबाट भएको फैसला कार्यान्वयनको लागि थुनामा रहेको र सो फैसला अनुसार निजहरूको नाउँमा जारी भएको कैदीपुर्जीलगायतको काम कारबाहीबाट निवेदकको कुनै हक अधिकारमा असर परेकोसमेत नदेखिएको हुँदा अदालतको फैसला अनुसार कैदमा रहेको, निज निवेदकलाई जारी भएको म्याद रीतपूर्वक तामेली भएकोले उक्त म्याद तामेलीलाई गैरकानूनी भन्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : शारदा फुयाल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल माघ ६गते रोज ६ शुभम् ।

## इजलास नं. ३

### ८

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-CR-१३२९, ०७६-RC-०१५२, ०७५-FN-०४४६, कर्तव्य ज्यान, नेपाल सरकार वि. सुर्जा भन्ने सूर्यनारायण यादवसमेत, नेपाल सरकार वि. सलामान भन्ने मो. रफिद राइन, सलामान भन्ने मो. रफिद राइन वि. नेपाल सरकार*

प्रतिवादी सुभाष भन्ने सुभाषचन्द्र यादवउपरको अभियोग दाबी प्रमाणद्वारा पुष्टि हुन नसकेको हुँदा निजको हकमा सुरू फैसला उल्टी भई निजलाई अभियोग दाबीबाट सफाइ हुने, प्रतिवादीहरू बालकृष्ण मुखिया र अभिताव भन्ने उदयनारायण यादवलाई सफाइ हुने गरी भएको सुरू फैसला सदर हुने, प्रतिवादीहरू विक्रान्त भन्ने जसो कुमार यादव, सुर्जा भन्ने सूर्यनारायण यादव र कमलेश भन्ने उमेशकुमार यादवलाई ज्यानसम्बन्धीको १७(२) नंबमोजिम ५ वर्ष कैद, अपहरण तथा शरीर बन्धक लिनेको ३ नं.बमोजिम ४ वर्ष कैद र २५ हजार रूपियाँ जरिवाना तथा ऐ. ७ नंबमोजिम थप २ वर्ष कैद हुने गरी भएको सुरू फैसला सदर हुने, प्रतिवादी रामशरण मुखियालाई ज्यानसम्बन्धीको १७(३) नंबमोजिम ६ महिना कैद हुनेमा निज नाबालक देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा अर्थात् ३ महिना कैद सजाय हुनेसमेत गरी भएको सुरू फैसला सदर हुने तथा प्रतिवादीहरू मो. रफिद राईन, विक्रान्त भन्ने जसोकुमार यादव, सुर्जा भन्ने सूर्यनारायण यादव, कमलेश भन्ने उमेशकुमार यादव र सुभाष यादवसमेत जना ५ बाट अपहरण तथा शरीर बन्धक लिनेको १२ नं. बमोजिम मृतक नवराज विष्टको परिवारले दिन एकको

पाँच सय रूपियाँ र मुरली रंजितकार एवं टेकबहादुर लामाले अपहरित दिन दुईको एक/एक हजार रूपियाँको दरले क्षतिपूर्ति भराइलिन पाउने ठहर गरी भएको सुरू फैसला सदर गरी भएको उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७५।५।१३ को फैसला सदर हुने ठहर्छ। प्रतिवादी मो. रफिद राइनलाई ज्यानसम्बन्धीको १३(१) नंबमोजिम जन्मकैद, अपहरण तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम ४ वर्ष कैद र २५ हजार रूपियाँ जरिवाना तथा ऐ. ७ नं. बमोजिम थप दुई वर्ष कैद हुने गरी भएको उच्च अदालत जनकपुर, राजविराज इजलासको फैसला सदर हुने ठहर्छ। साथै निज प्रतिवादी वारदात हुँदाको समयमा १६ वर्षभन्दा माथि र १८ भन्दा कम उमेरको रहेको देखिई मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम निजलाई भएको सजायको दुई तिहाइ सजाय हुनुपर्ने देखिएको साथै फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ११ मा रहेको एकै वारदातमा एकभन्दा बढी सजाय हुनेमा सबैभन्दा बढी सजाय हुने कसुरमा मात्र सजाय हुने भन्ने कानूनी व्यवस्थाबमोजिम यस मुद्दामा निज प्रतिवादीलाई भएको कैद सजायमध्ये सबैभन्दा ठुलो मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (१) नं. बमोजिम जन्मकैदको सजाय कायम भई सोको दुई तिहाइ अर्थात् १३ वर्ष ४ महिना मात्र कैद सजाय कायम हुने साथै ऐ. अपहरण तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम २५ हजार रूपियाँ जरिवाना हुने ठहरेकोमा सोको २/३ दुई तिहाइ अर्थात् रू. १६६६७।- जरिवाना कायम हुने।

इजलास अधिकृत : फणेश्वरी घिमिरे

इति संवत् २०८० साल भदौ १८ गते रोज २ शुभम्।

**९**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७८-RC-००९६, कर्तव्य ज्यान र जबरजस्ती चोरी, नेपाल सरकार वि. हस्तबहादुर शाही*

प्रतिवादीका बाबु कविराज शाही, मृतकको भाइ तेजबहादुर शाही, प्रतिवादीको बहिनी रूकमा शाहीसमेतले प्रतिवादीको कर्तव्यबाट मृतकको मृत्यु भएको हो भनी मौकामा गरिदिएको कागज बेहोरा समर्थित हुने गरी अदालतमा उपस्थित आफ्नो मौकाको भनाइ बेहोरा पुष्टि हुने गरी लेखाइदिएकोले प्रतिवादी हस्तबहादुर शाहीले आफ्नै श्रीमती नैनकला शाहीलाई यौन इच्छा पूरा गर्न नदिएको रिसमा मृतकसँग रहेको वारदातस्थलमा आँसीजस्तो धारिलो हतियार प्रयोग गरी हत्या गरेको वारदात तथ्यगत रूपमा पुष्टि भएको पाइयो । साबिकमा सुधार गृहसमेत बसेका यी प्रतिवादीले आफ्नी पत्नीलाई मार्नुपर्नेसम्मको कारण नभए पनि निजकै कारणबाट मृतकको मृत्यु भएको अवस्थामा यी प्रतिवादीको कसुर स्थापित हुने सम्बन्धमा विवाद देखिएन। यस अवस्थामा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) बमोजिम सजाय हुने सम्बन्धमा विवाद नदेखिने।

प्रतिवादीले आफ्नी श्रीमतीको हत्या गर्दाको परिस्थिति हेर्दा प्रतिवादीले हत्याको पूर्वयोजना बनाएको देखिँदैन। हत्या गर्नुपर्नेसम्मको पूर्वरिसइवी रहे भएकोसमेत देखिँदैन। श्रीमतीले शारीरिक सम्पर्क गर्न नदिएको कारण तत्काल उठेको रिसलाई थाम्न नसकी सोही स्थानमा रहेको पत्नीको हातमा रहेको आँसीजस्तो जोखिमी हतियारले प्रहार गरेको कारण मृतकको मृत्यु भएको देखिन्छ। घटित घटनालाई यी प्रतिवादीले स्वीकार गरी अनुसन्धान तथा अदालतलाई समेत सहयोग गरेकोसमेतबाट निजलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्कोपर्ने भनी चौध वर्ष कैद सजाय गर्न राय प्रस्ताव भएकोमा प्रतिवादीलाई दस वर्षको कैद सजाय गर्ने राय व्यक्त गरी मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्व गरेको हदसम्म सुरू फैसला परिमार्जित गरी उच्च

अदालत सुर्खेत जुम्ला इजलासको फैसला मनासिबै देखिँदा अन्यथा गरिरहनुपर्ने नदेखिने।

तसर्थः प्रतिवादी हस्तबहादुर शाहीलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने ठहर गरी कालीकोट जिल्ला अदालतबाट मिति २०७१।०३।२९ मा भएको फैसला मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) को कानूनी व्यवस्थाबमोजिम सर्वस्व गर्ने गरेको हदसम्म नमिलेकोले सो हदसम्म सुरूको फैसला केही उल्टी गरी सर्वस्वको लगत नरहने गरी प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुनेमा सुरू जिल्ला अदालतबाट प्रस्ताव भएको १४ वर्ष कैद सजायसमेत अपराध गर्दाको अवस्था र सन्दर्भमा प्रतिवादीलाई १० (दस) वर्ष कैदको सजाय हुनको लागि राय पेससहितको फैसला साधक जाँचको रोहमा हेर्दा उच्च अदालत सुर्खेत, जुम्ला इजलासको मिति २०७८।०३।२७ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : शैलेन्द्र खड्का र रामचन्द्र के.सी.

कम्प्युटर : सुजन नेपाल

इति संवत् २०८० साउन ५ गते रोज ६ शुभम्।

## १०

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७८-RC-००५८, कर्तव्य ज्यान, नेपाल सरकार वि. चनबल घर्ती भन्ने चन्द्रबल घर्तीसमेत*

प्रतिवादी लक्षिना बुढाथोकीले अनुसन्धानको क्रममा बयान गर्दा मिति २०५७।०७।१५ गते साँझ झकबहादुर पाइजाको घरमा यी प्रतिवादीहरू दुर्को नारायण बुढाथोकी, मनबहादुर गर्बुजा र चनबल घर्ती तथा पर्सबहादुर बुढाथोकी, झकबहादुर पाइजासमेत भई निजलाई कारबाही गर्ने भनी आठैजना भई बञ्चरो, हँसिया, ढुङ्गा तथा लात मुक्काले हानी मारेको र चनबल, मनबहादुर, दुर्को नारायण, झकबहादुरसमेत भई लासलाई दबाउने सल्लाह गरी दरखोलाको घुमाउने दहमा लासलाई थुम्सीमा राखी पहिला दुर्को नारायणले त्यसपछि अरूले पालैपालो बोकी लासमाथि छातीमा ढुङ्गा राखी डोरीले बाँधी दरखोलाको घुमाउने दहमा फालेको भनी कसुरमा साबित भई यी प्रतिवादीहरूसमेतलाई पोल गरी बयान गरेकोमा अदालतमा समेत आफ्नो मौकाको बयान बेहोरा स्वीकार गरेको देखिन्छ । तत्काल पक्राउ भई अदालत पेस गरिएका प्रतिवादीहरूको बयान बेहोराबाट तत्काल फरार रहेका यी प्रतिवादीहरू चनबल घर्ती भन्ने चन्द्रबल घर्ती, मनबहादुर गर्बुजा र दुर्को नारायण बुढाथोकीसमेत वारदातमा संलग्न रहेको देखियो। त्यसरी नै मौकामा पक्राउ परेका अरू प्रतिवादीहरू पर्सबहादुर बुढाथोकी, द बहादुर पाइजा, झकबहादुर पाइजा र कुमार घर्तीसमेतले अनुसन्धानको क्रममा बयान गर्दा जाहेरवालाका पति गर्वे पाइजालाई लात मुक्का ढुङ्गा, बञ्चरो हँसियासमेतले प्रहार गरी मारेको र मारेपछि प्रतिवादीहरूले आपसमा सल्लाह गरी मृतक गर्वे पाइजाको लास दर खोलाको घुमाउने दहमा लगी डोरीले छातीमा ढुङ्गा बाँधी खसालेको र उक्त कार्यमा यी प्रतिवादीहरू चनबल घर्ती, मनबहादुर पाइजा र दुर्को नारायण बुढाथोकीसमेतको संलग्नता देखाई घटनाको सिलसिलाबद्ध रूपमा उल्लेख गरेको पाइन्छ। निजहरूको उक्त बेहोरा घटनास्थलबाट रगत लागेको ढुङ्गा बरामद भएको भन्ने वरामदी मुचुल्का, मृतकको टाउकोमा विभिन्न चोट रहेको भन्ने लास प्रकृति मुचुल्का एवं शव परीक्षण प्रतिवेदन बेहोरा, दर खोलाको घुमाउने दहबाट निकालिएको मृतकको लासको छातीमा ढुङ्गा बाँधिएको देखिएको भन्ने घटनास्थल प्रकृति मुचुल्का तथा जाहेरवालाको जाहेरी दरखास्त तथा जाहेरवालाले यी प्रतिवादीहरूको समेत वारदातमा संलग्नता देखाई अदालतमा गरेको बकपत्र एवं कसुर ठहर भएका प्रतिवादीहरूको बयान बेहोराबाट समर्थित भएकोले उक्त वारदातमा यी

प्रतिवादीहरूको उपस्थित तथा संलग्नतामा विवाद देखिएन। वारदातपछि फरार रहेका यी प्रतिवादीहरू अदालतबाट जारी वारेन्ट पुर्जीका म्यादमा उपस्थित भई आफूहरूउपरको अभियोग दाबीको कसुरबाट उन्मुक्ति पाउन पर्याप्त प्रमाण पेस गर्नुपर्नेमा सो नगरी चुप लागी बसेको देखिन्छ। आफूहरूको निर्दोष भएको पुस्ट्याइँ गर्न कानूनले निर्दिष्ट गरेको समय अवधिभित्र अदालत प्रवेश गरी अदालतको प्रक्रियालाई सहयोग गर्नुपर्ने कर्तव्य यी प्रतिवादीहरूले पूरा गरेको नदेखिने।

जाहेरी दरखास्त, घटना विवरण कागज, बरामदी मुचुल्का शव परीक्षण प्रतिवेदन तथा अनुसन्धानको क्रममा पक्राउ परेका प्रतिवादीहरूको बयान बेहोरासमेतका कागज प्रमाणबाट प्रतिवादीहरूले मृतकलाई हान्ने प्रहार गर्ने कार्य गरेको नदेखिए तापनि छेक्ने, समात्ने, भाग्न उम्कन नदिने र मरेपछि लास दबाउने कार्यसमेतमा प्रत्यक्ष संलग्न रहेको देखिएकोले यी प्रतिवादीहरू निर्दोष रहेछन् भन्न सकिने अवस्था रहेन। यस अवस्थामा प्रतिवादीहरूलाई दोषी ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय गरेको उच्च अदालत पोखरा बाग्लुङ इजलासको फैसला कानुन र न्यायको रोहमा मनासिब देखिँदा अन्यथा गरिरहनु नपर्ने।

अतः प्रतिवादीहरू चनबल भन्ने चन्द्रबल घर्ती मनबहादुर गर्बुजा र दुर्को नारायण बुढाथोकीले हातहतियार प्रयोग गरी हाने काटेको भन्ने नदेखिए तापनि निजहरूले मृतकलाई समात्ने, छेक्ने, मार्ने कार्यमा संयोग मिलाईदिने तथा खोलासम्म पुऱ्याई लास फाल्ने कार्य गरेको भन्ने मिसिल कागजातहरूबाट पुष्टि हुन आएकोले प्रतिवादीहरूलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. अनुसारको कसुरमा सोही १३(४) नं. बमोजिम जनही जन्मकैद हुने सुरूको फैसला साधक सदर हुने ठहऱ्याएको उच्च अदालत पोखरा, बाग्लुङ इजलासको मिति २०७७।९।२६ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : शैलेन्द्र खड्का र रामचन्द्र के.सी.
कम्प्युटर : सुजन नेपाल
इति संवत् २०८० साल श्रावण ५ गते रोज ६ शुभम्।

## इजलास नं.४

### ११

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी**, *०७६-CR-१००४, लागु औषध ब्राउन सुगर, नेपाल सरकार वि. अर्जुन गौतमसमेत*

प्रत्यर्थी प्रतिवादी सन्तोष नेपालीको साथबाट १ ग्राम ५५० मिलिग्राम ब्राउन सुगर र प्रकाश नेपालीको साथबाट १ ग्राम ७८० मिलिग्राम ब्राउन सुगर बरामद भएको बरामदी मुचुल्काबाट देखिन्छ। यी प्रतिवादीहरूले गरेको मौकाको बयान हेर्दा आफूहरूले लागु औषध सेवन गर्ने भएकाले भारत गई रू.५,०००।- मा लागु औषध खरिद गरी सेवन र बिक्री वितरण गर्न ल्याएकोमा पक्राउ परेको भन्ने उल्लेख गरेको देखिन्छ। यी प्रत्यर्थी प्रतिवादीहरूले अघिदेखि लागु औषधको कारोबार गरी आएको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदैन। निजहरूको घर खानतलासी गर्दासमेत लागु औषध कारोबारसँग सम्बन्धित कुनै दसी प्रमाण फेला परेको देखिँदैन। यी प्रत्यर्थी प्रतिवादीहरूले सुरू अदालतमा बयान गर्दा आफूहरूबाट बरामद भएको लागु औषध सेवन गर्नका लागि ल्याएको भनी बयान गरेकोमा निजहरूको उक्त भनाइ निजहरूका साक्षीको बकपत्रबाट समर्थित भएको देखिन्छ। यसका अतिरिक्त वादी पक्षका साक्षी प्रतिवेदक प्रहरी नायब निरीक्षक तुलबहादुर अधिकारीले गरेको बकपत्रमा प्रतिवादीहरू लागु औषध सेवन गरेकोजस्तो देखिन्थे भन्ने बेहोरा लेखाएको देखिएबाट पनि यी प्रत्यर्थी प्रतिवादीहरू प्रकाश नेपाली र सन्तोष नेपाली लागु औषध ब्राउन सुगर सेवनकर्ता मात्र भएको पुष्टि हुने।

प्रत्यर्थी प्रतिवादी अर्जुन गौतमलाई अभियोग दाबीबाट सफाइ दिएको सुरू फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला नमिलेकोले सो फैसला निजहरूको हकमा समेत बदर हुनुपर्छ भनी वादी नेपाल सरकारले यस अदालतमा दिएको पुनरावेदनमा जिकिर लिएको पाइन्छ । सो सम्बन्धमा हेर्दा, यी प्रत्यर्थी प्रतिवादी अर्जुन गौतमले लागु औषध खरिद गरी ल्याउन रू.५,०००।- दिएको भनी सह-प्रतिवादीहरू सन्तोष नेपाली र प्रकाश नेपालीले अनुसन्धानको क्रममा गरेको बयानमा पोल गरेको देखिन्छ । सो आधारमा प्रतिवादी अर्जुन गौतमसमेतउपर सजायको माग दाबी लिई वादी पक्षले अभियोगपत्र दायर गरेको देखिन्छ । मौकाको प्रहरीको कारबाहीसम्बन्धी प्रतिवेदनमा प्रतिवादी अर्जुन गौतमको नाम उल्लेख गरेको देखिँदैन । सहप्रतिवादीहरू प्रकाश नेपालीसमेतले प्रतिवादी अर्जुन गौतमलाई पोल गरी बयान गरेको आधारमा यी प्रतिवादीलाई पक्राउ गरिएकोमा प्रतिवादी प्रकाश नेपालीसमेतले अनुसन्धानको क्रममा बयान गर्दा आरोपित कसुरमा साबित भए तापनि अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रहेको पाइन्छ । मौकाको बयानमा यी प्रतिवादी अर्जुन गौतमलाई पोल गरी बयान गर्ने सह-प्रतिवादीहरू प्रकाश नेपालीसमेतले सुरू अदालतमा बयान गर्दा प्रतिवादी अर्जुन गौतमले लागु औषध खरिद गर्न रू.५,०००।- दिएको होइन । आफैँले नगद हाली सेवन गर्नका लागि लागु औषध खरिद गरेको हो । प्रतिवादी अर्जुन गौतम लागु औषध ओसारपसारमा संलग्न छैनन् भन्ने बेहोरा लेखाएको पाइन्छ । यसरी यी प्रत्यर्थी प्रतिवादी अर्जुन गौतमबाट लागु औषध बरामद नभएको, निजउपर मौकामा पोल गर्ने सह-प्रतिवादी प्रकाश नेपालीसमेतले अदालतमा बयान गर्दा पोल नगरेको र यी प्रतिवादी अर्जुन गौतम स्वयं पनि अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रहेको देखिएकाले यी प्रतिवादीलाई सह-प्रतिवादीहरूले मौकाको बयानमा गरेको पोलको आधारमा मात्र दोषी ठहर गर्न न्यायोचित हुने देखिँदैन । प्रतिवादीहरू प्रकाश नेपाली र सन्तोष नेपालीबाट छुट्टाछुट्टै बरामद भएको लागु औषधको परिमाण तथा दुवैले अदालतको बयानमा आफूहरू सेवनकर्ता भएकाले सेवन गर्नका लागि लागु औषध खरिद गरी ल्याएको हो भनेकोसमेत कारणहरूबाट प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ), (ङ) र (च) को कसुरमा सोही ऐनको दफा १४(१) (छ) (१) बमोजिम जनही ५ वर्ष कैद र पाँच हजार रूपियाँ जरिवाना गर्ने गरेको सुरू रूपन्देही जिल्ला अदालतको फैसला मिलेको नदेखिँदा उक्त फैसला बदर गरी प्रतिवादीहरूलाई लागु औषध ब्राउन सुगर सेवन गरेतर्फ जनही एक वर्ष कैद गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला प्रमाण मूल्याङ्कनको रोहमा अन्यथा मान्नुपर्ने अवस्था नदेखिने ।

प्रतिवादीहरू प्रकाश नेपाली र सन्तोष नेपालीले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन नसकेकोले यी प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) (ङ) (च) को कसुरमा ऐ. ऐनको दफा १४ (१) (छ) (१) बमोजिम जनही ५ वर्ष कैद र पाँच हजार रूपियाँ जरिवाना गरी बरामद स्कुटर जफत हुने ठहऱ्याएको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०७४।१०।२९ को फैसला बदर गरी प्रतिवादी प्रकाश नेपाली र प्रतिवादी सन्तोष नेपालीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुरमा ऐ. ऐनको दफा १४(१) (ङ) बमोजिम लागु औषध ब्राउन सुगर सेवनतर्फ जनही एक वर्ष कैद हुने र बरामदित लु २६ प २४१५ नं. को स्कुटर जफत नहुने र प्रतिवादी अर्जुन गौतमले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको सुरू रूपन्देही जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मनासिब नै देखिने ।

उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७६।०१।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : मन्जिता ढुङ्गाना

इति संवत् २०८० साल वैशाख २१ गते रोज ५ शुभम्।

## १२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी**, *०७५-CR-१८९४, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. सौरभ दास*

प्रत्यर्थी प्रतिवादीले वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गर्दा जाहेरवालाहरू आफ्नो बोसलाई भेटन आउँदा जाहेरवालाहरूसँग चिनजान भएको भन्ने जिकिर लिएको देखिन्छ भने जाहेरवालाहरूले आफूहरू र प्रतिवादी मिली व्यवसाय गर्दाको व्यवहार मिलाउन बाँकी रहेकाले छिटो रकम उठाउन वैदेशिक रोजगारको कागज गरेको भनी माथि उल्लिखित बेहोराको निवेदन हुलाकमार्फत वैदेशिक रोजगार न्यायाधिकरणमा दिएको देखिन्छ। यसबाट जाहेरवालाहरूले जाहेरीमा उल्लेख गरी लिखतसमेत पेस गरेबमोजिमको बिगो प्राप्त गरिसकेको भन्ने देखिएको र जाहेरवालाले बिगो र हर्जाना पाइसक्यौँ भनी निवेदन दिएको अवस्थामा बिगो र हर्जाना दिलाई भराइपाउँ भन्नेसम्मको अभियोग दाबी पुग्न सक्ने अवस्था देखिएन। यो स्थितिमा सुरू फैसला नमिलेकोले जाहेरवालालाई बिगो तथा हर्जना नभराउने गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको उक्त फैसला सो हदसम्म बदर हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन दाबी तथा सुरू फैसला सो हदसम्म बदर हुने अवस्था भएकोले छलफल निमित्त प्रत्यर्थी झिकाइपाउँ भन्ने पुनरावेदक तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

बिगो र हर्जाना फिर्ता पाइसकेको भनी जाहेरवालाहरूले निवेदन दिएकोले प्रतिवादीबाट जाहेरवालाहरूलाई बिगो र हर्जाना बुझाउनु नपर्ने गरी सो हदसम्म वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।०९।२९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : मन्जिता ढुङ्गाना

इति संवत् २०८० साल वैशाख २१ गते रोज ५ शुभम्।

## १३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी**, *०७५-CR-०४४५, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. कृष्णप्रसाद पराजुलीसमेत*

प्रतिवादी कृष्णप्रसाद पराजुलीले अनुसन्धानको क्रममा र सुरू वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गर्दा आफूले श्रम स्वीकृतिको कामको जिम्मेवारी लिने गरेको र वैदेशिक रोजगार व्यवसाय गर्न इजाजत नलिएको भनी बयान गरेको देखिन्छ। प्रतिवादीमध्येका अप्सरा श्रेष्ठले गरेको बयानबाट पनि यी प्रतिवादी कृष्णप्रसाद पराजुलीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारीका लागि विदेश पठाइदिने भनी रकम लिएको नभई कम्पनीका सञ्चालकहरूले भनेबमोजिम वैदेशिक श्रम स्वीकृतिका लागि भर्नुपर्ने फारामहरू भर्ने काम गर्ने गरेको भन्नेसम्म देखिन्छ। वैदेशिक रोजगारबाहेक यी प्रतिवादीले अभियोग दाबीबमोजिमको कुनै कसुर गरेको भन्ने मिसिल संलग्न कागजातबाट पुष्टि हुन आउँदैन। उक्त तथ्यबाट यी प्रतिवादी कृष्णप्रसाद पराजुलीले प्रतिवादी अप्सरा श्रेष्ठसमेत सञ्चालक रहेको United Consultant And Training Centre Private Limited कम्पनीमा रही अभियोग दाबीबमोजिम अनुमति नलिई जाहेरवालाहरूलाई विनाइजाजत वैदेशिक रोजगारीमा पठाउने काम गरेको नभई उक्त कम्पनीका सञ्चालकहरूले भनेबमोजिम

फाराम भरिदिनेसम्मको काम गरी इजाजतपत्र नलिई मानिसहरूलाई वैदेशिक रोजगारीमा पठाउने काममा कम्पनी र कम्पनीका सञ्चालकहरूलाई प्रत्यक्ष रूपमा सहयोग गरेको देखिएको हुँदा यी प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५६ बमोजिम मतियार वा दुरूत्साहनको कसुर गरेको स्थापित हुन आयो। अब उक्त कसुरमा के कति सजाय हुने कानूनी व्यवस्था रहेछ। सो सम्बन्धमा हेर्दा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५६ मा वैदेशिक रोजगार ऐनबमोजिमको कसुरमा मतियार हुने वा त्यस्तो कसुर गर्न दुरूत्साहन दिने व्यक्तिलाई सोही कसुर गरेबापत हुने सजायको आधा सजाय हुने छ भन्ने कानूनी व्यवस्था भएको पाइन्छ। उक्त कानूनी व्यवस्थाको सन्दर्भमा हेर्दा, यी प्रतिवादी कृष्णप्रसाद पराजुलीलाई अभियोग दाबीबमोजिमको कसुर गरेमा हुने सजायको आधा ९ महिना कैद तथा रू.७५,०००।- जरिवाना हुने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा भन्न मिनल्ने।

प्रतिवादीहरू रेश्मा तामाङ र पेमा लामाको हकमा हेर्दा यी प्रतिवादीहरूले अनुसन्धान एवं अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही आफूहरू उक्त कम्पनीको कर्मचारी मात्र रही कम्पनीका सञ्चालकहरूले लाएअह्राएको काम गर्ने गरेको भनी बयान गरेको देखिन्छ। कम्पनीका सञ्चालकसमेत रहेका प्रतिवादी अप्सरा श्रेष्ठसमेतले गरेको बयानमा यी प्रतिवादीहरू रेश्मा तामाङ र पेमा लामा कम्पनीका सामान्य कर्मचारी मात्र रहेका र निजहरूको कसुर गर्नमा संलग्नता नरहेको भनी बयान गरेको देखिन्छ। जाहेरवालाहरूले समेत यी प्रतिवादीहरूले झुट्टा प्रलोभन वा आश्वासन दिई आफूबाट रकम लिएको भनी भन्न सकेको अवस्था पनि मिसिल संलग्न कागजातबाट नदेखिँदा यी प्रतिवादीहरूको इन्कारी बयानलाई अन्यथा भन्न मिल्ने देखिएन। मिसिल संलग्न कुनै पनि प्रमाण कागजातबाट यी प्रतिवादीहरूले कम्पनी सञ्चालकहरूसँग मिली जाहेरवालाहरूलाई वैदेशिक रोजगारीमा पठाइदिने भनी झुट्टा आश्वासन दिई रकम उठाएको भन्ने पुष्टि एवं प्रमाणित हुन सकेको अवस्था नभई निजहरूउपरको अभियोग दाबी शंकारहित तवरबाट पुष्टि हुन सकेको नदेखिँदा निजहरूलाई अभियोग दाबीबमोजिम कसुरदार कायम गरी सजाय गर्न नमिल्ने।

प्रतिवादीहरू पुरूषोत्तम दाहाल र कोरियन नागरिक SANG HOON LEE को हकमा हेर्दा, यी प्रतिवादीहरूलाई आफूले नदेखेको भनी United Consultant And Training Centre Private Limited का सञ्चालक अप्सरा श्रेष्ठले बयान गरेको देखिन्छ। यी प्रतिवादीहरू उक्त कम्पनीका सञ्चालक वा सेयर होल्डर रहेका भन्ने पनि मिसिलबाट देखिँदैन। यी प्रतिवादीहरूको प्रस्तुत वारदातमा संलग्नता रहेको पुष्टि हुने कुनै पनि वस्तुनिष्ट प्रमाण वादी पक्षले पेस गर्न सकेको मिसिलबाट देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने प्रमाणको भार वादी पक्षमा रहन्छ भनिएको छ। सो अनुसार प्रतिवादीहरूउपरको अभियोग पुष्टि हुने तथ्ययुक्त प्रमाण अभियोजन पक्षले पेस गर्न सकेको देखिँदैन। प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू अनुसन्धानको क्रममा अनुपस्थित रहेको भए तापनि निजहरूउपरको कसुर पुष्टि हुने प्रमाण वादी पक्षले पेस गर्न सकेको मिसिलबाट नदेखिँदा प्रमाणको अभावमा कसुरदार कायम गर्नु न्यायोचित नहुने भएकाले प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको सुरू फैसलालाई अन्यथा मान्न मिल्ने देखिँदैन। माथि उल्लिखित आधारबाट प्रतिवादीमध्येका कृष्णप्रसाद पराजुलीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्नेमा नभएकोले र अन्य प्रतिवादीहरू पेमा शेर्पा, रेश्मा तामाङ, पुरूषोत्तम दाहाल र कोरियन नागरिक SANG HOON LEE ले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको सुरू फैसला यी प्रतिवादीहरूको

हकमासम्म नमिली उल्टी हुने अवस्था भएकोले सो उल्टी गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन दाबी तथा सो तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

उल्लिखित आधार, कारणबाट प्रतिवादीमध्येका कृष्णप्रसाद पराजुलीलाई ९ महिना कैद र रू.७५,०००।- जरिवाना हुने र प्रतिवादीमध्येका पेमा शेर्पा, रेश्मा तामाङ, पुरूषोत्तम दाहाल र कोरियन नागरिक SANG HOON LEE ले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४।०८।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : मन्जिता ढुङ्गाना

इति संवत् २०८० साल वैशाख २१ गते रोज ५ शुभम्।

**१४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-CR-१२८८, चेक अनादर, बाबुराम शर्मा वि. माया तिवारी*

पुनरावेदक प्रतिवादीले पुनरावेदनमा जिकिर लिएको यी वादी प्रतिवादीबिच मिति २०७१।०३।०२ मा भएको तमसुकमा रकम बुझी बुझाई दरपिठ गरिदिएको भनी मिति २०७१।०५।३० मा दरपिठ भएको भन्ने मिसिल संलग्न उक्त तमसुकको पिठमा उल्लेख भएको बेहोराबाट देखिन्छ । तर प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीले उल्लेख गरेको नं. k१०६७७८ को रू.४,००,०००।– को चेक यी पुनरावेदक प्रतिवादीले प्रत्यर्थी वादीका नाउँमा मिति २०७१।०७।२१ मा जारी गरेको देखियो । यी पुनरावेदक प्रतिवादीले जिकिर लिएको उल्लिखित तमसुक लिखत र त्यसमा भएको दरपिठ मितिभन्दा पछाडि विवादित चेक काटिएको देखिएको र चेकको प्रकृति अनुसार भुक्तानी हुने अनिवार्य सर्त अन्तर्निहित भएकोले चेकको भुक्तानी नहुनु नै चेक अनादर हुनका लागि पर्याप्त आधार बन्छ । यसका साथै पुनरावेदक प्रतिवादीले पुनरावेदनमा दाबी लिएको तमसुकमा उल्लिखित दरपिठको बेहोराको सन्दर्भ र प्रस्तुत चेक लिनुदिनु भएको विषयको सन्दर्भ फरक फरक प्रकृति र फरक फरक कारोबारसँग सम्बन्धित भई उक्त दुवै कार्य फरक फरक मितिमा भए गरेको देखिएबाट समेत पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर कानूनसम्मत नदेखिने।

सुरू कास्की जिल्ला अदालतबाट मिति २०७२।१२।२८ मा वादी दाबीबमोजिमको रकम र सोको कानूनबमोजिमको ब्याजसमेत वादीले प्रतिवादीबाट भरिपाउने गरी भएको फैसला सदर हुने र सजायतर्फ प्रतिवादीलाई सजाय नगरेको हदसम्म सुरू फैसला केही उल्टी गरी प्रतिवादी बाबुराम शर्मालाई विनिमेय अधिकार पत्र ऐन, २०३४ को दफा १०७ क बमोजिम रू.५००।– (पाँच सय रुपियाँ) जरिवानासमेत हुने ठहऱ्याई उच्च अदालत पोखराबाट मिति २०७४।०२।२३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल चैत्र २१ गते रोज ३ शुभम्।

**१५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-CR-०३१८, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. लेखनाथ तामाङ*

जाहेरवालाकी पत्नी रञ्जना बेघा लिम्बूले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादी लेखनाथ तामाङले ज्यान मार्ने बचन दिएको, निजको निर्देशनमा नै प्रतिवादी नुनम तामाङसमेतले मेरा पति र भाइको टाउकोमा खुकुरी प्रहार गरी घाइते बनाएका हुन् भनी लेखाएको भए तापनि निजले घटना विवरण कागज गर्दा प्रतिवादी

लेखनाथ तामाङ वारदातस्थलमा नआएको, निजउपर शंकाको भरमा जाहेरी दिएको हो भनी लेखाइदिएको पाइन्छ। जाहेरवाला खडकबहादुर बेघाले आफूहरूलाई प्रतिवादी लेखनाथ तामाङसमेतले छुरी, फलामको रडलगायतले टाउकोमा प्रहार गरी घाइते बनाएको भन्ने जाहेरी बेहोरा पुष्टि गर्नको लागि मौकामा कुनै बयान कागज गरेको देखिँदैन । साथै निज जाहेरवालासमेत वैदेशिक रोजगारीमा गइसकेको भनी वादी पक्षले निजहरूलाई बकपत्रको लागि अदालतसमक्ष उपस्थित गराउन नसकेको। यी प्रतिवादीले पीडितहरूको ज्यानै लिने मनसायले चोट प्रहार गरेको भन्ने सम्बन्धमा वादी पक्षबाट कुनै ठोस एवं वस्तुगत सबुद प्रमाण गुजार्न सकेको अवस्था देखिन आएन । एउटै वारदातलाई केही प्रतिवादीको हकमा व्यक्तिवादी मुद्दामा परिणत गर्ने र केही प्रतिवादीको हकमा सरकारवादी मुद्दा कायम गर्न नसकिने भन्ने प्रतिपादित सिद्धान्तको आधारमा यस अदालतबाट भएको मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गरेतर्फ विचार गर्दा, प्रतिवादी लेखनाथ तामाङबाहेक अभियोजन गरिएको बाँकी प्रतिवादीहरू नुनम तामाङ र विजय राई फरार रहेको हुँदा सुरू झापा जिल्ला अदालतबाट निजहरूको हकमा प्रस्तुत मुद्दा मुल्तबीमा राखिदिएको देखिन्छ । यसरी मुल्तबी रहेको देखिँदा प्रस्तुत मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा लिएको आधार कारणसँग सहमत हुन नसकिने।

प्रस्तुत वारदात ज्यान मार्ने उद्योगको नदेखिई निज प्रतिवादी लेखनाथ तामाङको हकमा प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७बमोजिम कुटपिटमा परिणत हुने गरी भएको सुरू झापा जिल्ला अदालतको २०७३।०१।१२ को फैसलालाई सदर ठहऱ्याएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७५।०१।२४ गतेको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेकै देखिन आयो । तथापि केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(१) ले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ खारेज भई हाल अस्तित्वमा नरहेको र उक्त कानूनी व्यवस्थालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ को उपदफा (१) मा उल्लिखित यस संहिताबमोजिम नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दा कारबाही हुँदा अनुसूची-१ वा अनुसूची-२ भित्र नपर्ने देखिएको तर कानूनबमोजिम अन्य कुनै मुद्दा चल्न सक्ने देखिएमा अदालतले सोही आदेश गरी सरोकारवाला व्यक्तिलाई त्यसको सूचना दिनुपर्ने छ र ऐ. को उपदफा (२) मा सरोकारवालाले सूचना पाएको दुई महिनाभित्र सो मुद्दा सकार गरेमा निजलाई वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट कानूनबमोजिम कारबाही र किनारा गर्नुपर्ने छ भन्नेसमेतको कानूनी प्रावधानले निरन्तरता दिएको पाइन्छ। यस परिप्रेक्ष्यमा, प्रस्तुत मुद्दामा सरोकारवाला रहेका जाहेरवालालाई सूचना दिई निज जाहेरवालाले मुद्दा सकार गर्न आए निजलाई वादी कायम गरी यसै मुद्दाबाट कुटपिट मुद्दाको कारबाही र किनारा गर्नु भन्नेसमेत ठहर्ने।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल फागुन १२ गते रोज ६ शुभम्।

## १६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-WO-०४७३, उत्प्रेषणयुक्त परमादेशसमेत, सुमन साहसमेत वि. जिल्ला प्रशासन कार्यालय, पर्सासमेत*

निवेदकहरू सुमन साह र सुदिप साहले निवेदनसाथ पेस गरेको निजका आमाबुबाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि हेर्दा, आमा मन्जुदेवी साहले जिल्ला प्रशासन कार्यालय, पर्साबाट वंशजको आधारमा नागरिकता प्रमाणपत्र नं. ३४३०२०-१९ को नेपाली नागरिकता प्राप्त गरेको देखिन्छ भने बुबा शिवलाल साहले जन्मको आधारमा नागरिकता

प्रमाणपत्र नं. ३४३०२०-१९ को नेपाली नागरिकता प्राप्त गरेको पाइन्छ । त्यस्तै निज निवेदकहरूको दाइ सुरज साहले वंशजको आधारमा नागरिकता प्रमाणपत्र नं. ३४१०२०-३७७ को नेपाली नागरिकता प्राप्त गरिसकेको पाइन्छ भने भाइ सुनिल साहसमेतले दायर गरेको ०७५-WO-०२७१ नं.को परमादेशसमेतको रिट निवेदनमा यसै अदालतको आदेशबाट वंशजको आधारमा निजले नागरिकता प्रमाणपत्र नं. २४-०१-७६-०७०७५ को नेपाली नागरिकता प्राप्त गरिसकेको देखिन्छ । त्यस्तै निवेदकहरूमध्ये सुमन साहको जन्म जिल्ला पर्सा, साबिकको विन्दवासिनी गा.वि.स., वडा नं. ७ मा मिति २०५४।५।१२ मा र सुदिप साहको जन्म ऐ. वडा नं. ७ मा मिति २०५८।३।५ मा भएको भन्ने मिसिल संलग्न रहेको निजहरूको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपिबाट खुल्न आएको छ । यसरी यी निवेदकहरू नेपाली नागरिक रहेका आमाबुबाको कोखबाट नेपालमै जन्मेको कुरामा कुनै संशय देखिँदैन। साथै, एउटै आमाबुबाको कोखबाट जन्मेका सन्तान रहेका यी निवेदकहरूका दाइ सुरज साह र भाइ सुनिल साहले नागरिकता प्राप्त गरिसकेका र समान अवस्थामा रहेका निवेदकहरूले नागरिकता प्राप्त गर्न नसकी नागरिकताविहीनताको असहज परिस्थितिको सामना गर्नुपर्दा निवेदकहरूका हकमा समानता र समन्याय पराजित हुने देखिने।

निवेदकहरू सुमन साह र सुदिप साहको आमाले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेको पाइएको, निजहरूका बुबाले जन्मसिद्धका आधारमा नेपाली नागरिकता प्राप्त गरेको देखिएको, निजहरू नेपालमा स्थायी रूपमा बसोबास गरेको पाइएको र यी निवेदकहरूको जन्मदर्ताको प्रमाणपत्रसमेतबाट निजहरू १६ वर्ष उमेर पूरा भएका बालिग नेपाली नागरिक देखिएकाले यी निवेदकहरू सुमन साह र सुदिप साहलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु, गराउनु भनी जिल्ला प्रशासन कार्यालय, पर्सासमेतका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : गगनदेव महतो
कम्प्युटर : मन्जिता ढुङ्गाना
इति संवत् २०८० साल वैशाख २५ गते रोज २ शुभम्।

१७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०६९-CI-१२४९, लिखत बदर, मेघना राईसमेत वि. कुन्ता गिरीसमेत*

पुनरावेदक वादीहरू जग्गा बिक्री गर्नेमध्येका प्रतिवादी निनेन्द्र राईका पत्नी तथा छोरा छोरी भएको कुरामा कुनै विवाद देखिँदैन । प्रतिवादीले यी वादीहरू छुट्टी भिन्न भई अलग भइसकेको भनी भन्न नसकेबाट निजहरू प्रतिवादी निनेन्द्र राईका एकासगोलका अंशियार रहेको कुरामा समेत कुनै विवाद नदेखिने। प्रतिवादी कुन्ता गिरीले यी वादीहरूसमेतको अंश हक रहेको कि.नं.८९० र कि.नं.१०२५ का जग्गाहरू प्रतिवादी निनेन्द्र राईबाट खरिद गर्दा राजीनामाको लिखतमा वादी गिता राईको साक्षी बसेको देखिँदैन । यस्तो अवस्थामा निजको समेत मन्जुरी लिएको हो निजको पनि सहमति थियो भन्ने जिकिर लिए पनि उक्त जिकिर पुष्टि हुने कुनै आधार प्रमाण प्रतिवादीले पेस दाखिला गर्न नसकेबाट वादीको मन्जुरीबिना नै जग्गा खरिद बिक्रीको कार्य भएको पुष्टि हुने।

फिराद दायर गर्दा नाबालक छोरी मेघना राई ९ वर्ष, नाबालक छोरी रूसाली राई ८ वर्ष र नाबालक छोरा सक्षयम राई ६ वर्ष उमेरका रहेको देखिन्छ। जुन कुरा स्वयं फिराद दाबीबाट नै पुष्टि भएको अवस्था छ । प्रतिवादी निनेन्द्र राई घरका मूल व्यक्ति भएको र निजले आफ्नो घर व्यवहार चलाउनलाई सम्पत्ति बिक्री गर्दा उमेर नपुगेका नाबालक छोराछोरीको समेत मन्जुरी लिनुपर्ने भन्ने बाध्यात्मक कानूनी व्यवस्था कहीँकतै रहे भएको पाइँदैन । घरको मुख्य व्यक्ति

निनेन्द्र राईले घर व्यवहार चलाउन बैंकमा धितो राखी ऋण लिएकोमा उक्त ऋणबापतमा भार्गव विकास बैंकले धितो राखिएका जग्गाको लिलाम हुन लागेपछि प्रतिवादी कुन्ता गिरीले बैंकको ऋण तिरी दिई उक्त कि.नं. ८९० र कि.नं. १०२५ का जग्गाहरू रू. १४,७८,०००।- तिरी मिति २०६४।४।२३ मालपोत कार्यालय दाङबाट र.नं. १३८९ बाट राजीनामा गरी लिएको कुरामा कुनै विवाद देखिँदैन । लेनदेन व्यवहारको १० नं. को व्याख्या गर्दा अंशबन्डाको १९ नं. को समग्र परिवेश वा सान्दर्भिकतालाई पन्छाएर व्याख्या गर्न नमिल्ने ।

घरको मुख्य व्यक्तिले घर व्यवहार चलाउन आफ्नो नाउँको अचल सम्पत्ति बेचबिखन गरेको देखिए पनि एकासगोलको २१ वर्षभन्दा बढी उमेरको श्रीमतीको सहमति मन्जुरी लिएको नदेखिएको अवस्थामा उमेर नपुगेका नाबालक छोरा छोरीको हकमा समेत ५ भागको ४ भाग लिखत बदर हुने ठहराएको सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०६७।१२।२७ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई एकाघरको श्रीमती प्रत्यर्थी वादी गीता राईको हकमा मात्र ५ भागको १ भाग लिखत बदर हुने ठहर्छ । भन्नेसमेत बेहोराको मिति २०६९।११।१ मा पुनरावेदन अदालत तुलसीपुरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : मुकुन्द आचार्य

इति संवत् २०८० साल भाद्र १७ गते रोज १ शुभम् ।

## १८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-CR-१८२४, जबरजस्ती करणी, नेपाल सरकार वि. प्रमोद भन्ने भगिश्वर लिम्बु*

मेरो नाबालिका छोरीलाई विवाह गर्ने बहाना पारी ललाईफकाइ जबरजस्ती करणी गरेकाले कानूनबमोजिम कारबाही गरिपाउँ भनी प्रतिवादी प्रमोद भन्ने भगिश्वर लिम्बुउपर किटानी जाहेरी परेको देखिन्छ । आफूलाई प्रतिवादीले लेटाङ्ग घुम्न जाउँ भनी आफ्नो दिदी नाता पर्ने होममाया लिम्बुको घरमा पु¥याई म तिमीलाई मन पराउँछु, तिमीसँग विवाह गर्छु भनी प्रलोभन देखाई राति सुतेको बेला जबरजस्ती करणी गरेको हो भनी पीडितले मौकामा अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान कागजमा लेखाइदिएको देखिन्छ । त्यस्तै मेरी छोरी नाता पर्ने पीडितलाई प्रतिवादीले लेटाङ्ग घुम्न जाउँ भनी पटकपटक कर लगाई, ललाईफकाइ लेटाङ्ग स्थित लोखरा बस्ने आफ्नो दिदीको घरमा लगी राति सुत्ने क्रममा विवाह गर्छु भनी प्रलोभन देखाई जबरजस्ती करणी गरेको हो भनी पीडितको सानिमाले मौकामा गरेको बयान कागजमा खुलाईदिएको पाइन्छ । तथापि पीडित भनिएकी बेलबारी ४१(क) ले प्रतिवादी भगिश्वर लिम्बु मेरो भिनाजु नाता पर्ने व्यक्ति हुन् । निजले मलाई जबरजस्ती करणी गरेको होइन । मलाई प्रहरीले बेहोरा नै पढ्न नदिई मौकाको कागजमा सही गर्न लगाएको हो भन्ने बेहोराको अदालतसमक्ष बकपत्र गरिदिएको पाइन्छ । त्यसैगरी निज प्रतिवादीले मेरी छोरीलाई जबरजस्ती करणी गरेको होइन । जाहेरी दरखास्तमा मैले सो कुरा लेखाएको पनि होइन, सहीसम्म मेरो हो भनी जाहेरवाली बेलबारी ४१ ले बकपत्र गरेको अवस्था छ । साथै घटना विवरण कागज गर्ने बेलबारी ४१(ग) समेतले अदालतसमक्षको बकपत्रमा घटना विवरण कागजमा पीडिता भनिएकोलाई प्रतिवादीले जबरजस्ती करणी गरेको हो भन्ने बेहोरा मैले लेखाएको होइन । मलाई प्रहरीले उक्त कागज पढ्न नै नदिई सही गर्न लगाएको हो भनी खुलाई लेखाइदिएको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा १८ मा कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कसुर व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी प्रावधान रहेको पाइन्छ । यस

कानूनी व्यवस्थालाई मध्यनजर गर्दा, जाहेरवाली र पीडितसमेतले प्रतिवादीलाई जबरजस्ती करणीको अपराधमा कसुरदार आरोपित हुने गरी मौकामा गरेका बयान कागजलाई अदालतमा आई पुष्टि गरेको नदेखिएको अवस्थामा निजहरूले मौकामा गरिदिएको सो बयान बेहोरालाई प्रमाणमा लिन मिल्ने नदेखिने।

प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष मौकामा गरेको बयानमा आफूले पीडितालाई विवाह गर्छु भनी प्रलोभन देखाई जबरजस्ती करणी गरेको हो भनी उल्लेख गरे पनि अदालतसमक्ष बयानमा आफू पीडितसँग लेटाङ्ग गएको र सँगै बसेको तथ्यसम्म मात्र स्वीकार गरेको रहेछ । ठगा चौधरी विरूद्ध श्री ५ को सरकार, जबरजस्ती करणी मुद्दामा आरोपित कसुरमा नै साबिती हुनु र सम्बद्ध तथ्यसम्मलाई स्वीकार गर्नु पृथक् कुरा हुन्। तथ्यको स्वीकारोक्तिलाई नै साबितीसरह निजको विरूद्ध प्रमाणमा ग्रहण गर्न नमिल्ने (ने.का.प.२०६३, अंक, ३ नि.नं. ७६६४) भन्ने सम्मानित सर्वोच्च अदालतबाट कानूनी सिद्धान्त प्रतिपादन भइरहेको पाइन्छ । उल्लिखित नजिरको परिप्रेक्ष्यमा, प्रतिवादीले अदालतसमक्ष गरेको तथ्यको स्वीकारोक्तिलाई निज विरूद्ध प्रमाणमा ग्रहण गर्न मिल्ने होइन । उल्लिखित अवस्थामा प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने गरी सुरू मोरङ जिल्ला अदालतबाट भएको फैसलालाई सदर ठहऱ्याएको उच्च अदालत विराटनगरको फैसलालाई अन्यथा भन्न नमिल्ने।

सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७५।०६।१४ मा प्रतिवादी प्रमोद भन्ने भगिश्वर लिम्बुलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी भएको फैसलालाई सदर ठहऱ्याएको उच्च अदालत विराटनगरको मिति २०७६।०३।०६ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गगनदेव महतो

इति संवत् २०७९ साल फागुन १२ गते रोज ६ शुभम्।

## १९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-CR-१८२२, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. अम्मर नेपाली (दमाई)*

प्रतिवादी अम्मर नेपाली दमाइले मेरो हात समाइ स्तनको भागमा हात पुऱ्याउँदा म रोएको भनी पीडिताले मौकामा अधिकार प्राप्त अधिकारीसमक्ष गरेको कागज बेहोरालाई समर्थित हुने गरी अदालतसमक्षसमेत बकपत्र गरिदिएको पाइन्छ । निज प्रतिवादीले मलाई जबरजस्ती समातेर किस पनि गरेको हो भनी पीडिताले सो बकपत्रमा खुलाई लेखाइदिएकोसमेत देखिन्छ । प्रतिवादीले पीडिताको मोबाइलबाट मिस कल आएपछि के-कुन कामले मिस कल गरेकी रहिछन् भनी फोन गर्दा सम्पर्क नभएपछि निजको घरमा गएको हो भनी मौकामा बयान कागज गरिदिएको अवस्था छ। त्यसैगरी प्रतिवादीका साक्षी दिनेश आउजी र राजेश दमाई नेपालीले प्रतिवादी राम्रै चालचलन भएको व्यक्ति हुन् । निजले जबरजस्ती करणी गरेको होइन भनी अदालतसमक्षको बकपत्रमा खुलाएको पाइन्छ। मुलुकी ऐन, आशय करणीको महलको १ नं. मा कसैले कुनै महिलाको मन्जुरीबिना निजको संवेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा यौन दुर्व्यवहार गरेको मानिन्छ भन्ने कानूनी प्रावधान रहेको पाइन्छ। यसरी उल्लिखित तथ्य एवम् कानूनी प्रावधानसमेतलाई मध्यनजर गर्दा, प्रतिवादी अम्मर नेपाली दमाईलाई मुलकी ऐन, आशय करणीको १ नं. अनुसार सजाय गर्न मनासिब देखिँदा त्यसतर्फ कारबाही गर्नु भन्ने सुरू कैलाली जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत दिपायलको फैसला अन्यथा देखिने।

प्रस्तुत वारदात जबरजस्ती करणी उद्योगको नदेखिई निज प्रतिवादी अम्मर नेपाली दमाईको हकमा प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम आशय करणीमा परिणत हुने

गरी भएको सुरू कैलाली जिल्ला अदालतको मिति २०७५।०२।३१ को फैसलालाई सदर ठहऱ्याएको उच्च अदालत दिपायलको मिति २०७६।०१।१३ गतेको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेकै देखिन आयो । तथापि केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(१) ले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ खारेज भई हाल अस्तित्वमा नरहेको र उक्त कानूनी व्यवस्थालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ को उपदफा (१) मा उल्लिखित यस संहिताबमोजिम नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दा कारबाही हुँदा अनुसूची-१ वा अनुसूची-२ भित्र नपर्ने देखिएको तर कानूनबमोजिम अन्य कुनै मुद्दा चल्न सक्ने देखिएमा अदालतले सोही आदेश गरी सरोकारवाला व्यक्तिलाई त्यसको सूचना दिनुपर्ने छ र ऐ. को उपदफा (२) मा सरोकारवालाले सूचना पाएको दुई महिनाभित्र सो मुद्दा सकार गरेमा निजलाई वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट कानूनबमोजिम कारबाही र किनारा गर्नुपर्ने छ भन्नेसमेतको कानूनी प्रावधानले निरन्तरता दिएको पाइन्छ । यस परिप्रेक्ष्यमा, प्रस्तुत मुद्दामा सरोकारवाला रहेका जाहेरवालालाई सूचना दिई निज जाहेरवालाले मुद्दा सकार गर्न आए निजलाई वादी कायम गरी यसै मुद्दाबाट आशय करणी मुद्दाको कारबाही र किनारा गर्नु भन्नेसमेत ठहर्ने ।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल फागुन १२ गते रोज ६ शुभम् ।

**इजलास नं. ५**

२०

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७७-WH-०४०७, बन्दीप्रत्यक्षीकरण, सुशन भन्ने राजेश्वर लिम्बु वि. झापा जिल्ला अदालत, भद्रपुर, झापासमेत*

मिसिल संलग्न झापा जिल्ला अदालतबाट मिति २०७७।१०।२१ मा जारी भएको कैदी पुर्जीबाट यी प्रतिवादीलाई ठहरेको कैदमध्ये साबिक मुलुकी ऐन, दण्ड सजायको ४१ नं अनुसार ठुलो कैदमा नै चोरीको ०-१-१५ र रू.२८,८००।– जरिवानाबापतको कैदसमेत खापी पक्राउ परेकै मिति २०७७।१०।२० बाट लागु हुने गरी लागेको जरिवाना दाखिला गरे मिति २०८६।१०।१९ गतेसम्म र जरिवाना दाखिल नगरे जरिवाना रू.५०,०००।– को हुन आउने पाँच महिना सत्र दिन कैदबापत मिति २०८६।१०।२० देखि मिति २०८७।०४।०६ सम्म कानूनबमोजिम सिदा खर्च र अन्य सुविधा उपलब्ध गराई कैदमा राखी अन्य मुद्दा वा कारणले कैदमा राखिरहनुपर्ने अवस्था नभएमा मिति २०८७।०४।०७ मा कैदमुक्त हुने भन्ने देखिन्छ । यसरी यी निवेदक अदालतबाट कसुरदार ठहर भई फैसला कार्यान्वयनको रोहमा दिइएको कैद पुर्जीबमोजिम थुनामा रहेको हुँदा निजको थुनालाई गैरकानूनी थुना भन्न नमिल्ने ।

निवेदकको नाममा झापा जिल्ला अदालतबाट मिति २०७३।४।१८ मा तामेल भएको म्यादलाई रीतपूर्वकको मान्न मिल्ने नदेखिँदा उक्त म्याद, झापा जिल्ला अदालतको मिति २०७३।१०।५ को फैसला तथा मिति २०७७।१०।२१ को च.नं.६७७३ को कैदी पुर्जीसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । उल्लिखित म्याद सूचना, फैसला र कैदी पुर्जी बदर भइसकेको अवस्था हुँदा रिट निवेदकले माग गरेको कानूनी उपचार प्राप्त भएको र मुद्दामा निजलाई उपस्थित गराई न्यायिक प्रक्रिया सम्पन्न गर्नुपर्ने अवस्थासमेत रहेको देखिन्छ । निवेदक सुशन भन्ने राजेश्वर लिम्बुलाई २०७२ सालको स.फौ.नं. १८-०७२-०२२७२ (०७२-CR-०५५७) को मानव अपहरण तथा शरीर बन्धक, जबरजस्ती चोरी मुद्दामा

निजको नामको समाह्वान म्याद पुनः निज रहेको कारागारमा नै बुझाई निजको बयानसमेत लिई थुनछेक आदेश जारी गरी प्रमाण बुझ्नेलगायत जे जो न्यायिक प्रक्रिया पूरा गर्नुपर्ने छ सो पूरा गरी कानूनबमोजिम मुद्दामा फैसला गर्नु भनी विपक्षी झापा जिल्ला अदालतको नाममा परमादेश जारी गरिदिएको छ । बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : मतिना शाक्य

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७९ साल वैशाख ८ गते रोज ५ शुभम् ।

**२१**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी**, *०७८-WH-०२३१, बन्दीप्रत्यक्षीकरण, कविता लुइटेल वि. जिल्ला प्रहरी कार्यालय, दार्चुलासमेत*

रिट निवेदक परिवर्तित नाम जिल्ला ७२(थ३) कुमारको विरूद्ध दार्चुला जिल्ला अदालतमा जबरजस्ती करणीसम्बन्धी कसुरमा मुद्दा चली निज सो अदालतको मिति २०७७।११।२२ को आदेशले बालसुधार गृहमा रहेको देखियो । रिट निवेदनसाथ संलग्न अभियोग पत्रको प्रतिलिपि हेर्दा निजलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा ६(१) र (२) बमोजिमको कसुरमा ऐ को दफा २१९ को उपदफा (३) को देहाय (ख) बमोजिम सजाय हुनुपर्नेमा निजको उमेर वारदातका बखत १३ वर्ष १ महिना देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(२) बमोजिम सजाय गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति दिलाई भराई अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमको रकम कसुरदारबाट भराई सोही ऐनको दफा ४१(५) बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको अभियोग मागदाबी लिई अभियोगपत्रमा मागदाबी लिएको देखियो । पेस भएको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि हेर्दा रिट निवेदकको जन्म २०६५।०३।२५ मा भएको भन्ने उल्लेख भएको पाइएबाट कसुर हुँदाबखत निज निवेदक १३ देखि १४ वर्षबिचको उमेर समूहको व्यक्ति हो भन्नेमा विवाद नदेखिने ।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(२) मा दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम उमेरको बालबालिकाले जरिवाना हुने कसुरजन्य कार्य गरेको भए निजलाई सम्झइबुझाइ छाडिने छ र कैद हुने कसुरजन्य कार्य गरेको भए कसुरको प्रकृति हेरी ६ महिनासम्म कैद गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म बालसुधार गृहमा राखिने छ भन्ने कानूनी व्यवस्था रहेको छ । त्यसैगरी मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(२) मा दश वर्ष वा दश वर्षभन्दा माथि र चौध वर्षभन्दा कम उमेर भएको व्यक्तिले कानूनबमोजिम कैद हुने कसुर गरेमा कसुर हेरी ६ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म सुधार गृहमा राख्न सकिने छ भन्ने व्यवस्था रहेको छ । उपर्युक्त कानूनी व्यवस्था अनुसार कैदको सजाय हुने कसुरजन्य कार्य गरेको अवस्थामा ६ महिनासम्म कैद सजाय वा कैद नगरी बढीमा एक वर्षसम्म बालसुधार गृहमा राख्न सकिने भन्ने देखियो । तर एक वर्षभन्दा बढी बालसुधार गृहमा राख्न बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(२) र मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(२) को कानूनी व्यवस्थाले मिल्ने नदेखिने ।

रिट निवेदक परिवर्तित नाम जिल्ला ७२(थ३) कुमारलाई जबरजस्ती करणीसम्बन्धी कसुरमा मुलुकी फौजदारी संहिता, २०७४ को दफा २१९(१)(२) को कसुरमा सोही संहिताको दफा २१९(३)(ख) बमोजिम सजायको अभियोग दाबी रहे तापनि निवेदकको उमेर १३ वर्ष रहेको र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(२) बमोजिम १० वर्षभन्दा माथि १४ वर्षभन्दा कम उमेरका बालबालिकाको हकमा १(एक) वर्षसम्म बाल सुधार गृहमा राख्न सकिने व्यवस्था रहेको र सोही ऐनको दफा २४(१) ले बालबालिकालाई

ऐ. ऐनको दफा २४(२)(क)(ख) को अवस्थाबाहेक मुद्दा पुर्पक्षको सिलसिलामा थुनामा राख्न नहुने र निजसँग धरौट वा जमानत लिन नमिल्ने कानूनी व्यवस्था रहेको तथा ०७८-WH-०२१४, ०७८-WH-००७५, ०७८-WH-०४२३, ०७८-WH-००५६ समेतको बन्दीप्रत्यक्षीकरण मुद्दामा १४ वर्षभन्दा कम उमेरको नाबालिग अवस्थाका बालबालिकालाई मुद्दा पुर्पक्षको निमित्त थुनामा राख्न नमिल्ने भनी व्याख्यासमेत भएको अवस्थामा निवेदकलाई बाल सुधार गृहमा राखी मुद्दा पुर्पक्ष गर्ने गरी दार्चुला जिल्ला अदालतका नि. स्रेस्तेदारबाट मिति २०७८।११।२२ मा भएको थुनछेकको आदेश सदर गर्ने गरी सोही अदालतका माननीय जिल्ला न्यायाधीशबाट मिति २०७८।१२।२२ मा भएको आदेश गैरकानूनी देखिएको हुँदा उक्त दुबै आदेशहरू उत्प्रेषणको आदेशले बदर गरिदिएको छ ।

इजलास अधिकृत : नारायणप्रसाद चापागाई

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७९ असार ३ गते रोज ६ शुभम् ।

**२२**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी,** *०७१-CI-०६९२, निषेधाज्ञा, भोगेन्द्रलाल कर्णसमेत वि. रामबल्लभलाल कर्णसमेत*

जिल्ला सप्तरी मौजे झल्ही हाल राजविराज नगरपालिका वडा नं. ९ कि. नं. २९९ को ज. वि. ०-६-१७$^{१}/_{२}$ मध्ये पश्चिमबाट अन्दाजी ०-०-१० जग्गामा यी पुनरावेदकहरू र प्रत्यर्थीहरूबिच विवाद रहेको देखिन्छ । निवेदकहरूले उक्त विवादित जग्गा आफ्नो हकभोगमा रहेको र निरन्तर जग्गाको मालपोत बुझाएकोमा विपक्षीहरूले जबरजस्ती घर र दिवाल निर्माण गर्ने प्रबल आशंका देखिएकोले उक्त जग्गाको हक भोगचलन गर्न निवेदकहरूलाई कुनै किसिमले बाधा अवरोध नगर्नु भनी निषेधाज्ञा जारी पाउन मागदाबी लिएकोमा विवादित जग्गामा साबिकदेखि नै हाम्रो बसोबास रहेको कुरालाई राजविराज नगरपालिकाको नक्सा मुचुल्का र मिलापत्र एवम् २०४९ को नापी शाखाको नापी नक्सासमेतबाट पुष्टि भइरहेको हुँदा निवेदन खारेज गरिपाउँ भनी विपक्षीहरूको लिखित जवाफ परेको देखिन्छ । साबिक कि. नं. २९९ को जग्गाको नया सर्भे नापीबाट नापी भएको भए तापनि जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण भएको नदेखिएबाट उक्त जग्गा कसको नाउँमा नापी भएको हो, स्पष्ट खुल्दैन । यसको बाबजुद साबिक कि. नं. २९९ को ज. वि. ०-६-१७$^{१}/_{२}$ जग्गाको निवेदक/प्रत्यर्थीहरूले मालपोत बुझाएको मालपोत रसिदसमेतबाट देखिएबाट उक्त जग्गा निवेदक/प्रत्यर्थीहरूको हक भोगको रहेको भन्नेसम्म देखिन्छ । यसरी दाबीको उक्त कि. नं. २९९ ज. वि. ०-६-१७$^{१}/_{२}$ को जग्गा पुनरावेदक/विपक्षीहरूको निर्विवाद हक स्वामित्वको हो भन्ने कुराको कुनै प्रमाण निजहरूले देखाउन नसकेको ।

पुनरावेदक/विपक्षीहरूले उल्लिखित कि. नं. २९९ को जग्गामा साबिकदेखि नै आफूहरूको बसोबास रहेको कुरा साबिक देवानी नं. १९९४ को घर उठाइपाउँ मुद्दा, सा. दे. न. २३५७ को जग्गा खिचोला मुद्दाको तथा मिति २०६२ सालमा राजविराज नगरपालिकाबाट नाप नक्सा गरी मन्जुरीसाथ मिलापत्र गरेको कुराबाट समेत पुष्टि भइरहेको भन्ने जिकिरको सम्बन्धमा हेर्दा, उक्त मुद्दा र नगरपालिकामा भएको सहमति साबिक कि. नं. २९९ को सम्पूर्ण जग्गामध्ये पूर्वतर्फको ज. बि. ०-०-५ को जग्गामा भएको देखिन्छ । सप्तरी जिल्ला अदालतबाट मिति २०४९।०३।११ को नक्सा मुचुल्का हेर्दा न. नं. ५ मा पुनरावेदक/विपक्षी सुर्यनारायणलाल दासको घर, न. नं. ४ मा पाइखाना र न. नं. ७ मा आँगन रहेको भनी स्पष्ट उल्लेख गरेको देखिन्छ । प्रस्तुत मुद्दाका निवेदक/प्रत्यर्थीहरू रामबल्लभलाल कर्णसमेतले दर्ता गरेको २०४७ सालको दे.नं. १३७८ को जग्गा खिचोला मुद्दाको विषय कि. नं. २९९ मध्ये ज. बि. ०-०-५ जग्गामा पुनरावेदक/विपक्षीको पाइखाना बनाएको भन्ने विषय

रहेकोमा न. नं. ४, ५ र ७ को जग्गाबाहेक अन्य जग्गा निवेदक/प्रत्यर्थीहरू राजबल्लभलाल कर्णसमेतको हकभोग रहेको भनी सोसम्ममा वादी दाबी नपुग्ने ठहरी सो फैसला अन्तिम भई बसेको र सो जग्गाको विषयमा प्रस्तुत निषेधाज्ञाको निवेदन परेको नदेखिने।

प्रस्तुत निवेदन २०७० सालमा कि नं. २९९ को पश्चिमबाट ज. वि. ०-०-१० मा घरको पर्खाल लगाउने प्रबल सम्भावना रहेको भन्ने विषयसँग सम्बन्धित रहेको देखिन्छ। उक्त कि. नं. २९९ मध्येको ज. बि. ०-०-१० को जग्गा न. नं. ४, ५ र ७ बाहेकको जग्गा रहेको र उक्त जग्गामा पुनरावेदक/विपक्षीहरूले आफ्नो निर्विवादको हकभोग देखाउन सकेको देखिँदैन भने निवेदक/प्रत्यर्थीहरूले मालपोत बुझाएको मालपोत रसिदसमेतबाट निवेदक/प्रत्यर्थीहरूको हकभोगको जग्गा रहेको देखिन्छ । निवेदक/प्रत्यर्थीहरू र पुनरावेदक/विपक्षीहरू दुवैले उल्लिखित जग्गामा आफ्नो निर्विवाद हक स्थापित भइसकेको देखाउन नसके पनि निवेदक/प्रत्यर्थीहरूले मालपोत कार्यालयमा मालपोत बुझाएको रसिद पेस गरी उक्त जग्गामा आफ्नो हकभोग रहेको प्रमाण पेस गर्न सकेको र सोलगायतका अन्य कुनै पनि प्रमाण पुनरावेदक/विपक्षीहरूले देखाउन नसकेको हुँदा कि. नं. २९९ ज. वि. ०-६-१७$^{१}/_{२}$ भित्र पर्ने विवादित ज. वि. ०-०-१० मा निवेदकको हकभोगको रहेको भनी निषेधाज्ञा जारी गर्ने गरी पुनरावेदन अदालत राजविराजको फैसलालाई अन्यथा मान्न मिल्ने देखिएन । अतः निवेदकको हकभोग स्थापित भएको विषयमा निषेधाज्ञा जारी हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजको फैसला मिलेकै देखिँदा पुनरावेदकहरूको पुनरावेदन जिकिर तथा विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, पुनरावेदन अदालतमा निवेदन दिनेले उक्त जग्गामा आफ्नो हकभोग भएको मालपोतको रसिद देखाउन सकेको तर पुनरावेदक/विपक्षीहरूसँग सोसमेत केही नभएको देखिँदा पुनरावेदन अदालतबाट निषेधाज्ञा जारी गर्ने गरी भएको फैसला मिलेकै देखिँदा सदर।

इजलास अधिकृत : निराजन शर्मा

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७९ साल भदौ २९ गते रोज ४ शुभम्।

## २३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७८-WO-०५२६, उत्प्रेषण / परमादेशसमेत, शोभा पौडेलसमेत वि. श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*

लोक सेवा आयोग ऐन, २०६६ को दफा २५ मा “निजामती सेवाको रिक्त पदको पूर्ति सेवा सर्तसम्बन्धी प्रचलित कानूमा उल्लेख भएको प्रतिशतबमोजिम पद संख्या निर्धारण गरी खुला प्रतियोगिता तथा बढुवाद्वारा गरिने छ” भन्ने व्यवस्था रहेको देखिन्छ। निजामती सेवा नियमावली, २०५० को नियम १३(१) मा “कुनै राजपत्राङ्कित पद नयाँ सिर्जना भएमा वा कुनै तरिकाबाट रिक्त भएमा सात दिनभित्र सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगले त्यस्तो पदसँग सम्बन्धित विवरण सामान्य प्रशासन मन्त्रालयमा पठाउनुपर्ने छ । त्यस्तो जानकारी प्राप्त भएपछि सामान्य प्रशासन मन्त्रालयले निजामती किताबखाना र आफूसँग रहेको अभिलेख भिडाई प्रत्येक दुई महिनामा आवश्यक विवरणसहित लोक सेवा आयोगमा पदपूर्तिको माग गरी पठाउनुपर्ने छ” भन्ने व्यवस्था रहेको पाइन्छ । सोही नियमावलीको नियम १४ मा “नियम १३ बमोजिम कर्मचारी मागसम्बन्धी विवरण प्राप्त भएपछि लोक सेवा आयोगले रिक्त पदहरूमध्ये ऐनको दफा ७ बमोजिम खुल्ला प्रतियोगिता, कार्य क्षमताको मूल्याङ्कन, आन्तरिक प्रतियोगितात्मक परीक्षा र ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा पूर्ति हुने प्रतिशतको आधारमा

पदसंख्यासंख्या निर्धारण गर्ने छ" भन्ने व्यवस्था गरेको पाइन्छ। लोक सेवा आयोग नियमावली, २०६७ को नियम ३ को उपनियम (१) मा "अख्तियारवालाले निजामती सेवाको रिक्त पदपूर्ति गर्नको लागि माग गर्दा अनुसूची-१बमोजिमको फाराम भरी राजपत्राङ्कित पदको हकमा आयोगको केन्द्रीय कार्यालयमा र राजपत्र अनङ्कित पदको हकमा आयोगको सम्बन्धित क्षेत्रीय वा अञ्चल कार्यालयमा पठाउनु पर्ने छ" भन्ने व्यवस्था रहेको पाइन्छ।

निजामती सेवाको राजपत्राङ्कित पदको पूर्तिसम्बन्धी उल्लिखित व्यवस्थाहरू अनुसार सो अवधिसम्म रिक्त हुन आएका पद र चालु आर्थिक वर्षभित्रमा अवकाश तथा बढुवाबाट रिक्त हुने पदसमेत यकिन गरी पदहरूको पूर्तिका लागि अख्तियारवाला निकायले त्यस्तो विवरण सामान्य प्रशासन मन्त्रालय (हालको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) लाई पठाउनुपर्ने। सो मन्त्रालयले निजामती किताबखाना र आफूसँग रहेको अभिलेख भिडाई लोक सेवा आयोग नियमावली, २०६७ को अनुसूची-१बमोजिमको फाराम भरी लोक सेवा आयोगको केन्द्रीय कार्यालयमा पठाउनुपर्ने र सोबमोजिम लोक सेवा आयोगले विज्ञापन गर्नुपर्ने कार्यविधि निर्धारण भएको देखियो।

लोक सेवा आयोगको मिति २०७८।०६।२७ को सूचना नं. ३०३।०७८-७९, ३०४।०७८-७९, र ३०५।०७८-७९ अन्तर्गत नेपाल कृषि सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको विज्ञापनहरू मात्र उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। विपक्षी कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सचिवस्तरबाट मिति २०७८।०६।०७ मा निवेदनमा उल्लिखित कृषि सेवाका विभिन्न समूहहरूमा रिक्त भई पदपूर्ति गर्नुपर्ने ५९ पदका सम्बन्धमा निर्णय भएकोमा पदपूर्तिका सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयलाई लेखिएको पत्रमा विशिष्ट श्रेणीको पदाधिकारी वा सचिवको हस्ताक्षर नभएकै मात्र कारणबाट सामान्य प्रशासन मन्त्रालयबाट पदपूर्तिका लागि उक्त रिक्त ५९ पदको विवरण भरी लोक सेवा आयोगमा नपठाएकोले उक्त रिक्त पदमा बढुवा हुन पाउने निवेदकहरूको हक हनन भएको हुँदा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सचिवस्तरको मिति २०७८।०६।०७ को निर्णय अनुसारको उक्त रिक्त ५९ पदको विवरण माग आकृति तयारीसम्बन्धी कार्यविधि, २०७७ को दफा ८(१) (च) बमोजिम सचिवस्तरबाट प्रमाणित गराई यो आदेश प्राप्त भएको एक महिनाभित्र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पदपूर्तिका लागि पठाउनु भनी विपक्षी कृषि तथा पशुपन्छी विकास मन्त्रालयका नाममा तथा विवरण प्राप्त भएपछि निजामती सेवा नियमावली, २०५० को नियम १३(१) बमोजिम तत्काल लोक सेवा आयोगमा पदपूर्तिका लागि लेखी पठाउनु भनी विपक्षी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : विकाश कुमार रजक
कम्प्युटर : सरस्वती दाहाल
इति संवत् २०७९ जेष्ठ २३ गते रोज २ शुभम्।

**२४**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७४-CR-०९५६, अदालतको अवहेलना, आसामायाँ गोर्खाली श्रेष्ठ वि. जगदम्बे गुरूङसमेत*

वादीको नाउँको जग्गा गैरकानूनीरूपमा दर्ता गरिएको र त्यस्तो जग्गा खरिद गरी सोमा नक्सा पास गरी घर निर्माण गर्न लागेकोमा सो विषयसँग सम्बन्धी मुद्दाको अन्तिम टुंगो नलागुन्जेलसम्म सो घर निर्माण कार्य रोक्का गराइपाउँ भनी सुरू जिल्ला अदालतमा निवेदन गरेकोमा अर्को आदेश नभएसम्मका लागि निवेदनमा उल्लिखित जग्गामा घर निर्माण कार्य रोक्का गर्नु भनी आदेश भई सोको जानकारीसमेत दिइसकेपछि त्यस्तो आदेशको पालना नगरेको हुँदा अवहेलनामा

सजाय हुनुपर्छ भन्नेसमेत बेहोराको निवेदकको दाबी र प्राप्त आदेशबमोजिम म लिखितजवाफ कर्ताले भवन निर्माण कार्य नगरी काम स्थगित राखी सदा अदालतको फैसला, आदेश, कानून, नियम, संविधानको सदा सर्वदा पालन गर्दैआएको छु भन्नेसमेत बेहोराको जगदम्बे गुरूङ्गको लिखितजवाफ रहेको पाइयो। घर भत्काइपाउँ भन्ने मुद्दाको रोहमा रोक्काको लागि माग भएकोबाट प्रस्तुत मुद्दाको उठान भएकोमा उक्त घर वादी दाबीको कि.नं.१६९९ र १६५२ मा नभई कित्ता नं १६५८ र १६५९को जग्गामा निर्माण भएको भन्ने आधारमा सो लगाउको घर भत्काइपाउँ भन्ने मुद्दामा वादी दाबी नपुग्ने ठहरी फैसला भएको अवस्था रहेको देखिने।

यसरी अदालतको आदेशपूर्व नै घर बनिसकेको र सो घर वादीको दाबीको जग्गाबाहेकको नै जग्गामा बनेकोसमेतका कारणबाट विपक्षीहरूलाई अदालतको अवहेलनामा कारबाही हुनुपर्छ भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। तसर्थ, वादी दाबी नपुग्ने ठहर्‍याई सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०६७।३।१६ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।८।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज पौडेल

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७९ साल चैत्र २७ गते रोज २ शुभम्।

- यसै लगाउका ०७४-CR-०९५७, अदालतको अवहेलना, आसामायाँ गोर्खाली श्रेष्ठ वि. मिना प्रधानसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७४-CR-०९५८, जालसाजी, आसामायाँ गोर्खाली श्रेष्ठ वि. नेमलाल श्रेष्ठ गोर्खालीसमेत*

विपक्षी नेमलाल श्रेष्ठले आफ्नो कुनै हक नभएको जग्गा आफ्नो नाउँमा दर्ता गरी प्रतिवादी लालबहादुर गुरूङ्गलाई बिक्री व्यवहार गरेको विवादित जग्गामा फिरादीको हक कायम भइसकेको अवस्थामा अर्काको हकको जग्गा खरिद बिक्री गर्ने कार्यलाई जालसाजी ठहर हुनुपर्ने भन्ने वादीको पुनरावेदन जिकिर रहेको देखिन्छ। प्रतिवादी जगदम्बे गुरूङले वादी दाबीको कि नं. १६०४ को जग्गा र नं. १३४०२ बाट मिति २०६२।२।१६ मा प्रतिवादीमध्येका नेमलाल श्रेष्ठसँग खरिद लिँदाका अवस्थासम्म यी वादीको कुनै खरखिचोला नभई निर्विवाद रहेको देखिन्छ। साधिकार निकायमा प्रतिवादी नेमलालका नाउँमा दर्ता भई मोही हकसमेत बाँडफाँड भई निजको एकलौटी हकभोगमा रहेको जग्गा साधिकार निकायबाटै लिखत पारित गरी यी प्रतिवादीहरूका बिच लिनुदिनु भएको देखिन्छ। वादीले फिराद बेहोरामा यी प्रतिवादीहरूले के कसरी जालसाजीका क्रिया गरे भन्ने कुरा स्पष्टसाथ खुलाउन सकेको देखिँदैन। आज यसैसाथ पेस भएको पुनरावेदक प्रतिवादी नेमलाल श्रेष्ठ र प्रत्यर्थी वादी आसामाया गोर्खाली भएको ०७४-CI-०८६१ को निर्णय दर्ता बदर हक कायम मुद्दामा ललितपुर जिल्ला ललितपुर नगर ४(घ) कि.नं. ६५ को क्षेत्रफल ०-७-० जग्गा प्रतिवादी नेमलाल श्रेष्ठको नाममा दर्ता नामसारी गरिदिने गरी भएको मालपोत कार्यालय ललितपुरको मिति २०६०।०६।१३ को निर्णय बदर भई विवादित कि.नं. ६५ को जग्गामा वादीको हक कायम हुने ठहर्‍याई सुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालतबाट मिति २०७१।८।८ मा भएको फैसला यसै इजलासबाट आंशिक उल्टी भई मोही हक बाँडफाँडको जग्गाबाहेकका जग्गामा उक्त ०७४-CI-०८६१ को मुद्दामा विवेचित आधार, कारण र ठहर अवस्थाबमोजिम हुने गरी सो मुद्दामा भएको वादी दाबीको जग्गामध्ये ४ भागको १ भाग नेमलाल श्रेष्ठको हकको हुने भएकोले बाँकीमध्ये ४ भागको ३ भागको हदसम्म दर्ता बदर भई वादी आसामायाँको हक कायम

हुने गरी फैसला भई विवादित जग्गाको ४ भागको ३ भाग जग्गामा वादीको हक स्थापित भइसकेको।

वादी दाबीको जग्गामा हाल आएर वादीको आंशिक हक स्वामित्व स्थापित भइसकेको अवस्था भएको हुँदा सो फैसलामा असर पर्ने गरी वादी दाबीको लिखतले मान्यता नपाउने स्वतः बदर हुने भए तापनि सो लिखत हुँदाका अवस्थासम्म वादी दाबीकै नाउँमा स्रेस्तापुर्जा रहेको र निजको स्वामित्वमा कसैले विवाद उठाएको अवस्थासमेत नदेखिएको र यो यस्तो तवरबाट जालसाजीपूर्ण कार्य भए गरेको भनी वादीले दाबी लिन नसकी केवल प्रतिवादी नेमलालका नाउँको दर्ता बदर भएको भन्ने मात्र आधारमा वादी दाबीको साधिकार निकायमा भएको लिखतलाई जालसाजी घोषित गर्न नमिल्ने हुँदा जालसाजी ठहर नगरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।८।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज पौडेल

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०७९ चैत्र २७ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७९-CI-०२३०, छुट जग्गा दर्ता नामसारी, कमला गोर्खाली वि. आसामाया श्रेष्ठ गोर्खालीसमेत
- ०७९-CI-०२२६, ०७९-CI-०२३१, निर्णय बदर, संयुक्त दर्ता फारी, हक कायम दर्ता, गायत्री श्रेष्ठ गोर्खाली वि. कमला श्रेष्ठ गोर्खाली, कमला श्रेष्ठ गोर्खाली वि. नेमलाल श्रेष्ठ गोर्खालीसमेत
- ०७४-CR-०९५९, ०७४-CR-१२२७, जालसाजी, आसामाया गोर्खाली श्रेष्ठ वि. जगदम्बे गुरूङसमेत, मिना प्रधान वि. आसामाया गोर्खाली श्रेष्ठ
- ०७९-CI-०२२७, ०७९-CI-०२२९, ०७२-CI-०३०९, निर्णय बदर, संयुक्त दर्ता फारी, हक कायम दर्तासमेत, नेमलाल श्रेष्ठ गोर्खाली वि. कमला गोर्खाली श्रेष्ठसमेत, कमला गोर्खाली श्रेष्ठ वि. नेमलाल श्रेष्ठ गोर्खाली
- ०७४-CI-०६९७, घर भत्काइपाऊँ, आसामाया गोर्खाली श्रेष्ठ वि. जगदम्बे गुरूङ
- ०७४-CI-०८५७, धितो लिखत बदर, मिना प्रधान वि. आसामायाँ गोर्खाली श्रेष्ठ
- ०७४-CI-०८६१, निर्णय दर्ता बदर हक कायम, नेमलाल श्रेष्ठ वि. आसामायाँ गोर्खाली श्रेष्ठ
- ०७४-CR-०९५५, जालसाजी, आसामायाँ गोर्खाली श्रेष्ठ वि. नेमलाल गोर्खाली श्रेष्ठ
- ०७४-CR-०९६०, जालसाजी, आसामायाँ गोर्खाली श्रेष्ठ वि. केदारबहादुर थापा क्षेत्रीसमेत
- ०७९-CI-०२२८, छुट जग्गा दर्ता नामसारी, नेमलाल गोर्खाली श्रेष्ठ वि. आसामायाँ गोर्खाली श्रेष्ठसमेत
- ०७४-CI-०६९६, घर भत्काइपाऊँ, गायत्री श्रेष्ठ गोर्खाली वि. मिना प्रधान

## २६

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री नहकुल सुवेदी,** *०७७-CI-००३०, लिखत बदर, दर्ता बदर दर्ता हक कायम, टुङ्गलाल शर्मा समेत वि. हरिप्रसाद अधिकारी*

शान्ता शर्मा र प्रतिवादी तारादेवी शर्माले मालपोत कार्यालय चितवनमा संयुक्त निवेदन दिई बाटो कायम गरिसकेपश्चात् तारादेवी शर्माले आफ्नो नाममा रहेको साबिक कि.नं. ९९० कित्ताकाट भई कायम भएको कि.नं. १३७५ क्षे.फ. ३१० व.मि. र १३७४ क्षे.फ. ८६५.१८ व.मि.मध्ये कि.नं. १३७५ बाट क्षे.फ. २०१.२० व.मि. जग्गा हाल कायम कि.नं.

१३८१ मिति २०७३।१०।४ मा र.नं. ६२२७/घ बाट छोरा हरिप्रसाद अधिकारीलाई राजीनामा गरी दिए उपर प्रस्तुत मुद्दा दायर हुन आएको देखिन्छ। प्रस्तुत मुद्दाको फिरादपत्रमा वादीहरूले हामी एकाघरका ४ अंशियार रहेको र हाम्रो अंश हक लाग्ने सम्पूर्ण चलअचल सम्पत्ति फिरादीमध्येको म बाबु टुङ्गलाल शर्मा विपक्षी आमा/श्रीमती तारादेवी शर्माको जिम्मामा रही आएको र म फिरादी टुङ्गलाल शर्मा मुख्य व्यक्ति भई घर व्यवहार सञ्चालन गरिआएको भनी प्रतिवादी तारादेवी घरको मुख्य व्यवहार कर्ता नभएको जिकिरका साथ वादीहरूको हक हिस्सासम्म बदर माग गरेको देखिन्छ । प्रतिवादी तारादेवी शर्माको नाममा भएको सम्पत्तिबाहेक वादीमध्येको टुङ्गलाल शर्माको नाममा समेत चलअचल सम्पत्ति रहेको बेहोरासमेत उल्लेख भएको अवस्था देखिएकोले प्रतिवादी तारादेवी शर्माले मिति २०७३।१०।४ मा कि.नं. १३८१ क्षे.फ. २०१.२० व.मि. जग्गा राजीनामा गरेपश्चात् पनि तारादेवीको नाममा अन्य जग्गा बाँकी रहेको र वादीमध्येको टुङ्गलाल शर्माको नाममा अन्य अचल सम्पत्तिसमेत बाँकी रहेको भन्ने अवस्था देखिन आउँछ । प्रतिवादी तारादेवी शर्माले आफ्नो साथमा भएको जग्गामध्ये आधाभन्दा ज्यादै नै न्यून मात्रामा जग्गा राजीनामा लिखत पारित गरिदिएको अवस्था देखिने।

वादीहरूले घरको मुख्य व्यवहारकर्ता टुङ्गलाल शर्मा भएको भनी जिकिर लिएको भए तापनि यी प्रतिवादी तारादेवी शर्माको नाममा जग्गा कायम रहेको र प्रतिवादी तारादेवी शर्माले बाटो निकास नभएको आफ्नो जग्गासँग साँध सिमाना जोडिएको शान्ता शर्मासँग संयुक्त निवेदन नगरपालिका तथा मालपोत कार्यालय चितवनसमेतमा दिई आफ्नो बाटो नभएको जग्गामा बाटो भएको सँधियार शान्ता शर्माको नामको जग्गाबाट बाटो कायम गराई आफ्नो बाटो नभएको जग्गामा बाटो निकास कायम गर्न सक्षम व्यक्तिलाई घरमा श्रीमान् र छोराहरू भएकै कारणले मात्र व्यवहार गर्न नसक्ने भन्ने अवस्था देखिन आउँदैन। निजले गरेको कार्यबाट सम्पूर्ण अंशियारहरूको जग्गाको स्तरोन्नति भई जग्गाको महत्त्व वृद्धि (Value add) भएको र जग्गामा निकास प्राप्त भएको अवस्थासमेतबाट घर व्यवहारमा प्रतिवादी तारादेवी शर्माको समेत महत्त्वपूर्ण भूमिका रहेको भन्ने अवस्था देखिन आउँछ। साथै उक्त जग्गामा बाटो निकास कायम भएपछि हुने लाभ सम्पूर्ण अंशियारहरूलाई प्राप्त हुने अवस्था देखिन आउँछ भने उक्त बाटो निकास कायम भएको अवस्थालाई यी वादीहरूले अन्यथा भनेको अवस्थासमेत नदेखिने।

प्रतिवादी तारादेवी शर्माको नाममा साबिक कि.नं. ९९० बाट बाटो कायम गरिसकेपश्चात् पनि कि.नं. १३७४ क्षे.फ. ८६५.१८ व.मि. र कि.नं. १३७५ क्षे.फ. ३१० गरी क्षे.फ. ११७५.१८ व.मि. बाँकी रहेको अवस्थामा प्रतिवादीमध्येको हरीप्रसाद अधिकारीलाई क्षे.फ. २०१.२० व.मि. जग्गा राजीनामा गरिदिएको अवस्था देखिन्छ । आफ्नो नाममा भएको जग्गामध्ये अत्यन्त कम क्षेत्रफल मात्र जग्गा राजीनामा गरिदिएको अवस्था रहेको र आफ्नो जग्गामा सँधियारको जग्गासमेतबाट बाटो कायम गर्न संयुक्त रूपमा पहल गरी बाटो निकास नभएको जग्गामा बाटो निकास कायम गरेकी यी प्रतिवादी तारादेवी शर्मालाई घर व्यवहार सञ्चालन गर्ने व्यक्ति नरहेको भनी निजले गरेको व्यवहारलाई नै कानूनअनुकूल नरहेको भन्न सकिने अवस्था देखिन आउँदैन। बाटो कायम गरेको व्यवहार अन्य प्रतिवादीले स्वीकारै गरेको अवस्था देखिन्छ । प्रतिवादी तारादेवीकै छोरा हरिप्रसाद अधिकारीलाई कि.नं. १३७५ बाट कित्ताकाट गरी कि.नं. १३८१ को क्षे.फ. २०१.२० व.मि. जग्गा तारादेवीले दिएको र हरिप्रसादले आमाबाट कि.नं. १३८१ जग्गा प्राप्त गरी आफ्नो जग्गामा समेत निकास प्राप्त गरेको अवस्था देखिएको र तारादेवी शर्माले न्यून मात्रामा जग्गा राजीनामा गरेको अवस्था देखिन आएको

हुँदा वादी दाबीबमोजिम लिखत बदर हुन नसक्ने ठहर गरी भएको सुरू फैसला सदर गरेको उच्च अदालत पाटन हेटौंडा इजलासको फैसला मिलेकै देखिने।

तसर्थ, उच्च अदालत पाटन हेटौंडा इजलासबाट मिति २०७६।०२।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज पौडेल

कम्प्युटर सरस्वती दाहाल

इति संवत् २०७९ साल वैशाख २७ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा यसैअनुसार फैसला भएको छ :

- ०७७-CI-००३०, लिखत बदर, दर्ता बदर दर्ता हक कायम, टुङ्गलाल शर्मा समेत वि. शान्ता शर्मा समेत
- *०७७-CI-००२७, लिखत बदर, दर्ता बदर दर्ता हक कायम, जमुना कंडेल (अधिकारी) वि. हरिप्रसाद अधिकारीसमेत*
- *०७७-CI-००६५, जालसाजी, टुङ्गलाल शर्मा समेत वि. हरिप्रसाद अधिकारी*
- ०७७-CI-००२८, लिखत बदर, दर्ता बदर दर्ता हक कायम, जमुना कंडेल वि. शान्ता शर्मा पौडेलसमेत
- ०७७-CR-००६९, जालसाजी, जमुना कंडेल (अधिकारी) वि. शान्ता शर्मा पौडेलसमेत
- ०७७-CR-००६८, जालसाजी, जमुना कंडेल वि. शान्ता शर्मा समेत
- ०७७-CR-००६७, जालसाजी, टुङ्गलाल शर्मा समेत वि. तारादेवी शर्मा समेत
- ०७७-CR-००६६, जालसाजी, टुङ्गलाल शर्मा समेत वि. शान्ता शर्मा समेत
- ०७७-CI-००२९, लिखत बदर, दर्ता बदर दर्ता हक कायम, टुङ्गलाल शर्मा समेत वि. तारादेवी शर्मा समेत

## २७

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री नहकुल सुवेदी**, *०७५-CR-१८२५, जबरजस्ती करणी, रईस खान वि. नेपाल सरकार*

एक ९ वर्षीय अवोध सुस्त मनस्थिति र जन्मजात बोल्न नसक्ने नाबालिकाले आफूमाथि भएको क्रूर अमानवीय अपराधको बारेमा घटना घटेको तत्कालै रूँदै गएर आफ्नो आमालाई इशारा गरी आफ्नो गुप्ताङ्गतिर देखाएको र हेर्दा निज छोरीले लगाएको कट्टुमा रगत लागेको, दुवै खुट्टामा रगत बगेको देखी कस्ले यस्तो गरेको भन्दा छोरीले मेरो हात समाती तान्दै निज रइस खानको घरतर्फ लिई जाँदा निजकै घर नजिकै रहेको बाँसघारीमा बसेका निज रईस खानलाई देखाएको र छोरीले रईस खानलाई देखाउने बित्तिकै निज सो ठाउँबाट भागी फरार भएका हुन् भनी पीडिताकी आमाले दिएको जाहेरी दरखास्त र सोलाई पुष्टि हुने गरी मौकामा बयान र अदालतमा बकपत्रसमेत गरेको अवस्थामा पीडिताको योनि रस र Pubic Hair प्रतिवादीको कपडामा नभेटिएको र प्रतिवादीको वीर्य र Pubic Hair समेत पीडिताको कपडामा नभेटिएको कारण पीडितामाथि जबरजस्ती करणीको अपराध नै घटेको होइन भनी प्रस्तुत गरिएको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। जसलाई ने.का.प. २०६५, अङ्क १, नि.नं. ७९२३ मा "जबरजस्ती करणी हुनको निम्ति स्त्रीको योनिभित्र पुरूष जनेन्द्रिय पूर्णरूपमा प्रवेश भएकै हुनुपर्ने, स्त्रीको कन्याजाली (Hymen) च्यातिएको वा फाटेकै हुनुपर्ने वा पुरूष वीर्य योनिमा स्खलन भई योनिको वरिपरि वीर्य वा सो को दाग लागेकै हुनुपर्ने अनिवार्यतासमेत नरहेको अवस्थामा वीर्य स्खलनसहित वा रहित योनिको बाह्य भागभित्र आंशिक लिङ्ग प्रवेश गराउनु मात्र पनि कानूनी प्रयोजनको निम्ति जबरजस्ती करणीको कसुर हुन पर्याप्त हुने।" भनी प्रतिपादित सिद्धान्तसमेतबाट पुष्टि हुने।

पीडिताको Vaginal Swab for spermatozoa प्रयोगशाला परीक्षणसमेतमा Sperm not Seen भनी विशेषज्ञले गरेको स्वास्थ्य परीक्षण प्रतिवेदन देखिएको र पीडिताको Hymen rupture भएको भन्नेसमेत नदेखिएकोबाट मैले जबरजस्ती करणी नगरेको भनी पुष्टि हुन्छ भन्ने पुनरावेदक प्रतिवादी जिकिर रहेकोमा प्रतिवादीले जबरजस्ती करणी गरेर पीडितामाथि वा आफ्नै कट्टुभित्र वीर्य स्खलन गरेको अवस्थामा मात्र पुरुष वीर्य या Sperm भेटिन सक्ने हुन्छ तर आफ्नो र पीडिताको शरीरभन्दा बाहिर भुइँमा वीर्य स्खलन गरेको खण्डमा सो वीर्य प्रतिवादी र पीडिताको कपडामा नभेटिएको अवस्थालाई सामान्य मान्नुपर्ने हुन्छ। साथै ९ वर्षको कलिलो बालिकालाई जबरजस्ती करणी गरेकोमा पूर्ण रूपमा पुरुषको लिङ्ग पीडिताको योनिभित्र प्रवेश गर्न नपाउँदै पीडाले निज पीडिता रूँदै घटनास्थलबाट गएको अवस्थामा Sperm नभेटिएको भन्ने आधार प्रस्तुत गर्दै पुनरावेदक प्रतिवादी निर्दोष छन् भन्ने तर्क कानूनसम्मत नदेखिने।

पुनरावेदक प्रतिवादीका साक्षी कुर्वान खानले अदालतमा आई बकपत्र गर्दा, "मिति २०७३।६।१५ को दिउसोको समयमा रईस खानले नजिकैको खेतमा बाख्राले धान खाएको देखी बाख्रा धपाउन जाँदा सो बाख्रा मिलनचोक (क) को बाख्रा रहेकोले रईस खानले मिलनचोक (क) लाई गालामा २ थप्पड हिर्काएको, निज रूँदै कराउँदै घरमा आएकी र आमासँग रईसलाई देखाउँदै भनेकी हुन्। रईस र पीडिताको घर परिवारबिच झगडा भई गाली गलौज भएको हो। निजको चालचलन राम्रो छ" भनी लेखाएको बकपत्रलाई समेत प्रमाणमा नलिई फैसला गरेको नमिलेको भन्ने जिकिर रहेको सम्बन्धमा विचार गर्दा, निजको साक्षीले अदालतमा आई प्रतिवादीको समर्थनमा बकपत्र गरेको तर सो बकपत्रलाई पुष्टि गर्ने खालको कुनै पनि प्रमाण भने अदालतसामु पेस गर्न सकेको छैन। प्रतिवादीले झापड हानेको भरमा मात्रै ९ वर्षको सुस्त मनस्थितिको बोल्न नसक्ने बालिकालाई जबरजस्ती करणीजस्तो गम्भीर अपराध घटाएको भनी झुट्टा आरोप लगाउनुपर्ने आधार, कारण निज पुनरावेदक प्रतिवादीको साक्षीले देखाउन सकेको पाइँदैन । त्यसमाथि पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदन जसमा पीडितको योनिमा करणी भएको हुन सक्ने देखिएको, निजको योनिको तल्लो भाग च्यातिएको र सुन्निएको देखिएको भन्नेसमेत उल्लेख भएको बेहोरा र वादीका साक्षी नेक महम्मद अंसारीले अदालतमा बकपत्र गर्दा, "मिति ०७३।०६।१६ गते आइतबार ४ बजेको समयमा म खेतबाट आइरहेको बेला निज पीडिता जाहेरवालीसँग रूँदै कराउँदै आउँदा निजको आमा निज छोरीसँग सोध्दा निज पीडिता आउ-आउ गरिरहेको थियो। सो ठाउँमा म पुग्दा निजको ढाडमा माटो र तिघ्रामा रगत लागेको हो। निज पीडिता वागड भएको कारण आउ-आउ मात्र गरेको थियो। निज बच्चीले जाहेरवालाको हात समाई निज प्रतिवादीको घरतर्फ लगे निज प्रतिवादी घर नजिकै रहेको बासघारीमा बसिरहेको अवस्थामा इसराबाट निजलाई देखाउँदा निज प्रतिवादी त्यहाँबाट भागेर गयो" भनी लेखाएको जुन पीडिताको स्वास्थ्य परिक्षण प्रतिवेदनबाटसमेत समर्थित भइरहेकोबाट केवल पुनरावेदक प्रतिवादीको साक्षीको भनाइको भरमा पीडिताउपर जबरजस्ती करणीको अपराध घटेको होइन भन्न मिल्ने अवस्था नरहेको।

तसर्थ, बलात्कार पीडितामाथिको मात्र अपराध नभईकन यो राज्य विरूद्धको अपराध हुँदा यसलाई सामान्य रूपमा ग्रहण गर्न मिल्दैन। पीडितको स्वास्थ्य परीक्षण गर्दा पीडितको अवस्था सुस्त मनस्थिति र जन्मजात बोल्न नसक्ने (DUMB) देखिएको, पीडितको योनिमा करणी भएको हुनसक्ने देखिएको, निजको योनिको तल्लो भाग च्यातिएको र सुन्निएको देखिएको भनी उल्लेख भएको देखिन्छ । वारदात भएको भोलिपल्ट पीडिताको स्वास्थ्य परीक्षण

हुँदा: पीडितको योनिमा करणी भएको हुनसक्ने देखिएको, निजको योनिको तल्लो भाग च्यातिएको र सुन्निएको भन्ने देखिएबाट यी प्रतिवादीको जबरजस्ती करणीको कार्यबाट नै पीडित सो अवस्थामा पुगेको देखिँदा निजले पीडितालाई जबरजस्ती करणी गरेको तथ्यमा विवाद भएन । यी प्रतिवादीउपरको जाहेरी तथा बकपत्र, पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदन एवं डाक्टरको बकपत्रका साथै प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयान एवं घटनास्थल प्रकृति मुचुल्कासमेतका मिसिल संलग्न आधार प्रमाणहरूबाट निज प्रतिवादीलाई कसुरदार ठहर गरी जबरजस्ती करणी महलको ३(२) नं. बमोजिम १० (दश) वर्ष कैद सजाय साथै पीडित बोल्न नसक्ने र सुस्त मनस्थिति भएको भन्ने जाहेरी बेहोरा स्वास्थ जाँच रिपोर्टसमेतबाट पूर्णरूपमा समर्थित भइरहेको देखिँदा प्रतिवादी रईस खानलाई सोही महलको दफा ३ (क) नं. बमोजिम थप ५ वर्ष कैद हुने साथै पीडित नाबालकलाई उक्त घटनाबाट पुग्न गएको शारीरिक तथा मानसिक क्षतिपूर्तिस्वरूप प्रतिवादीबाट निजलाई रू. २५,०००।- (पच्चिस हजार), क्षतिपूर्ति भराइपाउने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी भएको उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जको मिति २०७५।१०।०८ को फैसला अन्यथा नदेखिएको हुँदा सदर हुने ।

इजलास अधिकृत : हिरा डंगोल

इति संवत् २०७८ भदौ १३ गते रोज १ शुभम् ।

## इजलास नं. ८

### २८

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CR-०७५०, वैदेशिक रोजगार कसुर, वीरबहादुर मगर वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले जाहेरवालासँग निजको छोरी ज्वाइँ दिपेस बाँनियालाई वैदेशिक रोजगारीमा पठाइदिनको लागि सोबापत रू.१,००,०००।- रकम बुझी वैदेशिक रोजगारसम्बन्धी लिखत गरिदिएको र सो लिखतलाई प्रतिवादीले अन्यथा भन्न नसकेको, रकम लिएको कुरालाई स्वीकारी कामको प्रयोजन तरकारी व्यापार भन्ने जिकिर लिए पनि सो कुराको प्रमाणबाट पुष्टि गर्न सकेको छैन । प्रतिवादीउपर वैदेशिक रोजगार कसुरको किटानी जाहेरी रहेको र पीडित तथा जाहेरवालाले न्यायाधिकरणसमक्ष उपस्थित भई जाहेरी बेहोरा समर्थन हुने गरी बकपत्रसमेत गरिदिएको देखिन आएकोले प्रतिवादी वीरबहादुर मगर विनाइजाजत जाहेरवालाको ज्वाइँ दिपेस बाँनियालाई वैदेशिक रोजगार पठाइदिन्छु भनी रकम लिई भनेबमोजिम वैदेशिक रोजगारमा नपठाई रकमसमेत फिर्ता गरेको नदेखिँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम कसुर ठहर गरी सजाय गरेको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला अन्यथा नदेखिँदा आफूले जाहेरवालासँग तरकारी व्यापार गर्नलाई रकम लिएको, जाहेरवालाको ज्वाइँ दिपेस बाँनियालाई वैदेशिक रोजगारमा पठाउनलाई रकम लिएको होइन भनी पुनरावेदक/प्रतिवादीले लिएको पुनरावेदन एवं बहस जिकिरसँग सहमत हुन नसकिने ।

मिसिल संलग्न प्रतिवादीउपरको किटानी जाहेरी, निजले जाहेरवालालाई गरिदिएको वैदेशिक रोजगारको कागज, पीडितको राहदानी तथा पीडित र जाहेरवालाले न्यायाधिकरणसमक्ष उपस्थित भई जाहेरी बेहोरा समर्थन हुने गरी गरिदिएको बकपत्रसमेतका कागजातहरूबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ. ऐनको दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।– जरिवाना तथा जाहेरवालाको बिगो र हर्जानासमेत भराइदिने गरी सुरू वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति

२०७३।२।३२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जानकी रमण यादव

कम्प्युटर : शंकर गुरूङ

इति संवत् २०७९ साल मङ्सिर १४ गते रोज ४ शुभम्।

**२९**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७९-WO-०४५८, उत्प्रेषण / परमादेश, दिपक विश्वकर्मा वि. काठमाडौं जिल्ला अदालतसमेत*

निवेदिका नाबालिका रियन्सी सदा शंकरको आमा रमिला सुनार अघिल्लो पुस्ताको हकवाला रहेको भन्ने कुरा निवेदन बेहोराबाट खुल्न आउँछ । निवेदिकाको आमा रमिला सुनारले जग्गाधनी रामबहादुर कामीको अपुताली अस्वीकार गरेको अथवा त्यस्तो अपुताली लिन नचाहेको भन्ने सम्बन्धित अदालतमा उपस्थित भई लिखित रूपमै जानकारी गराएको प्रमाण प्रमाणित नभएसम्म हकवाला निवेदिकाको आमा रमिला सुनारको अपुताली हक सुरक्षित रहन्छ भन्ने देखिन्छ । निवेदिका रियन्सी सदा शंकरले अपुताली हक प्राप्त गर्न सक्ने प्राथमिकताका क्रममा रहेका अघिल्ला पुस्ता आमा रमिला सुनारले अपुताली अस्वीकार गरेको भन्ने लिखित प्रमाण पेस गरी आफू एक मात्र अपुताली हकवाला हुँ भन्ने दाबीलाई कुनै लिखित सबुद प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिने ।

निवेदिकाकी आमा रमिला सुनारले जेठा बाबु नाताका रामबहादुर कामीको आफूमा अपुताली परेको सो अपुताली हक परित्याग गरेको भन्ने आधिकारिक जानकारी वा सूचना साथै जग्गाधनी रामबहादुरको एक मात्र छोरा च्यामे च्यामेको एक मात्र छोरी यी निवेदिकाको आमा रमिला हो भन्ने पुष्ट्याई गर्ने मिसिल संलग्न प्रमाण कागजातबाट देखिन आएन । निवेदिकाले रामबहादुर कामीको अपुताली हक आफूमा सरेको भनी लिएको निवेदन जिकिर तथ्यपरक रहेछ भनी मान्न नसकिने ।

जग्गाधनी रामबहादुरको अपुताली हक कायम गरिपाउँ भनी अदालतमा कसैले निवेदन नगरेको अवस्थामा अपुताली छोडेको जानकारी माग गरी निवेदिकाले निवेदन गरेको अवस्था देखिन्छ । मुलुकी देवानी संहिता, २०७४ को दफा २४४ को उपदफा (२) मा कुनै व्यक्तिले अपुताली स्वीकार नगरेमा अपुताली परेको तीन वर्षभित्र त्यस्तो कुराको जानकारी सम्बन्धित जिल्ला अदालतलाई लिखित रूपमा दिनुपर्ने छ भन्ने कानूनी व्यवस्थाबमोजिमको सो कुराको जानकारी कुनै व्यक्तिले अदालतलाई गराएको रहेछ भने सोको प्रमाणित नक्कल सरोकारवालालाई उपलब्ध गराउन सक्ने अदालतको स्रेस्तेदारको जिम्मेवारी कार्य हो । कसैको अपुताली स्वीकार नगरेको कुराको जानकारी अदालतलाई नभएको अवस्थामा कसको अपुताली कसलाई कहिले परेको हो ? हकवाला को को हो ? स्वीकार गरे नगरेको कुराका सम्बन्धमा प्रमाण बुझी न्याय निरूपण हुने विषयमा अदालतलाई जानकारी नै नरहे नभएको विषयमा कुनै अमुक व्यक्तिले अपुताली अस्वीकार गरेको कुराको प्रमाणित गरिदिने अधिकार ऐन नियमले अदालतका स्रेस्तेदारलाई नभएकोमा निवेदिकाले पहिला प्राथमिकता क्रममा हकवालाले अपुताली अस्वीकार गरेको कुरा प्रमाणित गरि पाउन भनी निवेदिकाले दिएको निवेदन काठमाडौं जिल्ला अदालतका स्रेस्तेदारबाट दरपिठ गर्ने गरी भएको आदेश सदर गरी उच्च अदालत, पाटनबाट भएको आदेश अन्यथा नदेखिने ।

उल्लिखित कानूनी व्यवस्थाबमोजिम यी निवेदिकाभन्दा पहिलेका हकवालाहरूले अपुताली परेकोमा निजहरूले कानूनको म्यादभित्र अपुताली स्वीकार नगरेको भन्ने जानकारी गराएको भन्ने नदेखिएको र निजहरूले अस्वीकार गरेको जानकारी गराएका मात्र कानूनबमोजिम त्यसपछिका प्राथमिकताका क्रममा अन्य हकवालामा सरेको मानिने हुँदा काठमाडौं जिल्ला अदालतका स्रेस्तेदारले मिति

२०७९/०५/०९ मा गरेको दरपिठको आदेश प्रचलित कानूनविपरीत देखिन आउँदैन । उक्त आदेशउपर यी निवेदिकाले काठमाडौं जिल्ला अदालतमा मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा २४४ को उपदफा (१) र (२) बमोजिम दिएको निवेदनमा इजलासबाट भएको मिति २०७९/०५/१३ को आदेश र उक्त आदेशउपर परेको निवेदनमा मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा २४४ अनुसार अपुताली स्वीकार गर्न कर नलाग्ने अपुताली स्वीकार नगर्ने व्यक्तिले सो कुराको जानकारी लिखित रूपमा अदालतलाई दिनुपर्ने देखिएकोले यी निवेदिकाले पेस गरेको निवेदनको आधारमा अपुताली पाउने अघिल्ला प्राथमिकता क्रममा परेका व्यक्तिले अपुताली अस्वीकार गरेको कुराको जानकारी दिन नमिल्ने भनी काठमाडौं जिल्ला अदालतको मिति २०७९/०५/१३ को आदेश बदर गरिरहन नपर्ने भनी उच्च अदालत पाटनबाट मिति २०७९/०६/२७ गतेको आदेशहरू कानून र प्रचलित सिद्धान्त प्रतिकूल रहेको भन्ने नदेखिने ।

निवेदन जिकिरलाई पुष्ट्याइँ गर्ने प्रमाणको अभाव रहेको देखिँदा निवेदिकाको निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुने अवस्थाको विद्यमानता रहेको नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : ऋतु राई

कम्प्युटर : शंकर सापकोटा

इति संवत् २०८० साल वैशाख १३ गते रोज ४ शुभम्।

**३०**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७९-WO-०२८०, उत्प्रेषण / परमादेशसमेत, मोतिप्रसाद शर्मा वि. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, बुटवलसमेत*

लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.८२ मिति २०७९।११।१५ को पत्रसाथ लुम्बिनी प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक लुम्बिनी प्रदेश सभामा पेस भई सो विधेयक प्रदेश सभामा मिति २०७९।११।१७ मा दर्ता भइसकेको देखिने।

रिट निवेदक कार्यरत रहेको साबिकको प्रदेश प्रशिक्षण प्रतिष्ठानको (स्थापना र कार्य सञ्चालन) आदेश, २०७८ मिति २०७९।३।३१ मा मन्त्रिपरिषद्को निर्णयले खारेज गरेपछि सो प्रतिष्ठान नै विघटन हुन गएको देखिन्छ । उक्त प्रदेश प्रशिक्षण प्रतिष्ठान विघटन भएपछि सो प्रतिष्ठानले प्रयोग गरेको सरकारी सम्पत्तिसमेत तत्काल प्रदेश सरकारको नियन्त्रणमा रहेकोमा पछि आएर सो प्रतिष्ठानले गरिआएका प्रकृतिका कार्यहरूसमेत गर्नलाई प्रदेश सुशासन केन्द्रको स्थापना भएको देखियो । प्रदेश प्रशिक्षण प्रतिष्ठान विघटन भएपछि पनि रिट निवेदक सोही विघटन भएको प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा बहाल रहिरहेको भन्न मिल्ने अवस्था पनि देखिएन । विघटन भएको प्रदेश प्रशिक्षण प्रतिष्ठानले गरिआएका कार्यसँग मेल खाने कार्य गर्नलाई पछि गठन भएको प्रदेश सुशासन केन्द्रलाई कामको प्रकृति मिलेकै आधारमा साबिकको प्रदेश प्रशिक्षण प्रतिष्ठानको परिवर्तित नयाँ स्वरूप भनी मान्न मिल्ने अवस्था पनि भएन । साबिकको प्रदेश प्रशिक्षण प्रतिष्ठान र पछि गठन भएको प्रदेश सुशासन केन्द्र छुट्टाछुट्टै निकाय भएकोले रिट निवेदकलाई प्रतिष्ठानको कार्यकारी निर्देशक पदबाट हटाई सो पदमा प्रत्यर्थी कमानसिं थापा मगरलाई नियुक्त गरिएको मान्न मिलेन । प्रत्यर्थी कमानसिं थापा मगर प्रदेश सुशासन केन्द्रको कार्यकारी निर्देशक पदमा पदस्थापना भएर सो पदको कार्यभार ग्रहण गरिसकेको देखियो । साथै कार्यपालिकाले के कुन प्रकृतिको संस्था वा निकाय आवश्यक पर्ने हो ? आवश्यकताअनुरूपको संस्था वा निकाय कानूनबमोजिम खडा गर्ने र अन्त्य गर्ने भन्ने कुरा

नितान्त कार्यपालिकाको अधिकार क्षेत्रभित्रको कुरा भएकोले कार्यपालिकाबाट कानूनबमोजिम गरिएको त्यस्तो कार्यको विषयमा अदालतबाट निर्देशन वा आदेश दिँदा कार्यपालिकाको अधिकार क्षेत्रमा हस्तक्षेप हुन जाने ।

रिट निवेदक मोतीप्रसाद शर्मा कार्यकारी निर्देशक रहेको प्रदेश प्रशिक्षण प्रतिष्ठान विघटन भएपछि सो प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा निज नै कायम रहने अवस्था नै नरहने र पछि गठन भएको छुट्टै निकाय सुशासन केन्द्रको कार्यकारी निर्देशक पदमा प्रत्यर्थी कमानसिं थापा मगरलाई नियुक्ति गरिएको कार्यबाट निवेदकलाई सो प्रतिष्ठानको कार्यकारी निर्देशक पदबाट हटाई सो पदमा कमानसिं थापा मगरलाई नियुक्त गरिएको भन्ने देखिएन । तसर्थ, रिट निवेदकलाई विघटन भइसकेको प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा निर्वाध रूपमा कार्य गर्न दिनु भनी निवेदन दाबी अनुसारको आदेश जारी गर्न मिलेन । रिट निवेदक खारेज हुने ।

इजलास अधिकृत : मुकुन्द निरौला

इति संवत् २०७९ साल फागुन २१ गते रोज १ शुभम् ।

३१

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७९-WO-०५१५, उत्प्रेषण / परमादेशसमेत, ललिता गुरूङ वि. काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३१ को परिवर्तित वडा नं. २८ कमलादी स्थित नेपाल फाइनान्स लिमिटेड, मुख्य कार्यालय, कमलादीसमेत*

निवेदकले काठमाडौं कुलेश्वरमा रहेको ओरियन्टल कोलोनी नामक अपार्टमेन्टको L Block बिल्डिङ्गको 3rd Floor मा रहेको फ्ल्याट नं. २ लाई आफ्नो फ्ल्याट भनी उल्लेख गरेको छ भने प्रत्यर्थी नेपाल फाइनान्सले Block L को तेस्रो तल्लाको फ्ल्याट नं.१ र Block J को तेस्रो तल्लाको फ्ल्याट नं. २ गरी २ वटा फ्ल्याट यस संस्थाको नाममा रहेको भन्ने जिकिर लिएको देखिन्छ । निवेदन दाबीमा नेपाल फाइनान्सले मिति २०७९/७/१६ मा जारी गरेको लिलाम बिक्रीको सूचनामा ब्लक एलको तेस्रो तल्लाको क्षेत्रफल ११९४ ब.फि. भएको फ्ल्याट नं. १ र ब्लक जेको तेस्रो तल्लाको क्षेत्रफल ६८१ ब.फि. भएको फ्ल्याट नं. २ गरी २ वटा फ्ल्याट लिलाम गर्नलाई सूचना प्रकाशन गरेको देखियो । जसबाट नेपाल फाइनान्सले लिलाम बिक्री गर्न लागेको २ वटै फ्ल्याटको आवास इकाइ निवेदकले दाबी लिएको फ्ल्याट नं. एल २ भन्दा अलग्गै फ्ल्याटहरू लिलाम गर्न प्रक्रिया चालेको देखिने ।

यसै विवादित फ्ल्याटको विषयमा यी निवेदक ललिता गुरूङ वादी र यिनै विपक्षीहरू ओरिन्टल विल्डर्स र नेपाल फाइनान्स प्रतिवादी भई काठमाडौं जिल्ला अदालतमा चलेको ०७१-CP-२०२४ को दूषित लिखत दर्ता बदर मुद्दामा वादीले करार गरी लिएको आवास इकाइमा फाइनान्सले कर्जा लगानी गरेको नदेखिएको कारण देखाई सुरू काठमाडौं जिल्ला अदालतले फिराद खारेज गरेको मिति २०७३।९।७ को फैसलालाई उच्च अदालत पाटनबाट मिति २०७५।६।९ मा सदर भएर अन्तिम भई बसेको देखिन्छ । यसका साथै सो फ्ल्याटलाई फाइनान्सले धितो सकार गरिसकेपछि लिलाम बिक्री गर्न लागेकोमा लिलाम बिक्री गर्न रोकिपाउँ भनी फाइनान्सउपर यी निवेदकले उच्च अदालत पाटनमा दायर गरेका निषेधाज्ञा मुद्दाहरू मिति २०७८।९।२८ र मिति २०७९।३।२२ मा रिट खारेज हुने ठहरी फैसला भएको पनि देखिने ।

उक्त वादी ललिता गुरूङ प्रतिवादी नेपाल फाइनान्ससमेत भएको दूषित लिखत दर्ता बदर मुद्दामा विवादित फाइनान्सले लिलाम बिक्री गर्नलाई सूचना प्रकाशित गरेको फ्ल्याट निवेदकले करार गरी लिएको फ्ल्याट नभई फरक फरक रहेको, फाइनान्सले लिलाम बिक्री गर्न लागेका २ थान फ्ल्याटकै विषयवस्तु रहेको

दूषित लिखत दर्ता बदर मुद्दामा काठमाडौं जिल्ला अदालतबाट फिराद खारेज गरेको फैसलालाई उच्च अदालत पाटनबाट सदर गरेको, लिलाम बिक्री गर्नलाई उक्त फाइनान्सले २०७७।११।१३ मा प्रकाशित गरेको सूचना कार्यान्वयन नगरी रोकिपाउन यिनै निवेदकले उच्च अदालत पाटनमा प्रत्यर्थी फाइनान्सका उपर दिएको निषेधाज्ञा मुद्दा मिति २०७८।९।२८ मा र मिति २०७८।११।४ को सूचनाउपरको निषेधाज्ञा मुद्दा मिति २०७९।३।२२ मा खारेज हुने ठहरी फैसला भई अन्तिम भएर रहेका देखिने।

यिनै रिट निवेदक वादी र प्रत्यर्थी नेपाल फाइनान्ससमेत प्रतिवादी भएको ०७१-CP-२०२४ को दूषित लिखत दर्ता बदर मुद्दामा वादीले फ्ल्याट खरिदसम्बन्धी करार गरेको फ्ल्याट र नेपाल फाइनान्सले लिएको फ्ल्याट फरक फरक रहेको कारण वादीको आवास इकाइ (फ्ल्याट)मा नेपाल फाइनान्सले कर्जा लगानी गरेको नदेखिएकोले फिराद दाबी खारेज हुने ठहर गरेको काठमाडौं जिल्ला अदालतको मिति २०७३।९।७ को फैसलालाई उच्च अदालत पाटनबाट मिति २०७५।६।९ मा सदर भई नेपाल फाइनान्सले लिलाम बिक्री गर्न लागेको फ्ल्याटमा वादीको हक नपुग्ने गरी मुद्दा अन्तिम भइसकेको देखिन्छ। प्रत्यर्थी नेपाल फाइनान्सले आफ्नो आवास इकाइ (फ्ल्याट) हरू लिलाम बिक्री गर्न सूचना प्रकाशित गरेकोमा उक्त फ्ल्याटलाई मेरो फ्ल्याट भनी लिलामको कार्य रोकिपाउन उक्त अन्तिम भइसकेको लिखत बदर मुद्दाका वादीले दायर गरेको प्रस्तुत रिट निवेदन अनुसार उत्प्रेषणको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत रिट निवेदन खारेज हुने ठहरेकोले यस अदालतबाट मिति २०७९।८।६ मा भएको अल्पकालीन अन्तरिम अन्तरिम आदेशसमेत निस्क्रिय हुने।

इजलास अधिकृत: मुकुन्द निरौला

इति संवत् २०७९ साल फागुन २१ गते रोज १ शुभम्।

## ३२

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७९-WO-०३५८, उत्प्रेषणयुक्त परमादेश, सरोज भण्डारी वि. भक्तपुर जिल्ला अदालत, भक्तपुरसमेत*

निवेदन दाबीका कि.नं. १८६ र १८७ का जग्गाहरू यिनै निवेदकले अन्नलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि.मा धितो राखी कर्जा लिएको कारण अन्नलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाबाट रोक्का रहेको र तिनै जग्गाहरू प्रत्यर्थी शिखरदिप बहुउद्देश्य सहकारी संस्था लिमिटेडलाई बिक्री गर्ने भनी कागज गरी बैना रकम बुझी लिएको तर बिक्री गर्ने भनिएका जग्गाहरू पास गरी नदिएको तथा बैना रकमसमेत फिर्ता नगरेकोले रकम भराइपाउँ भनी शिखरदिप बहुद्देश्यिय सहकारी संस्था जग्गा धनी सरोज भण्डारीउपर भक्तपुर जिल्ला अदालतमा लेनदेन मुद्दा दायर गरेको देखियो। सो लेनदेन मुद्दामा सावाँ ब्याजको साथै कोर्टफीसमेत वादीले प्रतिवादीबाट भराइलिन पाउने ठहरी मिति २०७५।३।३१ मा भक्तपुर जिल्ला अदालतबाट भएको फैसलाउपर पुनरावेदन नपरी अन्तिम भएपछि वादी पक्षले आफूलाई बिक्री गर्ने भनिएका ती कित्ता जग्गाहरू नै जेथा देखाई लेनदेनको बिगो भराइपाउन भक्तपुर जिल्ला अदालतमा निवेदन दिएको देखियो। उक्त कि.नं. १८६ र १८७ का जग्गाहरू अन्नलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाबाट रोक्का रहेकोले ती जग्गाबाट बिगो भराउन कठिनाई परेकोले अन्नलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाको रकम वादीले तिरिदिने तथा वादीले फाइनान्सलाई तिरिदिएको रकम र लेनदेन मुद्दामा वादीले भराइलिन पाउने रकम दुबै एकमुष्ट गरी जग्गा लिलाम गरी असुलउपर गरिपाउँ भनी वादी पक्षले सुरू अदालतमा निवेदन गरेपछि भक्तपुर जिल्ला अदालतबाट मिति २०७८।१२।४ मा अन्नलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थालाई प्रतिवादीले तिर्नुपर्ने रकम वादीले नै तिरिदिने र फाइनान्सलाई प्रतिवादीको

तर्फबाट वादी संस्थाले तिरिदिएको रकम र वादीले प्रतिवादीबाट भरिपाउने बिगोसमेत एकमुष्ट गरी उक्त जग्गाहरूबाट वादीले लिन पाउने गरी भएको आदेशलाई उच्च अदालत पाटनबाट सुरू अदालतको आदेश बेरितको नदेखिँदा परिवर्तन गरिरहनु परेन भनी मिति २०७९।५।२३ मा आदेश भएको देखियो । निवेदक सरोज भण्डारीले अन्नलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाबाट कर्जा लिँदा धितो राखेको कारण रोक्का रहेको कि.नं. १८६ र १८७ का जग्गा नै वादीलाई बिक्री गर्ने भनी कागज गरी बैना रकमसमेत बुझी लिएको अवस्थामा ती जग्गाबाटै फाइनान्सको लेना रकम र वादीको बिगो भराउने गरी भक्तपुर जिल्ला अदालतबाट मिति २०७८।१२।४ मा भएको आदेशबाट निवेदकको हक अधिकार हनन भएको भन्ने अर्थ गर्न पनि नमिल्ने ।

शिखरदिप बहुउद्देशीय सहकारी संस्था लिमिटेड वादी र यी निवेदक सरोज भण्डारी प्रतिवादी भएको लेनदेन मुद्दामा वादीले प्रतिवादीबाट सावाँ ब्याज भरिपाउने ठहर गरी भएको फैसला अन्तिम भई वादीले फैसला अनुसारको बिगो भरिपाउन दिएको निवेदनमा भक्तपुर जिल्ला अदालतबाट फैसला कार्यान्वयनको क्रममा मिति २०७८।१२।४ मा भएको आदेश र सो आदेश बेरितको नदेखिँदा परिवर्तन गरिरहनु परेन भन्ने उच्च अदालत पाटनको मिति २०७९।५।२३ को आदेश कानूनविपरीतको नदेखिएकाले निवेदकको मागबमोजिमको उत्प्रेषण तथा परमादेशको आदेश जारी गरिरहन परेन । रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत रिट निवेदन खारेज हुने ठहरेकोले यस अदालतबाट मिति २०७९।६।२८ मा प्रदान भएको अल्पकालीन अन्तरिम आदेशसमेत निस्क्रिय हुने ।

इजलास अधिकृत : मुकुन्द निरौला

इति संवत् २०७९ साल फागुन २१ गते रोज १ शुभम् ।

**३३**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७९-WO-०३५७, उत्प्रेषणयुक्त परमादेश, रेणुका कार्की (भण्डारी) वि. श्री भक्तपुर जिल्ला अदालत, भक्तपुरसमेत*

निवेदन दाबीका कि.नं. १९०, १९३, १९६ र २१८ का जग्गाहरू यिनै निवेदकले रिलायन्स फाइनान्स लि.मा धितो राखी कर्जा लिएको कारण रिलायन्स फाइनान्सबाट रोक्का रहेको र तिनै जग्गाहरू प्रत्यर्थी कारणहरूबाट शिखरदिप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई बिक्री गर्ने भनी कागज गरी बैना रकम बुझी लिएको तर बिक्री गर्ने भनिएका जग्गाहरू बिक्री नगरेको साथै बैना रकमसमेत फिर्ता नगरेको भनी शिखरदिप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले बैना लिने जग्गाधनी रेणुका कार्की (भण्डारी) उपर भक्तपुर जिल्ला अदालतमा लेनदेन मुद्दा दायर गरेको देखियो । सो लेनदेन मुद्दामा भक्तपुर जिल्ला अदालतबाट लिखतको सावाँब्याजको साथै कोर्टफीसमेत वादीले प्रतिवादीबाट भराइलिन पाउने ठहरी मिति २०७५।३।३१ मा भएको फैसला अन्तिम भएपछि वादी पक्षले आफूलाई बिक्री गर्ने भनिएका ती कित्ता जग्गाहरू नै जेथा देखाई लेनदेनको बिगो भराइपाउन निवेदन दिएको देखियो । उक्त कि.नं. १९०, १९३, १९६ र २१८ का जग्गाहरू रिलायन्स फाइनान्सबाट रोक्का रहेकोले ती जग्गाबाट बिगो भराउन कठिनाई परेकोले रिलायन्स फाइनान्सको रकम वादीले तिरिदिने तथा वादीले फाइनान्सलाई तिरिदिएको रकम र लेनदेन मुद्दामा वादीले भराइलिन पाउने बिगो रकम दुबै एकमुष्ट गरी जग्गा लिलाम गरी असुलउपर गरिपाउँ भनी वादी पक्षले सुरू अदालतमा निवेदन गरेपछि भक्तपुर जिल्ला अदालतबाट मिति २०७८।१२।४ मा रिलायन्स फाइनान्सलाई प्रतिवादीले तिर्नुपर्ने रकम वादीले नै तिरिदिने र फाइनान्सले प्रतिवादीबाट पाउनुपर्ने लेना रकम र वादीले प्रतिवादीबाट भरिपाउने बिगोसमेत एकमुष्ट गरी उक्त जग्गाहरूबाट वादीले लिन पाउने गरी भएको आदेशलाई उच्च अदालत पाटनबाट सुरू अदालतको आदेश बेरितको नदेखिँदा परिवर्तन

गरिरहनु परेन भनी मिति २०७९।५।२३ मा आदेश भएको देखियो । निवेदक रेणुका कार्की (भण्डारी)ले रिलायन्स फाइनान्सबाट कर्जा लिँदा धितो राखेको कारण रोक्का रहेको कि.नं. १९०, १९३, १९६ र २१८ का जग्गा नै वादीलाई बिक्री गर्ने भनी कागज गरी बैना रकमसमेत बुझिलिएको अवस्थामा ती जग्गाबाटै फाइनान्सको लेना रकम र वादीको बिगो भराउने गरी भक्तपुर जिल्ला अदालतबाट मिति २०७८।१२।४ मा भएको आदेशबाट सो लेनदेन मुद्दाका प्रतिवादी रहेका रिट निवेदकको हक अधिकार हनन भएको भन्ने अर्थ गर्न नमिल्ने।

शिखरदिप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड वादी र यी निवेदक रेणुका कार्की(भण्डारी) प्रतिवादी भएको लेनदेन मुद्दामा वादीले प्रतिवादीबाट सावाँ ब्याज भरिपाउने ठहर गरी भएको फैसला अन्तिम भई वादीले फैसला अनुसारको बिगो भरिपाउन दिएको निवेदनमा भक्तपुर जिल्ला अदालतबाट फैसला कार्यान्वयनको क्रममा मिति २०७८।१२।४ मा भएको आदेशलाई बेरितको नदेखिँदा परिवर्तन गरिरहनु परेन भन्ने उच्च अदालत पाटनको मिति २०७९।५।२३ को आदेश कानूनविपरीतको नदेखिएकाले निवेदकको मागबमोजिमको उत्प्रेषण तथा परमादेशको आदेश जारी गरिरहन परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : मुकुन्द निरौला

कम्प्युटर : समी नेपाली

इति संवत् २०७९ साल फागुन २१ गते रोज १ शुभम्।

**३४**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७१-CR-०४१०, जबरजस्ती करणी, नेपाल सरकार वि. शशिधर बास्तोला*

पीडितले घटना विवरण कागज गर्दा मिति २०६९।१०।२४ गते साँझ छिमेकीको घरमा हो-हल्ला भएको सुनी कतै मेरो छोरा पनि त्यहाँ गएको छ कि भन्ने साँची उक्त स्थानमा गई छोराको सम्बन्धमा त्यहाँ उपस्थित मानिसहरूसँग सोध्दा मेरो चिनजानका व्यक्ति शशिधर बास्तोलाले तपाइँको छोरा घरमा गई सुतेको छ हिँड्नुहोस् घरमा जाउँ भनेकाले म घरतर्फ आउँदै गर्दा निज प्रतिवादीसमेत मेरो पछि पछि आएका थिए । म एकान्त बाटोमा आइपुग्दा निज शशिधर बास्तोलाले एक हातले मेरो मुख छोपी अर्को हातले मैले लगाएको फरिया फर्काई निजको लिङ्ग मेरो आङ खस्ने गरेको ठाउँ (योनि) मा घुसारी ४/५ पटक घुसारी वीर्य मेरो अनुहारमा स्खलन गराइदियो भन्ने बेहोरा लेखाई सुरू अदालतमा समेत सोही किसिमको बेहोरा लेखाई बकपत्र गरिदिएको देखिने।

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा देब्रे गालामा कोतरिएको छ, वीर्य कहीँ पनि देखिँदैन र योनिमा चोट तथा रगत देखिँदैन। दुवै साँप्राको पहिलो भित्री भागमा कोतरिएको दाग छ भन्नेसमेत बेहोरा भएको तथा प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनमा घाँटीको पछाडि कोतरिएको डाम छ नाबीको दाहिने र तल पर्ने भागमा कोतरिएको छ । लिङ्गमा कुनै चोट देखिँदैन भन्नेसमेत बेहोरा उल्लेख भएको पाइन्छ । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको देब्रे गालामा कोतरिएको छ भन्ने उल्लेख भएको तथा प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनमा प्रतिवादीको घाँटीको पछाडि कोतरिएको डाम छ र नाबीको दाहिने तल भागमा कोतरिएको छ भन्ने उल्लेख भएबाट सो घाउखतहरू जबरजस्ती करणीको प्रयास भएको समयमा पीडितले पीडक विरूद्ध प्रतिकार गर्दा भएको हुन सक्ने मनासिब आधार रहेको देखिने ।

मौकामा कागज गर्ने मानिसहरू चन्द्रावती घिमिरे र रिता घिमिरेले पीडित नाम थर परिवर्तित किस्नुमाया पराजुलीलाई प्रतिवादी शशिधरले एकान्त बाटोमा जबरजस्ती करणी गरेका हुन् भनी पीडित स्वयंले वारदात भएको राति नै भनेकाले थाहा पाएको हुँ भनी कागज गरेको पाइन्छ भने मौकामा कागज गर्ने अन्य मानिसहरू मिनमाया गुरूङसमेतले यी

प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेका भन्ने कुरा गाउँघरमा हल्ला चलेपछि थाहा पाएको हुँ भनी अदालतमा आई बकपत्र गरेको देखिन्छ । मौकामा कागज गर्ने मानिसहरू उक्त वारदातको समयमा नजिक रहेको व्यक्तिहरू नभई पीडितले भनेर थाहा भएको र गाउँ घरमा हल्ला चलेकाले थाहा पाएको हो भनी बकपत्र गरेको देखिने ।

प्रतिवादी शशिधर बास्तोलाले पिडित परिवर्तित नाम किस्नुमाया पराजुलीलाई जबरजस्ती करणीको उद्योगको कसुरसम्म गरेको देखिएकाले निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(५) नं. को कसुरको उद्योगसम्म ठहर गर्नुपर्नेमा ऐ. महलको ३(५) नं. को कसुर ठहर गरी प्रतिवादीलाई ५ वर्ष कैद सजाय र ऐ. १० नं. बमोजिम रू.२५,०००।– (पच्चिस हजार) पीडितलाई प्रतिवादीबाट क्षतिपूर्तिसमेत भराइपाउने ठहऱ्याएको सुरू लमजुङ जिल्ला अदालतको मिति २०७०।११।५ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी शशिधर बास्तोलालाई ऐ. महलको ५ नं. को कसुरमा ऐ. ५नं. बमोजिम आधा सजाय अर्थात् दुई वर्ष ६ महिना कैद हुने ठहर्छ भन्ने तत्कालीन पुनरावेदन अदालत पोखराको मिति २०७१।०३।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : लिलाधर सुवेदी

कम्प्युटर- देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७९ साल साउन १७ गते रोज ३ शुभम् ।

**३५**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७४-CR-११२६, ०७४-CR-११२७, ०७४-CR-१४८०, ०७४-CR-१७८९, लागु औषध हिरोइन, संजय तामाङ वि. नेपाल सरकार, खेमराज अवस्थी वि. नेपाल सरकार, मदनराज* भट्ट वि. नेपाल सरकार, नेपाल सरकार वि. ज्ञानु प्रसाद जोशी

प्रतिवादीहरूबाट कुल ४९ ग्राम लागु औषध बरामद भएको देखिन्छ । प्रतिवादीहरूको मौकामा भएको बयान अनुसार उक्त लागु औषध मदनराज भट्टबाट बुद्धनगरमा र प्रतिवादीहरू खेमराज अवस्थी र सुरेश बोहराबाट गंगबुको चउरमा फरक-फरक मात्रामा लागु औषध ब्राउन सुगर बरामद भए तापनि त्यसको स्रोत एउटै रहेको देखिन्छ । निजहरूले उक्त बरामदित लागु औषध बिक्री वितरण गरी नाफा लिने उद्देश्यले करण बोहराले प्रतिवादीहरूमध्येका मदनराज भट्टराइको मोबाइलबाट नेपालगन्जमा काम गरी बसेका सुरेश बोहरालाई ५० ग्राम लागु औषध खरिद गरी ल्याउन अह्राएको र निजले ५० ग्राम लागु औषधलाई २ वटा पोका बनाई काठमाडौं लिएर आई लागु औषधलाई ५ वटा पोकामा विभाजन गरी मिति २०७३।२।१८ गते बिक्री गर्ने प्रयोजनका लागि बोकी हिँडेको बखत निजहरूलाई पक्राउ परेको देखिन्छ । यी प्रतिवादीहरूले सङ्गठित रूपमा योजना बनाई नेपालबाट लागु औषध खरिद गरेको र सो लागु औषधलाई काठमाडौं लिई आई केही समय सञ्चय गरी ५ वटा पोकामा विभाजन गरी बिक्री गर्ने प्रयोजनको लागि ओसार पसार गर्ने क्रममा निजहरू पक्राउ परेको तथ्य स्थापित हुन आएकोले यी प्रतिवादीहरू खेमराज अवस्थी, मदनराज भट्ट र सुरेश बोहराको आरोपित कसुरमा संलग्नता प्रमाणित भइरहेको अवस्थामा निजहरूलाई सुरू जिल्ला अदालतबाट जनही १०(दश) वर्ष कैद र रू.७५,०००।- (पचहत्तर हजार) जरिवाना हुने गरी भएको फैसला र सो फैसलालाई सदर गरेको उच्च अदालत पाटनबाट भएको फैसला अन्यथा नदेखिँदा पुनरावेदक प्रतिवादीहरू खेमराज अवस्थी र मदनराज भट्टको पुनरावेदन जिकिर र निजहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको बहस बुँदासँग सहमत हुन नसकिने ।

संजय तामाङको हकमा विचार गर्दा, प्रतिवादीले अधिकार प्राप्त अधिकारी र अदालतसमक्षको बयानमा आफूले करण बोहरा

नामक साथीले भनेपछि प्रतिवादी मदनराज भट्टलाई केबल छोड्न मात्र गएको र अभियोग दाबीबमोजिमको कसुर नगरेको भनी इन्कारी बयान गरेको देखिन्छ । यी प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष बयानमा आफू बुद्धनगरमा पक्राउ परेको भनी उल्लेख गरेको देखिन्छ भने अदालतसमक्षको बयानमा आफू शंखमूलमा पक्राउ परेको भनी उल्लेख गरेको देखिन्छ । यसरी प्रस्तुत वारदातको घटनाक्रम, यी प्रतिवादीको अनुसन्धान अधिकारी र अदालतसमक्ष दुई फरक फरक बेहोराको बयान गरेको देखिन्छ । यी प्रतिवादी र अन्य प्रतिवादीहरूबिच पटकपटक फोन सम्पर्क भएको भन्ने कल विवरणसहितको प्रतिवेदनसमेत रहेको छ । उक्त कल आफूले गरेको नभई करण बोहराले आदेशलाई नम्बर दिएकोले निज आदेशले फोन गरेको र मदनराज भट्टले उठाएको भनेको पाइन्छ । त्यसरी लागु औषध किन्ने व्यक्ति भनिएका आदेशलाई करण बोहराले निज संजय तामाङको मोबाइल नम्बर दिनुपर्ने र निजले त्यसमा फोन गर्नुपर्ने अन्य उचित र विश्वासयोग्य कारणसमेत खुलाउन नसकेको अवस्थामा अभियोग दाबीबमोजिमको लागु औषध खरिद, बिक्री, सञ्चय र ओसार पसारको सङ्गठित रूपमा भएको कसुरमा यी प्रतिवादीको पनि संलग्नता रहेको नै देखिँदा यी प्रतिवादीले पनि सामूहिक दायित्व वहन गर्नुपर्ने नै देखिन्छ । सुरू जिल्ला अदालतबाट यी प्रतिवादीलाई १०(दश) वर्ष कैद र रू.७५,०००।- (पचहत्तर हजार) जरिवाना हुने गरी भएको फैसला र सो फैसलालाई सदर गरेको उच्च अदालत पाटनको फैसला नमिलेको भन्ने पुनरावेदक प्रतिवादी संजय तामाङको पुनरावेदन जिकिर र निजको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस बुँदासँग सहमत हुन नसकिने ।

प्रतिवादीहरूमध्येका ज्ञानुप्रसाद जोशीलाई सफाइ दिने गरी तथा लागु औषध ओसारपसार तथा कारोबार गर्नमा प्रयोग भएको मोटरसाइकल र बरामद भएको मोबाइल जफत नहुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण फैसला बदर गरी अभियोग दाबीबमोजिम गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरको सन्दर्भमा विचार गर्दा, प्रतिवादी ज्ञानुप्रसाद जोशीले अधिकार प्राप्त अधिकारी र अदालतसमक्षको बयानमा आफूले अभियोग दाबीबमोजिमको कसुर नगरेको र आफ्नो केही संलग्नता नरहेको भनी इन्कारी बयान गरेको देखिन्छ । मिसिल संलग्न खानतलासी तथा बरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, प्रतिवेदकका बकपत्रबाट यी प्रतिवादीको साथबाट लागु औषध बरामद भएको अवस्था छैन । अन्य सहप्रतिवादीहरूले पनि यी प्रतिवादीको समेत संलग्नता रहेको भनी पोलसमेत गरेको अवस्था देखिन आएन । यसरी सङ्गठित रूपमा भएको लागु औषध खरिद, बिक्री, सञ्चय र ओसार पसारको कसुरमा यी प्रतिवादीको कहीँकतैबाट संलग्नता नदेखिँदा सुरू जिल्ला अदालतबाट यी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला र सो फैसलालाई सदर गर्ने गरी उच्च अदालतबाट भएको फैसला मिलेको नै देखिने ।

यस मुद्दाको रोहबाट बरामद गरी जफत गरिएको मोटरसाइकल प्रतिवादीमध्ये संजय तामाङको नभई निजले काम गर्न गरेको मासु पसलको सञ्चालक दिपेन्द्र श्रेष्ठ रहेको र निजले सो मासु सम्बन्धित होटल, रेष्टुरेन्टमा अर्डर अनुसार पुऱ्याउनको लागि प्रयोग गर्ने भनी यी प्रतिवादी संजय तामाङलाई दिएको देखिन्छ । यी प्रतिवादी संजय तामाङले सो मोटरसाइकलको प्रयोग लागु औषध ओसार पसारको लागि गर्ने गरेको भन्ने कुराको जानकारी ती मोटरसाइकल धनी दिपेन्द्र श्रेष्ठलाई नरहेको भनी निजले अदालतसमक्ष उपस्थित भई बकपत्रसमेत गरेको देखिन्छ । यसरी सवारी धनीलाई थाहा जानकारी नै नभई लागु औषध (नियन्त्रण) ऐन, २०३३ द्वारा निषेधित कार्य गर्नका लागि प्रयोग भएको मोटसाइकल जफत नगर्ने गरी भएको फैसला उक्त ऐनको दफा १८

को रोहमा मिलेको नै देखिन्छ । बरामदित मोबाइलको सन्दर्भमा उक्त मोबाइलहरू यी प्रतिवादीहरूले लागु औषधको खरिद बिक्रीबाट आर्जन गरेको चल सम्पत्ति हो भनी वादी नेपाल सरकारले शंकारहित तवरबाट पुष्टि गर्न सकेको देखिँदैन । केवल यी प्रतिवादीहरू कसुरदार ठहर भएकै आधारमा मात्र निजहरूबाट बरामदित मोबाइल जफत गर्न नमिल्ने हुँदा उक्त मोबाइल जफत नहुने गरी भएको फैसलासमेत न्यायको रोहमा मिलेको देखिँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर र उपस्थित विद्वान् सह-न्यायाधिवक्ताको बहस बुँदासँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू मदनराज भट्ट, संजय तामाङ, खेमराज अवस्थी र सुरेश बोहरालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(च) कसुरमा १४(१)(छ)(२) बमोजिम जनही १०(दश) वर्ष कैद र रू.७५,०००।- (पचहत्तर हजार) जरिवाना हुने र अर्का प्रतिवादी ज्ञानुप्रसाद जोशीले अभियोग दाबीबाट सफाइ पाउने, मोबाइल र मोटरसाइकल जफततर्फको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।९।१८ मा भएको फैसला र सो फैसलालाई सदर गरी मिति २०७४।८।५ मा उच्च अदालत पाटनबाट भएको फैसला कानून र न्यायको रोहमा मिलेको नै देखिँदा सदर हुने ।

इजलास अधिकृत : मैना माझी

कम्प्युटर : समी नेपाली

इति संवत् २०८० साल असार २६ गते रोज ३ शुभम् ।

## इजलास नं. १०

### ३६

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-RB-०६५६, बैंकिङ कसुर, नेपाल सरकार वि. मधु थापा के.सी.*

उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट फैसला हुँदा प्रस्तुत मुद्दामा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) आकर्षित नभई विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क आकर्षित हुने भनी अभियोगपत्र खारेज गरेको स्थितिमा प्रस्तुत विवादमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा अभियोग दायर हुन सक्छ वा सक्दैन भनी हेर्नुपर्ने देखिन आउँछ । सो सन्दर्भमा हेर्दा विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ क मा बैङ्कमा आफ्नो निक्षेप छैन वा निक्षेप भए पनि पर्याप्त छैन भन्ने जानी जानी कुनै व्यक्तिले चेक काटी कसैलाई हस्तान्तरण गरेमा र त्यसरी हस्तान्तरण गरिएको चेक भुक्तानीको लागि सम्बन्धित बैङ्कसमक्ष प्रस्तुत गर्दा पर्याप्त निक्षेप नभएको कारणबाट बैङ्कबाट चेक अनादर भएमा चेक काट्ने व्यक्तिबाट चेकमा उल्लिखित रकम र ब्याजसमेत धारकलाई भराई चेक काट्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रूपियाँसम्म जरिवाना वा दुवै सजाय हुने छ" भन्ने व्यवस्था रहेको देखिन्छ भने बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) मा, "आफ्नो खातामा मौज्दात रकम नभएको जानी-जानी चेक काटिदिन नहुने" भनी व्यवस्था रहेको पाइन्छ । ऐ.ऐनको दफा १८ मा, "यस ऐनअन्तर्गत सजाय हुने मुद्दा नेपाल सरकारवादी हुने छ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिने छ" भनी उल्लेख भएको पाइन्छ । त्यसै गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ को क्र.स. २२ मा, "प्रचलित कानूनबमोजिम यस अनुसूचीमा समावेश हुने भनी तोकिएको कुनै कसुर" भन्ने व्यवस्था रहेको देखिन्छ । उल्लिखित व्यवस्थाको अध्ययन गर्दा प्रस्तुत मुद्दामा प्रतिवादी मधु थापा के.सी.ले आफ्नो नामको बैंक खातामा पर्याप्त रकम नभएको भनी जान्दा जान्दै आफूले हस्ताक्षर गरी रू.१३,००,०००।– को चेक जाहेरवालालाई दिएको

र जाहेरवाला उक्त चेक सटहीको लागि बैङ्कमा जाँदा भुक्तान नभएको अवस्थामा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा अभियोग दायर हुन सक्ने।

प्रतिवादी मधु थापा के.सी.ले आफ्नो खातामा पर्याप्त रकम नभएको कुरा जानकारी हुँदा हुँदै आफैँले दस्तखत गरी चेक काटी उक्त चेकको भुक्तानी हुन नसकेकोले सो काम कारबाहीउपर जाहेरी परी प्रस्तुत मुद्दाको उठान भएको देखिँदा प्रस्तुत मुद्दा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम वादी नेपाल सरकार भई चल्ने नै देखिने।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम नेपाल सरकार वादी भई चल्न सक्ने देखिँदा प्रस्तुत मुद्दामा अभियोगदाबी लिएबमोजिमको कार्यको सन्दर्भमा विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७(२) आकर्षित हुने र उक्त दफाअन्तर्गतको मुद्दा सरकारवादी भई चल्न नसक्ने हुँदा प्रस्तुत मुद्दामा प्रवेश गरी अभियोग मागबमोजिम प्रतिवादीका नाममा म्याद जारी गरिरहन परेन उक्त अभियोगपत्र खारेज हुने ठहर्छ भनी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७५।०८।१९ मा भएको फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ। अब, यसमा प्रतिवादीको नाममा म्याद जारी गरी, बुझ्नुपर्ने प्रमाण बुझी अरू जे जसो प्रक्रिया पूरा गर्नुपर्ने हो पूरा गरी शीघ्र कारबाही किनारा गर्नु भनी उपस्थित पक्षलाई तारेख तोकी सुरू मिसिल उच्च अदालत विराटनगर पठाइदिने।

इजलास अधिकृत : मेजुमी गुरूङ

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ माघ ०४ गते रोज ४ शुभम्।

३७

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-RB-०४०२, बैंकिङ कसुर, जीवन गुरूङ वि. नेपाल सरकार*

मिसिल संलग्न प्रमाण, प्रतिवादीउपरको किटानी जाहेरी तथा नबिल बैंक.लि.को पत्रमा समेत प्रतिवादीको खातामा पर्याप्त रकम नरहेको कारण प्रतिवादीले जाहेरवालाको नाममा काटेको चेक भुक्तान नभएको भनी उल्लेख भएकोमा प्रतिवादी जीवन गुरूङले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको जानकारी हुँदाहुँदै चेक काटी जाहेरवालालाई दिएको र सो चेकको भुक्तानी हुन नसकेबाट उक्त कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसुर गरेको पुष्टि हुने।

तसर्थ उच्च अदालत, पाटनबाट मिति २०७६।०४।१३ मा प्रतिवादी जीवन गुरूङले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादी जीवन गुरूङलाई सोही ऐनको दफा १५(१) बमोजिम ५ (पाँच) दिन कैद र बिगोबमोजिम रू.२,५०,०००।– (दुई लाख पचास हजार) जरिवाना हुने र जाहेरवालाले निज प्रतिवादीबाट बिगोबमोजिमको रकम रू. २,५०,०००।– (दुई लाख पचास हजार) भरी लिन पाउने। साथै, अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिम प्रतिवादीलाई ठहरेको जरिवाना रू.२,५०,०००।– (दुई लाख पचास हजार) को चार प्रतिशतले हुन आउने रकम रू.१०,०००।-– (दश हजार) क्षतिपूर्ति शुल्कबापत प्रतिवादीले बेहोर्नुपर्ने गरी निर्धारण गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मेजुमी गुरूङ

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ माघ ०४ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७६-RB-०४०३, बैंकिङ कसुर, जीवन गुरूङ वि. नेपाल सरकार
- ०७६-RB-०४०४, बैंकिङ कसुर, जीवन गुरूङ वि. नेपाल सरकार

३८

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, ०७९-WO-०६८६, उत्प्रेषण / परमादेश, बिन्दा ढुङ्गेल वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत

काठमाडौं जिल्ला अदालतमा चलेको चेक अनादर मुद्दा र सोमा भएको फैसला तथा उक्त मुद्दामा निवेदिकाका नाममा जारी भएको म्याद तथा काठमाडौं महानगरपालिका वडा नं. ७ को वडा कार्यालयले दिएको बसोबास प्रमाणित कागजसमेतका तथ्यहरूबाट निवेदिका बिन्दा ढुंगेलको वतन साबिक नुवाकोट जिल्ला, कुमरी गा.वि.स. वडा नं. ७ भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ७ मा बसोबास गरेको देखिएबाट निजको हालको वतन सोही स्थान रहेको भन्ने तथ्य स्थापित हुन आउँछ। यसरी निवेदिकाको वतन काठमाडौं महानगरपालिका वडा नं. ७ देखिएको अवस्थामा निजका नाउँको म्याद सोही महानगरपालिकाको वडा नं. ४ मा तामेल भएको उक्त म्यादबाट निवेदिकाले सुनुवाइको मौका नपाई एकतर्फी रूपमा मुद्दाको कारबाही अगाडि बढेको देखिँदा वास्तविक वतनभन्दा फरक वतनमा तामेल भएको म्याद कानूनसम्मत रहे भएको मान्न सकिने अवस्था नरहने।

तसर्थ, निवेदिकाको वास्तविक वतन काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ७ देखिएको अवस्थामा काठमाडौं जिल्ला अदालतबाट यी निवेदिका बिन्दा ढुंगेलका नाममा ७ (सात) दिने म्याद जारी भएको र उक्त म्याद मिति २०६९।०६।३१ मा काठमाडौं महानगरपालिका वडा नं. ४ मा तामेल भएको देखिँदा उक्त तामेली म्याद र सोपश्चात् भएको पक्राउ आदेश तथा पक्राउ पुर्जीसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब, निवेदिकाको कानून व्यवसायीसँग आवश्यक समन्वय गरी निवेदिका बिन्दा ढुंगेलका नाउँको म्याद अड्डैको रोहबरमा तामेल गरी गराई फैसला कार्यान्वयनको कारबाही अगाडि बढाउनु भनी काठमाडौं जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : दामोदर घिमिरे

कम्प्युटर - प्रेमबहादुर थापा

इति संवत् २०८० साल वैशाख ०६ गते रोज ४ शुभम्।

**३९**

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-RB-०६८१, बैंकिङ कसुर, नेपाल सरकार वि. बिमकला राई*

प्रस्तुत मुद्दाका तथ्यहरूलाई विश्लेषण गर्दा प्रतिवादी बिमकला राईले आफ्नो खातामा पर्याप्त रकम नभएको कुरा जानकारी हुँदाहुँदै आफैँले दस्तखत गरी चेक काटी उक्त चेकको भुक्तानी हुन नसकेकोले सो काम कारबाहीउपर जाहेरी परी प्रस्तुत मुद्दाको उठान भएको देखिँदा प्रस्तुत मुद्दा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम वादी नेपाल सरकार भई चल्ने नै देखिने।

अतः प्रस्तुत मुद्दा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम नेपाल सरकार वादी भई चल्न सक्ने देखिँदा प्रस्तुत मुद्दामा अभियोगदाबी लिएबमोजिमको कार्यको सन्दर्भमा विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७(२) आकर्षित हुने भनी प्रतिवादी बिमकला राईले बैंकिङ कसुर मुद्दाको अभियोगदाबीबाट सफाइ पाउने ठहऱ्याई उच्च अदालत विराटनगरबाट मिति २०७५।०७।१२ मा भएको फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ। अब यसमा थप प्रमाण बुझ्नुपर्ने भए बुझ्नेलगायत अरू जे जसो प्रक्रिया पूरा गर्नुपर्ने हो पूरा गरी शीघ्र कारबाही किनारा गर्नु भनी उपस्थित पक्षलाई तारेख तोकी सुरू मिसिल उच्च अदालत विराटनगर पठाइदिने।

इजलास अधिकृत : मेजुमी गुरूङ

इति संवत् २०७९ माघ ०४ गते रोज ४ शुभम्।

### ४०

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-RB-०६६१, बैंकिङ कसुर, नेपाल सरकार वि. सरस्वतिदेवी चन्द*

प्रस्तुत मुद्दाका तथ्यहरूलाई विश्लेषण गर्दा प्रतिवादी सरस्वतिदेवी चन्दले आफ्नो खातामा पर्याप्त रकम नभएको कुरा जानकारी हुँदाहुँदै आफैँले दस्तखत गरी चेक काटी उक्त चेकको भुक्तानी हुन नसकेकोले सो काम कारबाहीउपर जाहेरी परी प्रस्तुत मुद्दाको उठान भएको देखिँदा प्रस्तुत मुद्दा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४बमोजिम वादी नेपाल सरकार भई चल्ने नै देखिने।

अतः बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम नेपाल सरकार वादी भई चल्न सक्ने देखिँदा प्रस्तुत मुद्दामा अभियोगदाबी लिएबमोजिमको कार्यको सन्दर्भमा विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७(२) आकर्षित हुने भनी प्रतिवादीले बैंकिङ कसुर मुद्दाको अभियोगदाबी खारेज हुने ठहर्‍याई उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७५।०८।१९ मा भएको फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ। अब यसमा थप प्रमाण बुझ्नुपर्ने भए बुझ्नेलगायत अरू जे जसो प्रक्रिया पूरा गर्नुपर्ने हो पूरा गरी शीघ्र कारबाही किनारा गर्नु भनी उपस्थित पक्षलाई तारेख तोकी सुरू मिसिल उच्च अदालत दिपायल, महेन्द्रनगर इजलास पठाइदिने।

इजलास अधिकृत : मेजुमी गुरूङ

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ माघ ०४ गते रोज ४ शुभम्।

### ४१

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.श्री नहकुल सुवेदी**, *०७४-CR-०४८९, ०७४-CR-१२८४, मानव बेचबिखन तथा ओसारपसार, देवेन्द्र वि.क. भन्ने दिपककुमार वि.क. वि. नेपाल सरकार, नेपाल सरकार वि. देवेन्द्र वि.क. भन्ने दिपककुमार वि.क.समेत*

प्रतिवादीले पीडितलाई वैदेशिक रोजगारीकै लागी लगेको भए प्रस्तुत कुरा कसैलाई नभन्नु भनी विभिन्न प्रलोभन देखाई भारतको बम्बई लैजानुपर्ने अवस्था देखिँदैन । प्रतिवादीले पीडितको साथमा राहदानी (पासपोर्ट) भएको भन्नेसम्म तथ्य खुलाउन सकेको देखिँदैन। वैदेशिक रोजगारीको कामसमेत गर्छु भनी दाबी लिएका प्रतिवादीले पीडितको भिसा आएको भनिएकोमा सो भिसा आए नआएको यकिन गरेको वा टिकट र वैदेशिक रोजगार व्यवस्थापनका लागी आवश्यक कागजात तयार गरेको भन्ने पनि देखिन आउँदैन । ती कागजातहरूको अभावमा वैदेशिक रोजगारीमा साउदी अरब जान सम्भव नहुने कुराको पूर्ण ज्ञान भएका यी प्रतिवादीले अन्जान व्यक्तिको साथ लगाई पीडितलाई दिल्ली पठाउने र सोबापत आफूले रकम बुझेकोसमेत स्वीकार गरेको अवस्थामा उक्त रकम रोजगारदाताले दिएको कमिसनबापतको रकम रहेछ भनी मान्न मिल्ने नदेखिएबाट प्रतिवादीले पीडितलाई बेचबिखन गरी रकम बुझेको पुष्टि हुने।

प्रतिवादीको इन्कारी बयानलाई मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाण र वारदातको स्थितिसमेतबाट समर्थित भएको हुनुपर्दछ। प्रतिवादीले पीडितलाई भारतको बम्बईस्थित अमूक व्यक्तिकोमा लगी छाडेको र सोबापत रकम बुझिलिएको स्पष्ट भएको अवस्थामा पीडित १ वर्ष ९ महिना दिल्लीको वेश्यालयमा नारकीय जीवन बिताई निजलाई सोबाट उद्धार गरी फर्की प्रतिवादी विरूद्ध जाहेरी दर्ता भएपछि आफूले पीडितलाई वैदेशिक रोजगारीको लागि भारतमा छाडीआएको भनी लिएको प्रतिवादीको जिकिर मिसिल प्रमाण र वारदात परिस्थितिबाट समेत समर्थित हुन आएन। यस स्थितिमा प्रतिवादीको इन्कारी बयानलाई निरपेक्ष रूपमा निर्दोषिताको आधार प्रमाणका रूपमा ग्रहण गर्न नमिल्ने

अर्का प्रतिवादी गंगामाया बि.क. को हकमा

विचार गर्दा निजउपर मुख्य गरी सहअभियुक्त दिपककुमार बि.क.ले पोल गरेको देखिन आउँछ। सोही पोलको आधारमा यी प्रतिवादीलाईसमेत अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने नेपाल सरकारको पुनरावेदन जिकिर भए तापनि प्रतिवादी दिपककुमार बि.क. ले आरोपित कसुरमा साबित भइ यी प्रतिवादीलाई पोल गरेको नभई आफू आरोपित कसुरमा इन्कार रही इन्कारीको सिलसिलामा नै यी प्रतिवादीलाई पोल गरेको देखिन्छ । सहअभियुक्तको पोल आफैँमा सारभूत प्रमाण होइन, यो न्याय निर्क्योल गर्न एउटा थप आधारसम्म हो । यसैलाई निश्चयात्मक प्रमाण मानी इन्साफ गरिने पनि होइन । सहअभियुक्त आफू कसुरमा साबित रही पोल गरेको र त्यस्तो पोल स्वतन्त्र प्रमाणबाट समर्थित भएमा मात्र त्यस्तो पोललाई प्रमाणको रूपमा लिन सकिनेमा सहअभियुक्त दिपककुमार बि.क आफू मुख्य कसुरमा इन्कार भई यी प्रतिवादीलाई पोल गरेको देखिँदा त्यस्तो पोललाई प्रमाणग्राह्य मान्न मिलेन। पीडितले निजउपर किटानी जाहेरी दिएको अवस्था पनि छैन । पीडितको मौकाको प्रमाणित बयान र बकपत्रमा समेत प्रतिवादी गंगामायाको नाम उल्लेख गरेको देखिएन । प्रतिवादी गंगामाया बि.क. ले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा आफूसमेत अर्का प्रतिवादी देवेन्द्र बि.क.को साथ पीडितलाई लगी भारत बम्बई गएको भनी स्वीकार गरेको भए तापनि सुरू अदालतसमक्ष गरेको बयानमा प्रतिवादी देवेन्द्र वि.क.लाई म चिन्दिनँ, मैले मेरो बहिनी पीडित M(१) लाई प्रतिवादी दिपक वि.क.को घर पुऱ्याई बम्बईसम्म लिई गएको होइन, मैले मानव बेचबिखन ओसारपसारको कसुर गरेको छैन भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको र पीडित जाहेरवालाको अदालतमा प्रमाणित बयान भएको र बकपत्रबाट प्रतिवादीको उक्त बयान समर्थित भएको देखिन्छ । अन्य मिसिल प्रमाणले समर्थन नगरेको अवस्थामा केवल प्रतिवादी दिपकुमार बि.क. को पोलको आधारमा मात्र प्रतिवादी गंगामाया वि.क लाई आरोपित कसुरको कसुरदार कायम गर्न मिल्ने नदेखिँदा निजलाई समेत अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर स्थापित हुनसक्ने अवस्था नदेखिने।

प्रतिवादी देवेन्द्र भन्ने दिपककुमार बि.क आरोपित कसुरमा इन्कारी रहेको भए तापनि आफूले पीडित जाहेरवालालाई विदेश पठाइदिने भनी भारतको बम्बईसम्म लगेको र सोबापत रू.५०,०००।– (पचास हजार रूपियाँ) बुझिलिएको तथ्यलाई स्वीकार गरेको, पीडितले आफूलाई प्रतिवादीले झुक्याई भारतमा लगी बिक्री गरी वेश्यावृत्ति गर्न बाध्य पारेको भनी किटानी जाहेरी दिएको, निजको मौकाको प्रमाणित बयान र अदालतमा गरेको बकपत्रसमेतबाट सो जाहेरी बेहोरा समर्थित भएको तथा प्रतिवादीले आफूले पीडितलाई बिक्री गर्न नभई वैदेशिक रोजगारीको लागि भारतको बम्बईमा लगेको र सोबापत कमिसन रकम बुझेको भनी लिएको जिकिर मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन नसकेकोले प्रतिवादी देवेन्द्र भन्ने दिपककुमार वि.क. लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा ४(१)(क) को कसुरमा ऐ. को दफा १५(१)(क) बमोजिम बिस वर्ष कैद र रू. दुई लाख जरिवाना हुने र अर्का प्रतिवादी गंगामाया बि.क.उपरको सहअभियुक्तको पोल मिसिल संलग्न अन्य प्रमाणबाट समर्थित नभएकोले आरोपित कसुरबाट सफाइ पाउने ठहराएको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला मनासिब देखिँदा अन्यथा गर्नुनपर्ने।

तसर्थ, प्रतिवादी देवेन्द्र भन्ने दिपककुमार बि.क.लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४ (१) (क) बमोजिमको कसुरमा ऐ. को दफा १५(१) (क) बमोजिम २० (बिस) वर्ष कैद र रू २,००,०००।– (दुई लाख रूपियाँ) जरिवाना हुने तथा प्रतिवादीले

पीडित परिवर्तित नाम M(१) लाई सोही ऐनको दफा १७बमोजिम रू.१,००,०००।– (एक लाख रूपियाँ) क्षतिपूर्ति भराइदिने र अर्का प्रतिवादी गंगामाया बि.क. ले आरोपित कसुरबाट सफाइ पाउने ठहराएको सुरू झापा जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७३।०९।०४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- निराजन शर्मा

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०८० वैशाख २१ गते रोज ५ शुभम्।

**४२**

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.डा.श्री नहकुल सुवेदी**, *०७६-CR-०८३८, खोटा चलन, नेपाल सरकार वि. रामानन्दप्रसाद राउत कुर्मीसमेत*

मिसिलबाट बरामदित नोटहरू जालीनोट रहेको तथ्य स्थापित भए तापनि यिनै प्रतिवादीहरूले उक्त वाहिडा नोट छापेको भन्ने मिसिलबाट देखिन आउँदैन । बाहिडा नोट बरामद हुँदाका अवस्थामा प्रतिवादीहरूबाट नोट बाहिडा छाप्ने मेसिन आदि बरामद भएको देखिँदैन । जालीनोट बिक्री गरेका भनिएका प्रतिवादी प्रमोदराज पटेलले मौकामा तथा अदालतमा बयान गर्दा नोट बाहिर छपाएको कसुरमा इन्कारी बयान गरेको देखिन्छ। बरामदित बाहिडा नोट को कसले कहाँ कसरी छापेको हो ? त्यसको स्रोत के हो ? भन्ने सम्बन्धमा वादी नेपाल सरकारको तर्फबाट गहिरो अनुसन्धान भएको पनि मिसिलबाट देखिएन । कानूनले बाहिडा नोट छाप्ने कार्य र त्यस्तो नोटको प्रचलनलाई छुट्टाछुट्टै कसुर भनी परिभाषित गरेकोमा अनुसन्धानबाट बाहिडा नोट यो यसले यो यस रीतले छापेको भनी वादी पक्षले स्पष्ट दाबी लिनसमेत नसकेको अवस्थामा जालीनोट प्रयोग गरेका यी प्रतिवादीहरूलाई बाहिडा नोट छाप्ने, टक मार्ने कसुरमा समेत संलग्न रहेको भनी पुष्टि हुन सकेको नदेखिने।

प्रतिवादीहरू ध्रूवप्रसाद चौहान, नरेशप्रसाद चौहान, श्रीनिवासप्रसाद चौहान, प्रमोदराज पटेल र देवलाल दासले बरामदित जालीनोट प्रयोग गरेकोसम्म देखिँदा निजहरूलाई सुरू जिल्ला अदालतबाट मुलुकी ऐन, खोटा चलनको महलको १८ नं. को कसुरमा ऐ. १८ नं. बमोजिम गरेको सजाय सदर गरेको उच्च अदालतको फैसला मनासिब देखिँदा अन्यथा गर्नु नपर्ने।

तसर्थ, सुरू जिल्ला अदालतबाट सबै प्रतिवादीहरूलाई मुलुकी ऐन, खोटा चलनको महलको १८ नं. बमोजिम जनही रू. १०० (एक सय) जरिवाना हुने तथा बरामद भएको ना. ४ प ९७९५ नम्बरको मोटरसाइकल र बरामद भएको जाली नोटसमेत जफत हुने ठहर्‍याई मिति २०७३।०२।२५ मा भएको फैसला केही उल्टी गरी प्रतिवादीहरू देवलाल दास, धुरी धुरूप भन्ने ध्रूबप्रसाद चौहान, नरेशप्रसाद चौहान, श्रीनिवासप्रसाद चौहान र प्रमोदराज पटेलको हकमा सुरू फैसला सदर गरी प्रतिवादी रामानन्दप्रसाद राउत कुर्मीको अभियोग दाबी पुग्न नसक्ने भई निजले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७५।०७।१३ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : ललित सापकोटा

इति संवत् २०८० साल पुस २५ गते रोज ४ शुभम्।

## इजलास नं. ११

४३

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७८-WO-१०२१, उत्प्रेषण/ परमादेश, विकासकुमार अग्रवाल वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदक विकासकुमार अग्रवालले निवेदन साथ पेस गरेको निवेदकका बुबा रमेशकुमार अग्रवालको

नागरिकताको प्रतिलिपि हेर्दा निज रमेशकुमार अग्रवालले मिति २०६३।११।१ मा जिल्ला प्रशासन कार्यालय, कलैया बाराबाट जन्मको आधारमा ना.प्र.नं. ३३३०५५/१०४२ को नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । निवेदकको जन्मदर्ता प्रमाणपत्रमा बुबाको नाम रमेशकुमार अग्रवाल तथा आमाको नाम ममतादेवी अग्रवाल र निवेदकले प्राप्त गरेको नेपाल सरकार, राष्ट्रिय परीक्षा बोर्डको चारित्रिक प्रमाणपत्र तथा जन्मदर्ता प्रमाणपत्रसमेतमा यी निवेदकको जन्म मिति २०६१।०१।३१ रही नेपाली नागरिकता पाउने उमेर पुगिसकेको भन्ने देखिन आउँछ । जिल्ला प्रशासन कार्यालय, कलैया बाराबाट च.नं.५०१७, मिति २०७७।०८।२१ मा जारी भएको पत्रमा कलैया उपमहानगरपालिका ४ नं. वडा कार्यालयको च.नं.४१२ मिति २०७७।०८।१४ को सिफारिसलाई उद्धृत गर्दै बाबुको नाम रमेशकुमार अग्रवाल रहेको र निजको वतन बारा जिल्ला, कलैया उपमहानगरपालिका वडा नं. ४ रहेको भन्ने उल्लेख गरेबाट समेत यी निवेदक विकाशकुमार अग्रवाल जन्मसिद्धका आधारमा नेपाली नगरिकता प्रमाणपत्र प्राप्त गरेका नेपाली नागरिकका छोरा रहेको भन्ने देखिन्छ । निवेदकका बुबाको स्थायी वतन बारा जिल्ला, कलैया उपमहानगरपालिका वडा नं.४ रहेको र निजले जन्मसिद्धका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिएको देखिएकोमा सो अन्यथा हो भन्ने कुरा विपक्षीहरूको लिखित जवाफबाट देखिँदैन । निवेदकको जन्म दर्ताको प्रमाणपत्र, शैक्षिक प्रमाणपत्र तथा निजको बुबा रमेशकुमार अग्रवालको नागरिकताको प्रमाणपत्रबाट निवेदकको जन्म नेपालमा नै भएको र स्थायी ठेगानासमेत बारा जिल्ला, कलैया उपमहानगरपालिका वडा नं.४ रहेको देखिई निज निवेदक नेपाली नागरिक रहेको भन्ने देखिने ।

निवेदक विकाशकुमार अग्रवालका बुबाले जन्मसिद्धका आधारमा नेपाली नागरिकता प्राप्त गरेको देखिएको, निजहरू नेपालमा स्थायी रूपमा बसोबास गरेको देखिएको र यी निवेदक १६ वर्ष उमेर पूरा भएका नेपाली नागरिक देखिएको अवस्थामा निवेदकलाई नागरिकताको प्रमाणपत्र प्रदान गर्नका लागि जिल्ला प्रशासन कार्यालय, बारामा सिफारिस गर्नुपर्नेमा हाल जन्मसिद्धको आधारमा नागरिकता प्राप्त गरेकाको सन्तानलाई नागरिकता दिन अदालतले नै रोक लगाएको भनी सिफारिस प्रदान नगरी दरपिठ गरेको बारा जिल्ला, कलैया उपमहानगरपालिकाको ४ नं. वडा कार्यालयको मिति २०७८।०७।१२ को आदेश/निर्णय कानूनसम्मत नदेखिएकाले उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब, नेपालको संविधान, नेपाल पक्ष रहेका सन्धिहरू, यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूसमेतका आधारबाट निवेदकको जन्मदर्ताको प्रमाणपत्र तथा शैक्षिक प्रमाणपत्र र निजका बुबाले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रसमेतका आधारमा र अन्य सम्बद्ध प्रमाण हेरी निवेदक विकाशकुमार अग्रवाललाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु गराउनु भनी जिल्ला प्रशासन कार्यालय, बारासमेतका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : दामोदर घिमिरे

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल फाल्गुण १७ गते रोज ४ शुभम् ।

## ४४

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७७-WO-०८७३, उत्प्रेषण, सोनुकुमार वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदक सोनु कुमारले निवेदनसाथ पेस गरेको निवेदकका बुबा सुरेन्द्रकुमार कुशवाहाको नागरिकताको प्रतिलिपि हेर्दा निज सुरेन्द्रकुमार कुशवाहाले मिति २०६३।११।१५ मा जिल्ला प्रशासन कार्यालय, कलैया, बाराबाट जन्मको आधारमा ना.प्र.नं. ३३३०४५/९५ को नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । निवेदकको जन्मदर्ता

प्रमाणपत्रमा बुबाको नाम सुरेन्द्रकुमार कुशवाहा तथा आमाको नाम योजनादेवी रहेको र निवेदकले प्राप्त गरेको Purbanchal Secondary School, Anarmani, Birtamod, Jhapa को चारित्रिक प्रमाणपत्रसमेतका शैक्षिक प्रमाणपत्रहरूमा यी निवेदकका बुबाको नाम सुरेन्द्रकुमार कुशवाहा उल्लेख भएको पाइन्छ। जिल्ला प्रशासन कार्यालय, कलैया, बाराबाट च.नं.१५६१ मिति २०७६।०५।०९ मा जारी भएको पत्रमा महागढीमाई नगरपालिका २ नं. वडा कार्यालयको च.नं.१८१ मिति २०७६।०५।०९ को सिफारिसलाई उद्धृत गर्दै बुबाको नाम सुरेन्द्रकुमार कुशवाहा रहेको र निजको वतन बारा जिल्ला, साबिक वरियारपुर गा.वि.स. वडा नं.७ हाल परिवर्तित महागढीमाई नगरपालिका वडा नं.२ रहेको भन्ने उल्लेख गरेबाट समेत यी निवेदक सोनुकुमार जन्मसिद्धका आधारमा नेपाली नगरिकता प्रमाणपत्र प्राप्त गरेका नेपाली नागरिकका छोरा रहेको भन्ने देखिने।

निवेदकका बुबाको स्थायी वतन बारा जिल्ला, साबिक वरियारपुर गा.वि.स. वडा नं. ७ हाल परिवर्तित महागढीमाई नगरपालिका वडा नं. २ रहेको भन्ने तथ्य स्थापित भएको छ भने निवेदकका बुबाले जन्मसिद्धका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिएको देखिएकोमा सोलाई विपक्षीहरूले समेत अन्यथा भन्न सकेको देखिँदैन । निवेदक बुबाको सँगसाथमा नै रहेको अवस्थामा त्यस्ता नेपाली नागरिकका सन्तानले नागरिकता माग गरिरहेको अवस्थामा त्यसलाई अनदेखा गरी व्यवधान खडा गरिएमा नेपाली नागरिकसरहको समानताको हक, उच्च शिक्षा हासिल गर्ने तथा रोजगारी प्राप्त गर्ने एवम् बसोबासको चयन गर्ने हकमा अवरोध पुग्न जाने।

निवेदकको जन्मदर्ता प्रमाणपत्र तथा शैक्षिक प्रमाणपत्रहरू तथा जिल्ला प्रशासन कार्यालय, कलैया, बाराबाट च.नं.१५६१ मिति २०७६।०५।०९ मा जारी भएको पत्रबाटसमेत यी निवेदक नेपाली नागरिक भएको र निजका बुबाले जन्मसिद्धको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिएबाट निवेदकलाई नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न कुनै बाधा अड्चन नरहे नभएको अवस्थामा पनि नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा छलफलको क्रममा रहेको र उक्त विधेयक ऐनको रूपमा आएपछि ऐनले तोकेको सर्त, मापदण्ड र प्रक्रिया पूरा गरेको अवस्थामा निवेदकले कानूनबमोजिम नागरिकता प्राप्त गर्न सक्ने भनी विपक्षी नेपाल सरकार, गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय बाराले निजलाई नेपाली नागरिकताको प्रमाणपत्र दिन इन्कार गरेको कार्य नेपालको संविधानको धारा ११ को उपधारा (१)(२), धारा १२ तथा धारा ३८(१) मा भएको संवैधानिक व्यवस्थाअनुरूपको भन्न नमिल्ने।

निवेदक सोनुकुमारका बुबाले जन्मसिद्धका आधारमा नेपाली नागरिकता प्राप्त गरेको देखिएको, निजहरू नेपालमा स्थायीरूपमा बसोबास गरेको देखिएको र यी निवेदक १६ वर्ष उमेर पूरा भएका नेपाली नागरिक देखिएकाले नेपालको संविधान, नेपाल पक्ष रहेका सन्धिहरू, यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूसमेतका आधारबाट निवेदकको जन्मदर्ताको प्रमाणपत्र तथा शैक्षिक प्रमाणपत्र र निजका बुबाले प्राप्त गरेको नेपाली नागरिकतालगायतका अन्य सम्बद्ध कागजात हेरी निवेदक सोनु कुमारलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु गराउनु भनी जिल्ला प्रशासन कार्यालय, बारासमेतका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : दामोदर घिमिरे

कम्प्युटर - प्रेमबहादुर थापा

इति संवत् २०७९ साल फागुन १७ गते रोज ४ शुभम्।

**४५**

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७०-CI-१०९४, ०७०-CI-१२२४, ०७१-*

*CI-११६२, हक कायम दर्ता, चन्द्रबहादुर मल्ल वि. सुनैयना श्रेष्ठसमेत, सुनैयना श्रेष्ठ वि. गंगादेवी माथेमा, जयन्तीकुमारी कसजु वि. गंगादेवी माथेमा समेत*

साबिक कि.नं. १५२९ को ०-१-१२१/२ जग्गा सहरी नापी हुँदा नरघटी भई कि.नं. १५ को ०-१-७-३ कायम हुन आएको जग्गाको सम्बन्धमा कायम जग्गाको क्षेत्रफलभन्दा पनि बढी हुने गरी यिनै वादी प्रतिवादीहरू गंगादेवी माथेमा, चन्द्रबहादुर मल्ल, लिलादेवी मल्ल, सुनैयना श्रेष्ठ, जयन्तीदेवी कसजु गरी पाँचै जनाको आ-आफ्नो दाबी परी विवादको उठान भएको देखिने।

प्रतिवादीहरूको लिखत पारित भएपछिको मितिमा गंगादेवी माथेमाको लिखत पारित भएको देखिए तापनि सो सम्बन्धमा गंगादेवी माथेमाको फिराद परी अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा यी प्रतिवादीहरूले लिखत गरी लिएको देखिँदा गंगादेवी माथेमाकै लिखत जेठो मान्नुपर्ने।

यसै विवादित जग्गाकै सम्बन्धमा आफ्नो हक दाबी गर्दा गंगादेवी माथेमाले बकसपत्र लिखत पारित मुद्दामा सर्वोच्च अदालतबाट मिति २०५०।११।११ मा भएको फैसलाको उल्लेखनसमेत गरेको देखिन्छ। अर्कोतर्फ प्रतिवादीहरूले नापी कार्यालय जनकपुरबाट मिति २०४७।०८।२६ मा भएको निर्णयलाई आफ्नो दाबीको आधारसमेत लिएको देखिन्छ। सो सम्बन्धमा नापी कार्यालय जनकपुरबाट मिति २०४७।०८।२६ को निर्णय हेर्दा, सर्वोच्च अदालतबाट २०४१ सालको दे.पु.नं. ५५६ को मुद्दामा मिति २०४३।०८।१६ मा भएको फैसलानुसार साबिक कि.नं. १५२९ को जग्गामध्ये ०-०-६-० जग्गामा अयोध्यादेवी माथेमाको हक पुग्ने, ०-०-१०-२ जग्गामा चन्द्रबहादुर मल्लको हक पुग्ने, ०-०-४-० जग्गामा लिलादेवी मल्लको हक पुग्ने तथा ०-०-८-० जग्गामा सुनैयना श्रेष्ठको हक पुग्ने र गंगादेवी माथेमाको दाबी नपुग्ने भनी उल्लेख भएको देखिन्छ । अर्कोतर्फ, वादी गंगादेवी माथेमा समेत प्रतिवादी अयोध्यादेवी माथेमा समेत भएका बकसपत्र लिखत पारित तथा लिखत बदर मुद्दाहरू परी अदालतबाट फैसलासमेत भएको पाइन्छ । उक्त मुद्दाहरूमा सर्वोच्च अदालतबाट भएका फैसलाहरू अध्ययन गर्दा, २०४१ सालको दे.पु.नं. ५५६ को बकसपत्र लिखत पारित मुद्दा र २०४१ सालको दे.पु.नं. ५५७ को लिखत बदर मुद्दाहरू मिति २०४३।०८।१६ मा फैसला हुँदा वादी दाबी खारेज हुने ठहर भएकोमा तत्पश्चात् तत्कालीन श्री ५ महाराजधिराजबाट हुकुम प्रमाङ्गीपश्चात् सोही मुद्दाहरूमा पुनः इन्साफ हुँदा, २०४६ सालको दे.पु.नं. ५४९ को बकसपत्र लिखत पारित मुद्दामा मिति २०५०।११।११ मा फैसला हुँदा वादी दाबीबमोजिम लिखत पारित हुने ठहर भएको पाइने।

साबिक कि.नं. १५२९ को हाल नापी हुँदा नरघटी भई कायम भएका कि.नं. १५ को ०-१-७-३ जग्गामध्ये आधा जग्गा अर्थात् ०-०-१३-३१/२ क्षेत्रफलको जग्गामा यी पुनरावेदक वादीको हक स्थापित हुने र बाँकी आधा जग्गा अर्थात् ०-०-१३-३१/२ क्षेत्रफलको जग्गामा यी प्रतिवादीहरूका दाता अयोध्यादेवी माथेमाको हक स्थापित हुने देखिँदा पारित लिखतबमोजिमको क्षेत्रफलको अनुपातको आधारमा दाताको हकको जग्गा मात्र प्रतिवादीहरूको नाउँमा हक स्थापित हुने देखिन्छ। कि.नं. १५ को उक्त जग्गामध्ये गंगादेवी माथेमाको हकमा ०-०-१३-३१/२ जग्गा गएपछि ०-०-१३-३१/२ जग्गा बाँकी रहन जाने हुन्छ। उक्त बाँकी रहेको जग्गामध्ये लिलादेवी मल्लको हकमा ०-०-२; चन्द्र बहादुर मल्लको हकमा ०-०-५-३१/२ सुनैयना श्रेष्ठको हक ०-०-३ र जयन्ती कुमारी कसजुको हक ०-०-३ कायम हुँदा उक्त बाँकी सबै जग्गा बाँडिन जाने हुन्छ। तर उक्त समुच्चा जग्गामध्ये अयोध्यादेवी माथेमाले प्रतिवादीमध्ये लिलादेवी मल्ललाई ०-०-४, चन्द्रबहादुर मल्ललाई ०-०-१४१/२, सुनैयना श्रेष्ठलाई ०-०-८ र जयन्ती कुमारी

कसजुलाई ०-०-६ गरी जम्मा ०-१-१२१/२ क्षेत्रफल जग्गा हरिमाया माथेमाको हिस्सासमेत एकलौटी रूपमा हक हस्तान्तरण गरेको कार्यलाई कानूनसम्मत भएको भन्न नमिल्ने ।

विवादित कि.नं. १५ को ०-१-७-३ जग्गामध्ये आधा अर्थात् ०-०-१३-३१/२ जग्गा हरिमाया माथेको हकको र आधा अर्थात् ०-०-१३-३१/२ जग्गा अयोध्यादेवी माथेमाको हकको देखिँदा वादी दाबी नपुग्ने ठहर गरेको सुरू धनुषा जिल्ला अदालतको मिति २०६८।०९।०८ को फैसला उल्टी गरी दाता हरिमाया माथेमाको हकको उक्त ०-०-१३-३१/२ जग्गा निज दाताले गिरिदिएको शेषपछिको बकसपत्रबमोजिम उक्त ०-०-१३-३१/२ जग्गामा गंगादेवी माथेमाको हक तथा दाता अयोध्यादेवी माथेमाको हकको उक्त ०-०-१३-३१/२ जग्गामध्ये निज दाताले गरिदिएको हालैदेखिको बकसपत्र/राजीनामा/अष्टलोह बकसपत्रको लिखतबमोजिम क्षेत्रफलको अनुपातको आधारमा ०-०-२ जग्गामा लिलादेवी मल्लको हक, ०-०-५-३१/२ जग्गामा चन्द्रबहादुर मल्लको हक, ०-०-३ जग्गामा सुनैयना श्रेष्ठको हक र ०-०-३ जग्गामा जयन्ती कुमारी कसजुको हक कायम भई दर्तासमेत हुने ठहर गरी तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।०५।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०८० साल वैशाख १९ गते रोज ३ शुभम्।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-CI-१०९२, ०७०-CI-१२२३, ०७१-CI-११६१, हक कायम दर्ता, चन्द्रबहादुर मल्ल वि. सुनैयना श्रेष्ठसमेत, सुनैयना श्रेष्ठ वि. चन्द्रबहादुर मल्ल, जयन्तीकुमारी कसजु वि. चन्द्रबहादुर मल्लसमेत
- ०७०-CI-१०९३, ०७०-CI-१२२५, ०७१-CI-११६०, हक कायम दर्ता, चन्द्रबहादुर मल्ल वि. सुनैयना श्रेष्ठसमेत, सुनैयना श्रेष्ठ वि. चन्द्रबहादुर मल्लसमेत, जयन्तीकुमारी कसजु वि. गंगादेवी माथेमा समेत

४६

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७२-CI-०११७, लेनदेन, रामसेवक महतो कोइरी वि. सुनिलकुमार चौधरी*

मुद्दाको फैसला कार्यान्वयनको कारबाही चली बिगो भरिभराउको सिलसिलामा मिति २०७१।१२।११ मा डाँक लिलाम सम्पन्नसमेत भइसकेको देखिन्छ । बिगो भरिभराउको प्रक्रियामा यी पुनरावेदकसमेत सरिक भई जायजात, तायदात र मूल्याङ्कन मुचुल्का हुँदा सो मुचुल्काहरू बदरको लागि पटक पटक निजको तर्फबाट निवेदनसमेत परेको देखिन्छ । अपुताली खाएको होइन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर देखिए तापनि मिति २०६१।०३।३१ को बन्डा पत्रमा बाबु महादेवको भागमा परेको कि.नं. १५७१ को क्षे. ०-१-१५ जग्गा यी प्रतिवादी रामसेवक महतो कोइरीको नाममा कायम भई सोही जग्गाबाट मिति २०७१।१२।११ मा क्षे. ०-०-१९१/२ जग्गा डाँक लिलाम भई सन्तोष राउतले सकार गरेकोसमेत देखिन्छ । यस तथ्यबाट यी पुनरावेदकले निजका पिता महादेवको अपुताली लिए, खाएको पुष्टि भइरहेको देखिने ।

अंशबन्डाको लिखतमा यी पुनरावेदकका बुबाको भागमा परेको कि.नं. १५७१ को क्षे. ०-१-१५ जग्गा यी पुनरावेदक रामसेवक महतो कोइरीको नाममा कायम भई उक्त जग्गामध्ये पश्चिमतर्फको क्षे. ०-०-१९$^{१}/_{२}$ जग्गाबाट डाँक लिलाम सकार भई बिगो भराउने कार्य भएबाट पिता महादेव महतो कोइरीले वादी सुनिलकुमार चौधरीसँग मिति २०६६।०८।०५ का दिन

कपाली तमसुक गरी लिएको ऋण रू.१,३४,३६४।– समेत यी प्रतिवादीले तिर्नुपर्ने गरी वादी दाबी अनुसारको साँवा, ब्याज रकम यी पुनरावेदक प्रतिवादीबाट वादीले भराइलिन पाउने ठहर गरेको सुरू फैसला सदर हुने ठहर गरी तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला कानूनसम्मत रहेको देखिँदा अन्यथा गरिरहनपर्ने नदेखिने।

वादी दाबी अनुसारको साँवा, ब्याज रकम यी पुनरावेदक प्रतिवादी रामसेवक महतो कोइरीबाट वादी सुनिलकुमार चौधरीले भराइलिन पाउने ठहर गरेको सुरू धनुषा जिल्ला अदालतको मिति २०६९।११।२० को फैसला सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।०८।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल वैशाख १९ गते रोज ३ शुभम्।

४७

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७५-CR-०३०९, बहुविवाह, नेपाल सरकार वि. जयराम छत्कुली*

प्रतिवादी जयराम छत्कुलीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा अभियोग दाबीबमोजिमको कसुरमा साबिती रही बयान गरे तापनि अदालतमा आफूले दोस्रो विवाह नगरेको, आफू एक्लै क्वाटरमा बस्ने भएकोले भाँडा माझ्न आउने बहिनीलाई देखेर आफ्नी श्रीमतीले जाहेरी दिएको भनी कसुरमा इन्कार रहेको पाइन्छ । जाहेरवाली ज्ञानकुमारी छत्कुलीले पनि आफ्नो श्रीमान्‌को क्वाटरमा आउँदा त्यहाँ एक जना महिलालाई देखेर आफ्नो श्रीमान्‌ले अर्को श्रीमती ल्याएको हो. कि भनेर शङ्का लागेर जाहेरी दिएकी थिएँ । तर प्रतिवादी जयराम छत्कुलीले हालसम्म दोस्रो विवाह गर्नुभएको छैन। सन्जु रोकाया जयरामको पत्नी होइनन् भनी अदालतमा उपस्थित भएर बकपत्र गरेको देखिन्छ। यसरी जाहेरवाला स्वयंले शङ्काको आधारमा मात्र जाहेरी दिएको, जयराम छत्कुलीले दोस्रो विवाह नगरेको भनी अदालतमा बकपत्र गरेबाट प्रतिवादी जयराम छत्कुलीले बहुविवाह गरेको पुष्टि हुन नसक्ने।

जाहेरवालीले सुरू जिल्ला अदालतमा २ थान फोटो पेस गरेकोमा उक्त फोटोमा भएको व्यक्ति मेरो फोटो पेस गरी मलाई बेइज्ती गरेको भनी रमा सापकोटा भन्ने व्यक्तिले मकवानपुर जिल्ला अदालतमा मिति २०६७।२।२५ मा फिराद दायर गरेकोमा उक्त फिराद मुलुकी ऐन, अ.वं. २७ नं. र जिल्ला अदालत नियमावली, २०५२ को नियम १५(३) बमोजिम जिल्ला अदालतबाट दरपिठ भएको देखिन्छ। फौजदारी मुद्दामा अभियोग दाबी पुष्टि गर्ने भार वादी पक्षमा रहेको हुन्छ । तर प्रस्तुत मुद्दामा वादीले आफ्नो अभियोग दाबी पुष्टि गर्न सकेको देखिँदैन । मिसिलबाट प्रतिवादी जयराम छत्कुलीले दोस्रो श्रीमती भनिएकी प्रतिवादी सन्जु रोकायाको अस्तित्व नै स्थापित हुन सकेको देखिँदैन। केवल शङ्काको भरमा निज प्रतिवादी जयराम छत्कुलीले बहुविवाह गरेको भनी कसुरदार ठहऱ्याउनु न्यायसङ्गत देखिँदैन । अभियुक्तउपरको कसुर स्वतन्त्र र स्पष्ट प्रमाणबाट पुष्टि हुनुपर्नेमा केवल जाहेरी, मौकाको बयान र पेस भएको फोटोको सम्बन्धमा विवाद भइरहेको अवस्थामा सोलाई आधार मानी उनाउ महिलासँग दोस्रो विवाह गरेको भनी बहुविवाह जस्तो फौजदारी कसुरमा सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तसमेत विपरीत हुने।

प्रतिवादी जयराम छत्कुलीको प्रतिवादी सन्जु रोकायसँग विवाह भएको भन्ने देखिन नआएको र सोही आधारमा प्रतिवादी जयराम छत्कुलीलेसमेत सफाइ पाउने ठहऱ्याको उच्च अदालत पाटन हेटौंडा इजलासको फैसला सदर हुने अवस्थामा सुरू जिल्ला अदालतले प्रतिवादी सन्जु रोकायलाई ठहर गरेको सजाय निजले पुनरावेदन नगरेको भनी सोतर्फ केही

नबोल्दा निजउपर ठहर भएको सजाय यथावत् रहिरहने अवस्था देखियो। सुरूले दुवै प्रतिवादीलाई कसुर ठहर गरेको र एक जना प्रतिवादीले मात्र पुनरावेदन गरेकोमा वारदात नै घटित नभएको र आरोपित कसुर नै कायम हुन नसक्ने अवस्था देखिएकोमा उच्च अदालतले नै अर्का प्रतिवादीको हकमा समेत तत्काल कायम रहेको मुलुकी ऐन, अ.बं. २०५ नं. बमोजिम सफाइ दिनुपर्नेमा निजको पुनरावेदन नपरेको भनी सोतर्फ केही बोल्न नपर्ने भनेको हदसम्म उच्च अदालत पाटन, हेटौंडा इजलासको फैसला मिलेको देखिएन। एक जना प्रतिवादीले सुरू तहमा नै पुनरावेदन नगरेको र अर्का प्रतिवादीले उच्च अदालत पाटन, हेटौंडा इजलासको फैसलाबाट सफाइ पाई पुनरावेदन गर्नुपर्ने कारण नै नभएको देखिँदा प्रतिवादीहरूको पुनरावेदन पर्ने अवस्था नभए तापनि वारदात नै कायम नभएको अवस्थामा प्रतिवादी सन्जु रोकायउपर सजाय ठहर गरेको फैसला कायम राख्नु उचित देखिएन। निजको हकमा सुरू अदालतले कायम गरेको कसुर र सजायसमेत बदर हुनुपर्ने।

प्रतिवादी जयराम छत्कुलीले बहुविवाह गरेको भन्ने तथ्ययुक्त प्रमाण पेस नभएको तथा निजउपर शङ्का र अनुमानको आधारमा मात्र जाहेरी परेको देखिन आएको अवस्थामा प्रतिवादी जयराम छत्कुलीलाई अभियोग दाबीबमोजिम सजाय हुने ठहर गरी सुरू मकवानपुर जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी प्रतिवादी जयराम छत्कुलीलाई अभियोग दाबीबाट सफाइ हुने ठहऱ्याई उच्च अदालत पाटन, हेटौँडा इजलासबाट मिति २०७४।०६।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने र अर्का प्रतिवादी सन्जु रोकायाको हकमा, प्रतिवादी जयराम छत्कुलीले बहुविवाह गरेको भन्ने बहुविवाहको वारदात नै स्थापित नभई कसुरबाट सफाइ पाएको अवस्थामा प्रतिवादी सन्जु रोकायालाई सुरू अदालतले कसुरदार ठहऱ्याएको सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०६६।०४।०२ मा भएको फैसला उल्टी गर्नुपर्नेमा केही नबोलेको उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७४।०६।२६ मा भएको फैसला प्रतिवादी सन्जु रोकायाको हकमा समेतको सुरू मकवानपुर जिल्ला अदालतको फैसला उल्टी भई अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : अनु याकामी

इति संवत् २०७९ साल मङ्सिर १३ गते रोज ३ शुभम्।